

ल[illegible]गुरु रेखा थापा
पृष्ठ ११ मा

• वर्ष १३ • अंक ६ • काठमाडौं, शुक्रबार, असार ८, २०६४ • SAPTAHIK • Nepali National Weekly • Friday, June 22, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-




तस्बिर : सुदर्शन रञ्जित/लक्ष्मी पोखरा डटकम

# पर्यटन सुन्दरीको मुकुट कुन्छाङलाई

**शिव शर्मा**

पोखरा- फूलबारी होटल एन्ड स्पामा भिन्दै चहलपहल देखिन्थ्यो। होटलको लबीलाई आयोजकहरूले आकर्षक ढंगले सजाएर स्टेजको रूप दिएका थिए। साँझको पाँच बजे प्रारम्भ हुने भनिएकाले दर्शकहरूको आगमनले लबी खचाखच भैसकेको थियो। ६.३० मा उद्घोषकद्वय रोजिन शाक्य र ऋचा थापाको रमाइलो उद्घोषणसँगै कार्यक्रमको ढोका उघ्रियो। सारंगीवादक श्यामशरण नेपाली, अफ्रिकन बाजा जिम्बेवादक विनोद कटुवाल, गीतारवादक किच चित्रकार तथा तबलावादक प्रीतम राईले 'रेसम फिरिरी' को धुनलाई फ्युजन शैलीमा प्रस्तुत गरे। त्यसैको धुनमा लस्करै आकर्षक क्याटवाकमा सुन्दरीहरू प्रकट हुँदा दर्शकहरूले ताली पड्काए।

मिस टुरिज्म क्विन इन्टरनेसनल नेपालका १४ जना सुन्दरीबीचको प्रतिस्पर्धाको पहिलो चरणमा प्रतियोगी सुन्दरीहरूले पर्यटकीय विकासको नाराका साथ आ-आफनै तरिकाले परिचय दिए। प्रायः सुन्दरी प्रतियोगिताको भीड धान्न मुस्किल भए पनि यो प्रतियोगिता सीमित दर्शकमाझ भएकाले निकै कम होहल्ला सुनियो। न्यूजविकले विश्वका सय सर्वोत्कृष्ट होटलको सूचीमा राखेको फूलबारी होटलमा समय व्यतीत गर्न आएका पर्यटक तथा होटलमा चलिरहेको ओशोको ध्यानशिविरमा सहभागी हुन आएकाहरू पनि रमाइलो मानेर कार्यक्रम हेरिरहेका थिए।

बाहिर घनघोर वर्षा भए पनि भित्र सौन्दर्य प्रतियोगिताको वातावरण र भीडले गर्मी भैरहेको थियो। जीईई अर्थात् ग्रुप अफ इभेन्ट इन्टरट्रेनर्सले दोस्रो पटक आयोजना गरेको मिस टुरिज्म क्विन प्रतियोगितामा सुरुदेखि नै दर्शकको नजरमा परेकी थिइन् प्रतियोगी नं. १ अर्थात् कुन्छाङ। आकर्षक र सुन्दर मुहारकी कुन्छाङ मोक्तानकै पक्षमा दर्शकले सुरुदेखि नै हुटिङ गरिरहेका थिए।

दर्शकको अनुमानसँगै प्रतियोगिताको टप सेभेन, टप फाइभ राउन्ड पार गरेर कुन्छाङ अन्ततः मिस टुरिज्म क्विन इन्टरनेसनल नेपाल-२००७ को मुकुट पहिरन सफल भइन्। उनलाई संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं कम्युनिस्ट नेता पृथ्वी सुब्बा गुरुङले मुकुट पहिराए। मुकुट आफनो हातमा परेको घोषणा सुन्नासाथ कुन्छाङले आफूलाई सम्हाल्न सकिनन्। उनको खुसीमा साथ दिन उनका बुबा कर्म छिरिङ लामा तथा आमा लक्ष्मी लामा पनि मञ्चमा पुगे।

मोडलिङ, र्‍याप गायन तथा पत्रकारितातर्फ रुचि राख्ने मोक्तानले गायक निर्णय श्रेष्ठसँग केही र्‍याप गीत पनि गाएकी छिन्। प्रतियोगिताको मुकुट पहिरिएपछि फुरुङ्ग पर्दै उनले भनिन्- 'अब म नेपालको पर्यटन क्षेत्रको प्रचार-प्रसारमा आफनो तर्फबाट हरप्रकारले लागिपर्नेछु।' मुख्य उपाधिसँगै मिस फोटोजेनिकको टाइटल पनि उनकै भागमा परेको थियो। प्रमुख निर्णायक नेपाल पर्यटन बोर्डका निमित्त कार्यकारी प्रमुख सुवास निरौलाले फाइनल राउन्ड अर्थात् टप फाइभमा पुगेका सुन्दरीहरूलाई सोधेको प्रश्न- 'नेपाल विश्वको एक पर्यापर्यटन गन्तव्य हो भन्ने दाबीलाई कसरी परिभाषित गर्नुहुन्छ ?' भन्ने प्रश्नमा कसैले चित्तबुझ्दो उत्तर दिन सकेका थिएनन्। केही प्रतिस्पर्धी प्रश्न सुनेपछि अलमल्ल परेका थिए। प्रतियोगितामा निरौलाका अतिरिक्त पूर्व-मिस नेपाल नीलिमा गुरुङ, पोखरा पर्यटन परिषद्का अध्यक्ष सुन्दरकुमार श्रेष्ठ, होटल व्यवसायी विप्लव पौडेल, ब्युटिसियन चिनु गुरुङ तथा पर्यटन व्यवसायी विश्वशंकर पालिखे निर्णायक थिए।

प्रतियोगितामा काठमाडौंकी सबैभन्दा अग्ली प्रतिस्पर्धी लक्ष्मी गुरुङ फस्टरनर अप भइन्। उक्त उपाधिसँगै उनले मिस पर्सनालिटीको टाइटल पनि जितिन्। पोखराबाट प्रतिस्पर्धा गर्ने एक मात्र पोखरेली सुन्दरी



२३ वर्षीया पाला गुरुङ सेकन्ड रनरअप बनिन्। राष्ट्रबैंक चोक पोखराकी पालाले सन् २००४ मा पोखरामा सम्पन्न मिस एवान क्विन पोखरामा फस्ट रनरअपको उपाधि जितेकी थिइन्। मन्त्री पृथ्वी सुब्बा गुरुङले प्रतियोगिताको उद्घाटन गर्दै

बाँकी पृष्ठ २४ मा



# वि वान्ट प्रशान्त, भोट फर प्रशान्त





**साप्ताहिक समाचार-**

'हामी प्रशान्तले इन्डियन आइडलको उपाधि जितेको हेर्न चाहन्छौं,' मंगलबार साप्ताहिक संवाददाता हात्तीवनस्थित लिटिल एन्जेल्स स्कुलको प्राङ्गणमा पुग्दा कक्षा ९ 'ए' का विद्यार्थीहरूको एक हूल चिच्याउँदै थियो- 'प्रशान्त, तिमीलाई हाम्रो लाखौंलाख शुभकामना छ, तिमी आइडल बन'। भारतीय टेलिभिजन च्यानल सोनीबाट प्रसारण भैरहेको इन्डियन आइडलको उत्कृष्ट दसभित्र पर्न सफल नेपाली मूलका दार्जीलिङे कलाकार प्रशान्त तामाङलाई अहिले लाखौं नेपालीले यसरी नै शुभकामना दिइरहेका छन्। 'मेरो नाम राखेर प्रशान्त मामालाई शुभकामना छ भनेर लेखिदिनु है,' आफूलाई प्रशान्तको भान्जा पर्ने बताइरहेका लिटिल एन्जल्सकै प्रयाग तामाङ भन्दै थिए- 'स्वरका दृष्टिकोणले मामाले जित्ने 'चान्स' धेरै छ तर हेरौं, 'भोटिङ' ले के गर्छ ?' स्कुले विद्यार्थीहरूको यो समूहले विद्यालयको सूचना पार्टीमा यी दार्जीलिङे युवाका निम्ति थुप्रै सन्देश कोरेको छ। त्यतिमात्र होइन, उनीहरूले शुक्रबार र शनिबार बेलुकीको समय इन्डियन आइडलका निम्ति छुट्याएका छन्।

नेपाली मूलका तामाङ यतिखेर भारत बस्दै आएका नेपालीहरूबीच मात्र लोकप्रिय छैनन्, उनले नेपालमा पनि त्यत्तिकै चर्चा पाएका छन्।

बाँकी पृष्ठ २४ मा

साप्ताहिक

साइबर गर्ल

सबिता



मध्यपृष्ठमा

अञ्जु

## क्यासेट

### आकर्षण




**गायिका** पूनम पन्तको नयाँ रिमिक्स संग्रह 'आकर्षण' दर्शक-श्रोतामाझ आएको छ। कालजयी गायिका तारादेवीमा समर्पित यो गीतिसंग्रहमा गायिका पन्तले काली पारी.., साँघुरी बारी..., म प्यार बेचिदिन्छु .... जस्ता सदावहार गीतलाई रिमिक्स भर्सनमा स्वरबद्ध गरेकी छिन्। संग्रहमा ११ वटा गीत समावेश छन्। संग्रहको शब्द रचना धर्मराज थापा, पूण्यप्रसाद सुवेदी, दिनेश अधिकारी, नीरा प्रसाईं, सागर, क्षेत्रप्रताप अधिकारी, तुलसी बस्नेत, अञ्जन शर्मा, दिलबहादुर श्रेष्ठको छ भने संगीत नातिकाजी, किरण कँडेल, नारायण ओली, भरत लामा र विष्णु अधिकारीको छ। संग्रहमा समावेश दुई गीतमा रामकृष्ण ढकाल तथा हिमाल सागरले गायिका पन्तलाई साथ दिएका छन्।

### सिन्धुपाल्चोक घर

**बालमजदुर** सरोकार केन्द्र (सिबिन) मा आश्रित द्वन्द्वपीडित बालबालिकाहरूको सहयोगार्थ लोकदोहोरी गीतिसंग्रह 'सिन्धुपाल्चोक घर' दर्शक-श्रोतामाझ आएको छ। गायक भक्तराज श्रेष्ठको पहिलो संग्रह सिन्धुपाल्चोक घरमा श्रेष्ठका अतिरिक्त कुमार बस्नेत, शंकरनारायण बलामी, पार्वती कार्की तथा अनिता श्रेष्ठको स्वर छ। सिनेदबु प्रा.लि.ले बजारमा ल्याएको यो संग्रहमा सिन्धुपाल्चोक घर र नेपाल काठमाडौं शीर्षकका दुई गीत सुन्न पाइन्छ।

### एगोनी




**गायक** आकाश गोर्खालीको एकल गीतिसंग्रह 'एगोनी' दर्शक-श्रोतामाझ आएको छ। श्रद्धा डिजिटल रेकर्डिङले बजारमा ल्याएको यो गीतिसंग्रहमा शब्द, संगीत र स्वर गायक गोर्खालीको छ। यसबाहेक शब्द रचना र संगीतमा अभि राई, चन्दु गोर्खाली, नगेन्द्र राई तथा अशेष डंगोलले साथ दिएका छन्। त्यस्तै एउटा गीतमा अशेष, सिवेश र किरणले फिचरिङ गरेका छन्।

## रंगमञ्च

-सर्वनाम नाट्यसमूहद्वारा गत साता राष्ट्रिय सभागृहमा नाटक 'इतिहासको बाँकी पृष्ठ' मञ्चन भयो। नाट्यकर्मी अशेष मल्लको लेखन तथा निर्देशन रहेको यो नाटकमा जनआन्दोलन-२ पछाडिको अवस्थालाई चित्रित गरिएको थियो। सर्वनाम राष्ट्रिय नाटक अभियानअन्तर्गत धनगढीबाट प्रारम्भ भएको उक्त यात्रा गत बुधबार धरानमा सोही नाटक मञ्चन गरेर सम्पन्न भएको छ। नाटचयात्राका क्रममा नाटकको विषयवस्तुमा अन्तर्क्रिया तथा चित्र कार्यशालासमेत आयोजित गरिएका थिए।

-आरोहण गुरुकुलमा भोलि शनिबारदेखि विजय तेन्दुलकरद्वारा लिखित नाटक 'जात सोध्नु जोगीको' मञ्चन हुने भएको छ। अनुप बरालको निर्देशन रहेको यो नाटकले शैक्षिक प्रणालीलाई व्यंग्य गरेको छ। नाटकमा प्रमाणपत्र बोकेर अवसरको खोजीमा हिँडेका युवा पात्रको भूमिका महत्त्वपूर्ण छ। नाटकमा सुनील पोखरेल, निशा शर्मा, सौगात मल्ल, राजकुमार पुडासैनी, मिलन कार्की आदिले अभिनय गर्नेछन्।

-सहारा नेपाल मकवानपुरको आयोजना तथा राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना केन्द्र काठमाडौंको सहयोगमा 'के म बाँच्न सक्छु' शीर्षकको सडक नाटक मञ्चन भएको छ। धुम्रपान तथा मद्यपान सेवनका कारण मानिसको जीवनमा पर्ने असरका सम्बन्धमा जनचेतना फैलाउने उद्देश्यले उक्त नाटक तयार भएको हो। श्यामप्रसाद श्रेष्ठको लेखन तथा माधव श्रेष्ठको निर्देशनको उक्त नाटकमा सुदामा शर्मा, कपिल खड्का, संगीता बस्नेत, कविता बस्नेत, माधव श्रेष्ठ, सृजना शर्मा, दीक्षा देवकोटा, प्रकृति मानन्धर आदिले अभिनय गरेका थिए।

## ग्यालरी

-वन्यजन्तुसम्बन्धी तस्बिर प्रदर्शनी बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा सम्पन्न भएको छ। गत शुक्रबार प्रारम्भ भएको उक्त प्रदर्शनीको आयोजना वन्यजन्तु संरक्षण नेपालले गरेको हो। प्रदर्शनीमा खतराको सूचीमा रहेको एकसिंगे गैंडाको तस्बिरका लागि विवेकराज मौर्यले सर्वोत्कृष्ट पुरस्कार हासिल गरेका छन्। प्रदर्शनीमा १ सय सहभागीका ३ सय भन्दा बढी तस्बिर राखिएका थिए। प्रदर्शनीमा माइक्रो फोटोग्राफीतर्फ सञ्जय लामा, दुर्लभ वनस्पतितर्फ यात्रा थुलुङ तथा भूदृश्यतर्फ विनोद राईले उत्कृष्ट पुरस्कार प्राप्त गरे।

-वरिष्ठ नाट्यकर्मी अशेष मल्लको लेखन तथा निर्देशनको 'इतिहासका बाँकी पृष्ठ' हेरेपछि चित्र कलाकारहरूले रङको प्रयोग गरेर विभिन्न क्यानभास तयार पारेका छन्। गत शनिबार बालाजुस्थित शान्ति वाटिकामा आयोजित कार्यशालामा रागिनी उपाध्याय, उत्तम नेपाली, राधेश्याम मुल्मी, मुकेश मल्ल, एरिना ताम्राकार आदि कलाकारको सहभागिता थियो। कार्यशाला सम्हालिरहेकी सम्पदा मल्लका अनुसार नाट्यसमूह सर्वनामले मुलुकका पाँचै विकासक्षेत्रमा नाटक देखाउने तथा देखाएकै ठाउँमा तयार भएका चित्रलाई एकमुस्ट असार १६ गते बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा प्रदर्शन गर्ने योजना बनाएको छ।

-काठमाडौं विश्वविद्यालयमा कला विषयमा स्नातक तह अध्ययनरत छात्रा सन्ध्या सिलवालको एकल चित्रकला प्रदर्शनी वारियो फिएस्टा नक्सालमा गत सोमवार सम्पन्न भएको छ। यात्रा शीर्षकको उक्त चित्रकला प्रदर्शनीमा आधुनिक शैलीका चित्र समावेश गरिएका थिए।

## पुस्तक

### दुई खोलीको मुहान

**गीतकार** विष्णुप्रसाद पौडेलका ५५ वटा गीतको संग्रह 'दुई खोलीको मुहान'लाई सूर्य गुरुङले प्रकाशमा ल्याएका हुन्। ७५+१७ पृष्ठमा फैलिएको यो पुस्तकको मूल्य साधारण ७५ रुपैयाँ, संस्थागत २ सय रुपैयाँ तथा विदेशमा ५ युएस डलर छ।

### काव्याञ्जली

**कवि** निर्मलकुमार रिमालका १ सय ८० वटा फुटकर कविताको संग्रह काव्याञ्जलीलाई कवि स्वयंले प्रकाशमा ल्याएका हुन्। १८०+१६ पृष्ठमा फैलिएको यो पुस्तकको मूल्य ७५ रुपैयाँ छ



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

साता त्यति राम्रो छैन। सुरुमा शत्रु एवं कुरा काट्नेहरू बढ्नेछन्। मन दुविधाग्रस्त रहनेछ। बुद्धिले काम गर्नेछैन। भाग्यले धोका दिनुका साथै स्वास्थ्यका कारण चिन्तित हुनुपर्ला। सोमबार तथा मंगलबार व्यवसाय एवं प्रशन्नता बढ्ने, यात्रा हुने अनि काममा सुधार आउने योग छ। खाँदा तथा बोल्दा होस पुऱ्याउनुहोला।

### वृष

समष्टिमा साता राम्रो छ। सुरुमा सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ। मन प्रसन्न रहनेछ। व्यवसायमा लाभ हुनेछ भने यात्रा गर्ने अवसर जुट्नेछ। भेटघाटमा रमाउन पाइनेछ। अरूबाट सहयोग हासिल हुनसक्छ। आम्दानीको तीव्रता कायमै रहनेछ। शत्रुबाट सजग रहनुहोला।

### मिथुन

ग्रह-गोचर राम्रा छन्। सुरुमा आफन्तहरूको सहयोग मिल्नेछ भने नयाँ मित्रको आगमनले मन प्रसन्न होला। अध्ययनमा सफलता मिल्नुका साथै बौद्धिकता एवं काममा रुचि बढ्नेछ। आम्दानीको तीव्रता कायमै रहनेछ। बुधबार तथा बिहीबार स्वास्थ्य गडबड रहने तथा रोग एवं शत्रु बढ्ने योग छ। खाँदा-बोल्दा विचार पुऱ्याउनुपर्ला।

### कर्कट

प्रतिस्पर्धा गर्नुपरे पनि राम्रै सफलता मिल्नेछ। प्रसन्नता एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको उचित सहयोग जुट्नेछ। सोच्ने शक्ति, धर्मकर्ममा रुचि तथा व्यवसाय बढ्ने एवं यात्रा हुने योग छ। खर्च बढे पनि लगानी उचित काममा लाग्नेछ।

### सिंह

ग्रहले साथ दिइरहेको छ। सुरुमा बोलीको प्रभाव बढ्नेछ। अरूलाई सजिलै आकर्षित गर्न सकिनेछ। प्रसन्नता एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग प्राप्त होला। खर्च बढे पनि आम्दानीको बाटो रोकिनेछैन। स्वास्थ्यको ख्याल राख्नुका साथै गोपनीयतामा जोड दिनुहोला।

### कन्या

सुरुमा मानसम्मान मिल्नेछ। भोजभतेरमा पनि संलग्न हुनुपर्ला। पराक्रम, प्रसन्नता एवं बोलीको प्रभाव बढ्नेछ। भेटघाटमा रमाइलो पनि होला। अरूले पर्याप्त सहयोग गर्नेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा लाभका साथै रमाइलो यात्रा हुनसक्छ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### तुला

सुरुमा खर्च एवं विवाद बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। अरूको काम धेरै गर्नुपर्ला। आइतबारदेखि परिश्रम गर्नुपरे पनि रोकिएका कामहरू बन्नेछन्। मानसम्मान मिल्नेछ। बोली प्रभावशाली हुनेछ। धन आर्जन हुने योग छ। अरूबाट सहयोग पनि पाउनुहोला।

### वृश्चिक

स्वास्थ्यको ख्याल राख्नुहोला। लेनदेनबाट टाढै रहनु उचित हुन्छ। विवादतिर अघि बढ्दा आफैंलाई घाटा हुनसक्छ। कुरा काट्नेहरू बढ्नेछन्। समयमा निर्णय गर्न नसक्दा आफ्नो काममा अरूले अधिकार नै जमाउन सक्छन्। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। यात्रा हुने योग छ। अध्ययनमा सफलता पाइने क्रम यथावत् रहनेछ।

### धनु

सुरुमा मानसम्मान एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन पनि हुनसक्छ। यात्रा गर्ने अवसर जुट्नेछ। धार्मिक कार्यमा मन जानेछ। भाग्यले पनि साथ दिनेछ। बुधबार तथा बिहीबार गलत विचार एवं खर्च बढ्ने देखिन्छ, स्वास्थ्य गडबड रहने तथा काममा अवरोध आउने योग पनि छ।

### मकर

सुरुमा भाग्यले साथ दिनेछ। काममा सफलता मिल्नुका साथै मानसम्मान मिल्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। अरूको विश्वास सजिलै जित्न सकिनेछ। ठूला व्यक्तिको आशीर्वाद तपाईंमाथि रहनेछ। धन आर्जन हुनसक्छ। शत्रुसित प्रतिस्पर्धा गर्नुपरे पनि तपाईंकै जित हुनेछ। अध्ययनमा पनि सफलता पाइनेछ।

### कुम्भ

सुरुमा स्वास्थ्य कमजोर रहन सक्छ। काममा अवरोध आउनाले विवादका साथै आलस्यता बढ्नेछ। धनमाल हराउने सम्भावना छ। सोमबारदेखि धार्मिक कार्यमा मन जानेछ भने भाग्यले साथ दिनेछ। अध्ययनमा सफलता मिल्नुका साथै व्यवसायमा सुधार आउनेछ। शत्रुबाट सजग रहनुहोला।

### मीन

समय त्यति राम्रो नभए पनि प्रयत्न गर्दा केही सफलता मिल्न सक्छ। सुरुमा धार्मिक कार्यमा रुचि, पराक्रम एवं व्यवसाय बढ्ने तथा यात्रा हुने योग छ। भाग्यले पनि साथ दिनेछ। सोमबार तथा मंगलबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने देखिन्छ। घरेलु समस्याले सताउन सक्छ।

### यो साताको पञ्चाङ्ग

असार ८ गते : राष्ट्रिय जनगणना दिवस, १२ गते : विश्व दुर्व्यसनविरुद्धको दिवस, तुलसी बीजारोपण

## साता संक्षेप

असार १– दुई कार्यकर्ताको हत्याको विरोधमा माओवादीद्वारा जनसेनाको दोस्रो चरणको प्रमाणीकरण स्थगित।

- पूर्व-अमेरिकी राष्ट्रपति जिम्मी कार्टरको नेपाल भ्रमणको पहिलो दिन, राजनैतिक दलका नेता तथा नागरिक समाजका व्यक्तिहरूसँग भेटघाट।
- संविधानसभा निर्वाचनमा समानुपातिकतर्फ ५० प्रतिशत महिलाको सिट सुरक्षित।

असार २– माओवादीद्वारा अमेरिकासँग कूटनैतिक सम्बन्धका लागि पहल गर्न पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरसँग आग्रह।

- प्रशासनको अनुमतिबिना नै माओवादीले हतियार राखेकोमा सर्वत्र विरोध, गृह मन्त्रालयद्वारा छानबिन गर्न निर्देशन।
- भुटानी शरणार्थीको स्वदेश फिर्ती अभियान पुनः सुरु हुने आशंकाका कारण भारतद्वारा नेपालको पूर्वी नाका सिल।

असार ३– जिम्मी कार्टरको भ्रमण पूरा, संविधानसभापछिको नेपाललाई अमेरिकी सहयोग जारी रहने कार्टरको भनाइ।

- संविधानसभा निर्वाचनको तिथि तोक्ने सहमति, निर्वाचन आयोगद्वारा मंसिर १० मतदानका लागि उपयुक्त भएको सुझाव।

असार ४– बिर्तामोडमा चिठ्ठा विवादका कारण झडप, १ को मृत्यु, १२ सुरक्षाकर्मीसहित ३६ घाइते।

- २२ हजार कर्मचारी एकैपटक बढुवा हुने।
- व्यवस्थापिका संसद् अधिवेशन अन्त्य, दोस्रो अधिवेशन असार १८ गतेदेखि प्रारम्भ हुने।

असार ५– निर्वाचन आयोगद्वारा सरकारसमक्ष निर्वाचन कार्यतालिका पेस, दसैंअघि निर्वाचन कार्यक्रम प्रकाशन गर्न सुझाव।

- फोरमद्वारा वाईसीएलमाथि प्रतिबन्ध लगाउन माग।
- झाडापखालाका कारण कालिकोटमा २० बालबालिकाको मृत्यु।

असार ६– राष्ट्रिय दैनिक नेपाल समाचारपत्रको प्रकाशन स्थगित।

- संखुवासभामा १ सय ५० विद्यार्थी झाडापखालाबाट ग्रस्त।
- राजतन्त्र हटाउन जनमत-संग्रह गर्नुपर्ने राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) को माग।

# माओवादी उत्तरतिर, एमाले दक्षिणतिर

**अश्विनी कोइराला**

काठमाडौं, नेपालका प्रमुख दुई कम्युनिस्ट दल आफ्नो विदेशी सम्बन्ध विस्तार गर्न कस्सिएका छन्। नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले आफ्नो सम्बन्ध उत्तरतिर विस्तार गर्दै छ भने नेकपा (एमाले) का प्रमुख नेताहरूको ठूलो टोलीले भारतको भ्रमण सकेको छ। गत वर्ष भदौमा माओवादीका डेपुटी कमान्डर अनन्तले चीन भ्रमण गरेका थिए। त्यस लगत्तै गत महिना पनि उनी चिनियाँ कम्युनिस्ट पार्टीका वरिष्ठ नेताहरूसँग लामो वार्ता गरेर फर्किएका छन्।

विश्लेषकहरूका अनुसार सत्ताशीन नेकपा (माओवादी) ले भारतसँग झण्डै दस वर्ष लामो आफ्नो सम्बन्धलाई 'चेक एन्ड ब्यालेन्स' गर्न उत्तरतर्फको छिमेकीसँग सम्बन्ध विस्तार गर्न लागेको हो। चीन भ्रमणबाट फर्किएका अनन्तले साप्ताहिकसँग भने, 'चीन नेपाललाई सधैं सार्वभौम देख्न चाहन्छ। यो उसको भू-स्वार्थ पनि हो। नेकपा (माओवादी) देशको जिम्मेबार दल भएकाले ऊसँगको सम्बन्ध अपरिहार्य छ।'

भूमिगत अवस्थादेखि नै माओवादीले चीनसँग सम्बन्ध विस्तार गर्ने प्रयास गरेको जानकारहरू बताउँछन्। माओवादीले सशस्त्र द्वन्द्व सुरु गरेदेखि नै चीनसँग सम्बन्ध स्थापित गर्न चाहेको थियो। उसले बेला-बेलामा आफ्ना जिम्मेबार कार्यकर्तालाई अध्ययन तथा टुरिस्ट भिसामा चीन पठाएको थियो। त्यसबेला चीनले माओवादीलाई महत्त्व नदिएका कारण उनीहरूको गोप्य भेटघाट फलदायी हुन सकेको थिएन।

माओवादी शान्तिपूर्ण राजनीतिमा आएपछि भने चीन पनि अचानक माओवादीतर्फ नरम देखिन थाल्यो। विश्लेषकहरूका अनुसार एक वर्षभित्रै माओवादीले चीनसँग यति राम्रो सम्बन्ध स्थापित गरिसक्यो कि आगामी भदौमा नेकपा (माओवादी) का अध्यक्ष प्रचण्ड एक साता लामो चीन भ्रमणमा जाने भएका छन्।

प्रचण्ड चीन जाने कुरालाई पार्टीले गोप्य राख्दै आए पनि यसको तयारी द्रुतगतिमा भैरहेको बताइन्छ। सशस्त्र राजनीतिमा रहेका बेला अमेरिका तथा भारतले नेकपा (माओवादी) लाई आतंकारी घोषित गरे पनि चीनले उक्त दललाई 'सरकारविरोधी सशस्त्र समूह' का रूपमा व्याख्या गर्दै आएको थियो। पहिलेदेखि नै चीनले देखाएको नरम नीतिका कारण पनि नेकपा (माओवादी) उत्तरतर्फको छिमेकीसँग सम्बन्ध गाँस्न हतारिएको हो।

चीनले पनि पहिले वास्ता नगरेको नेपाली माओवादीलाई केही समययता निकै महत्त्व दिँदै आएको देखिएको छ। गत साता मात्र राजधानीमा सम्पन्न चिनियाँ पुस्तक प्रदर्शनीमा प्रमुख अथितिका रूपमा माओवादी नेता तथा सूचना तथा सञ्चारमन्त्री कृष्णबहादुर महरालाई निम्त्याइएको थियो। दूतावासले नेकपा (माओवादी) सँग औपचारिक सम्बन्ध नभएको जनाए पनि राम्रो अनौपचारिक सम्बन्ध रहेको बताएको छ। जनआन्दोलन-२ सफल भएलगत्तै चीनका नेपालविज्ञ प्राध्यापक वाङ होङओइ नेपाल आएर माओवादीका वरिष्ठ नेताहरूसँग छलफल गरेका थिए। होङओइलाई माओवादी नेताहरूले चीन गएर आफ्ना कुरा चिनियाँ नेताहरूसँग राखिदिन आग्रह गरेका थिए। त्यसयता चीनले पनि नेपाली माओवादीसँग औपचारिक सम्बन्ध बढाउने चासो राखेको हो।

नेकपा (माओवादी) को चीनसँग सम्बन्ध बढाउने तयारी हुने क्रममै नेकपा (एमाले) का वरिष्ठ नेताहरूलाई भारतले औपचारिक निमन्त्रणा दियो। नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालको नेतृत्वमा एमालेको उच्चस्तरीय प्रतिनिधिमण्डल ९ दिने भारत भ्रमण गरी फर्किएको छ। नेकपा (एमाले) का झण्डै एक दर्जन नेता एकै पटक भारत भ्रमण गएपछि राजनैतिक क्षेत्रमा यसले तरङ्ग ल्याएको छ।

विश्लेषकहरूका विचारमा नेकपा (एमाले) लाई प्रमुख सत्ता साझेदार तथा महासचिव नेपाललाई भावी प्रधानमन्त्रीका रूपमा विश्लेषण गरेर भारतले आफ्नो घर आउन निमन्त्रणा दिएको हो। भारतले एमालेलाई नेपाली कांग्रेस जस्तो प्रजातान्त्रिक दलसँग मिलेर समस्याको समाधान गर्न सुझाव दिएको अनुमान गरिएको छ। एमाले नेताहरूले दिल्लीमा भारतका प्रभावशाली नेताहरूसँग भेट गरे। त्यतिमात्र होइन, एमाले नेतृत्वले नेपाल तथा भारतका विषयमा थाती रहेका सबैजसो विषयमा कुरा गरेको उक्त दलका नेता भरतमोहन अधिकारीले साप्ताहिकलाई बताए।

त्यसो त नेकपा (एमाले) को चीनसँग धेरै अघि नै औपचारिक सम्बन्ध स्थापित भैसकेको छ भने नेकपा (माओवादी) को नेतृत्व धेरै समय भारतमै बसेर सशस्त्र राजनीति गर्दै आएको हो। संविधानसभाको निर्वाचन नजिकिँदै जाँदा नेपाली कांग्रेसको तुलनामा कम वैदेशिक विश्वास कमाएका दुवै दल आफ्ना छिमेकीहरूसँग राम्रो सम्बन्ध स्थापित गर्न लागिपरेका छन्।

## संविधानसभा — व्यक्ति-अभिव्यक्ति

नेपालमा जातीय द्वन्द्वको बीउ माओवादीले रोपेको हो। यही नै अशान्तिको प्रमुख जड हो। अब यो सितिमिति साम्य हुनेवाला छैन। त्यसैले पनि संविधानसभाको निर्वाचन पर सरेको हो, माओवादी क्रियाकलापको त कुरै भएन। यी सबै कारण विश्लेषण गर्दा देशमा संविधानसभा निर्वाचन हुन नसक्नुमा माओवादी दोषी छ।

**विनयध्वज चन्द, केन्द्रीय सदस्य, नेपाली काङ्ग्रेस**

संसदबाट गणतन्त्र घोषणा गर्न मिल्दैन तर संविधानसभाको निर्वाचनमार्फत राजा फाल्न सकिन्छ। त्यसका लागि ८ दलले मंसिरको समय तोकेका छन्। यो मिति पनि त्यतिखेर लागू हुन्छ, जब संसदले सबै कानुन बनाएर निर्वाचन आयोगलाई दिन्छ। यदि हामीले अहिले पनि ढिला गर्‍यौं भने न त मंसिरमा संविधानसभाको निर्वाचन हुन्छ न त देशमा गणतन्त्र नै आउँछ।

**ईश्वर पोखरेल, नेता, नेकपा (एमाले)**

सम्पादकीय

# असफल हामी

विगत एक दशकदेखि राजनैतिक अस्थिरता व्यहोरिरहेका कारण नेपालको आर्थिक तथा सामाजिक स्थिति लगातार खस्कँदै गएको छ। खस्कँदो आर्थिक तथा सामाजिक स्थितिले नेपालमा मानव अधिकार उल्लंघनका घटनाहरू बढेका छन् भने आन्तरिक शरणार्थीहरूको चाप पनि तीव्र भएको छ। यिनै कारणहरूले नेपाललाई असफल राष्ट्रका रूपमा परिभाषित गर्न थालिएको छ। अमेरिकी फरेन पोलिसी म्यागजिन तथा फन्ड फर पिस थिक्त नामक संस्थाले संयुक्त रूपमा जारी गरेको पछिल्लो सर्वेक्षण प्रतिवेदनले नेपाललाई असफल राष्ट्रहरूको सूचीमा २१औं स्थान दिएको छ। यद्यपि उक्त प्रतिवेदनमा उल्लेख भए अनुसारका असफलताहरू हामी नेपालीले प्रत्यक्षरूपमा अनुभव गरिसकेका छैनौं तर अहिले अमेरिका आधारित संस्थाहरूको सर्वेक्षणमा पछाडि परेका हामी नेपाली भोलिका दिनमा आफैले समेत अनुभव गर्न सक्ने गरी असफल हुन थाल्यौं भने के होला ? यो विषयमा समय रहँदै गम्भीर चिन्तन गर्नुपर्छ।

प्रतिवेदनअनुसार मुलुकभित्रको आन्तरिक संघर्ष, बढ्दो जनसंख्या, मानवअधिकार उल्लंघन, आन्तरिक र वाह्य सरणार्थीको चाँप खस्कँदो आर्थिक स्थिति एवं वैदेशिक हस्तक्षेपको बढ्दो सम्भावना नेपाललाई असफल बनाउने कारक तत्त्वका रूपमा रहेको कुरा उक्त प्रतिवेदनमा उल्लेख हुनुले हामीलाई आफ्नो वर्तमान स्थितिका बारेमा सोच्न बाध्य बनाउँछ। खासगरी राजनैतिक संघर्षको छायाँ जुन किसिमले हाम्रो समाजमा प्रतिविम्बित भएको छ त्यसले पनि हामीलाई लगातार असफलताको बाटोमा डोऱ्याइरहेको छ। ११ वर्षसम्म हामीले झेल्नुपरेको माओवादी सशस्त्र युद्धले सिर्जना गरेका अराजक अवस्थाहरू पनि वितेका दिनमा नेपाललाई असफल राष्ट्रका रूपमा प्रस्तुत गर्न कारक तत्त्वका रूपमा देखिएका हुन सक्छन्। यद्यपि माओवादीहरू शान्ति सम्झौतामार्फत् खुला राजनीतिमा संलग्न भैसकेपछिको १ वर्षको अवधिमा पनि असफल राष्ट्रका रूपमा नेपालको अवस्थामा खासै सुधार नदेखिनु हाम्रा लागि चिन्ताको विषय हुनुपर्छ। तसर्थ अहिलेको अवस्थामा हामीले आफ्नो आर्थिक तथा सामाजिक उन्नतिका लागि सबैखाले राजनैतिक विवादहरूलाई चाँडोभन्दा चाँडो समाधान गर्नेतर्फ लाग्नुपर्छ।

उक्त प्रतिवेदनअनुसार दक्षिण एसियामै पनि नेपालभन्दा असफल राष्ट्रका रूपमा पाकिस्तान र बंगलादेश छन्। यसको अर्थ उनीहरू हामीभन्दा बढी असफल छन् भनेर चित्त बुझाउनुपर्छ भन्ने होइन। पाकिस्तान र बंगलादेशको आर्थिक तथा सामाजिक धरातल हाम्रो भन्दा खासै भिन्न नभए पनि उनीहरू असफल हुनु र हामी असफल हुनुका कारणहरू भिन्न छन्। तसर्थ अहिलेको अवस्थामा उक्त सर्वेक्षण प्रतिवेदनलाई एउटा चेतावनीका रूपमा ग्रहण गरेर हामीले आफूलाई सुधारको बाटोमा डोऱ्याउनेतर्फ प्रयास गर्नुपर्छ। यसका लागि हाम्रा सबै राजनैतिक दल, नागरिक समाज, विभिन्न संघसंस्थाहरू आ-आफ्नो क्षेत्रबाट एउटै उद्देश्यका साथ सक्रिय हुन सक्नुपर्छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

चिठीपत्र

## शोषित बालबालिका र लाचार कानुन

नेपालको कानुनमा बाल-बालिकाहरूलाई आश्रित जनशक्तिका रूपमा परिभाषित गरिएको पाइन्छ। कानुनमा यिनीहरूलाई काम लगाउन पाइँदैन, बालशोषण गर्न पाइँदैन पनि भनिएको छ। यस्तो कानुनको खिल्ली उडाउँदै सडकमा हुर्किएका बालबालिकाहरूले मागेरै जीविका चलाउनु कति लाजमर्दो कुरा हो ? खोइ बालबालिकाहरूका आधारभूत आवश्यकताको परिपूर्ति ?

तिनीहरूलाई सडकमा पुऱ्याउने काम हामीबाटै भएको हो। तिनीहरूलाई सडकमा बस्न बाध्य बनाउने यही समाज हो। हो, उसलाई जन्म दिने आमा यसका लागि उत्तरदायी छिन् तर त्योभन्दा बढी हामी जिम्मेवार छौं। जब एउटी अविवाहित नारी गर्भवती हुन्छिन् तब उनलाई माया र सद्भावको खाँचो पर्छ, तर परिवार मात्र होइन, पूरै समाजले उनीतिर औंला ठड्याउँछ, उनीमाथि जाइलाग्छ। पहिले उनको इज्जत एउटाले मात्र लुटेको हुन्छ तर सार्वजनिक रूपमा समाजमा प्रत्येक व्यक्ति-व्यक्ति मिलेर हामी उनको इज्जत लुट्छौं। आलो घाउमा नुनचुक छर्ने काम गर्छौं। भद्रभलाद्मीहरू मिलेर सामाजिक वहिष्कार गर्छौं। जसको परिणाम सडक बालक पाउँछौं, अनि फेरि त्यसलाई खाते भन्दै उसकै आमाको जस्तो तिरस्कार गर्छौं, होइन ?

सडकमा हुर्किएपछि यी बालबालिकाहरूको बासस्थान फोहोरका थुप्रा, गल्ली र सडकका पेटी हुन्छन् अनि ढल मिस्सिएका फोहोर पानी तिनीहरूको बाथरुम हुन्छ। अरूले छोडेर पोको पारी फालेका जुठा खानेकुरा तिनीहरूको दैनिक भोजन हुन्छ।

हामी धर्मका कुरा गर्छौं– 'पूर्वजन्मको पाप अहिले करायो। सडकमा हामीले लगेर फाल्ने हामी अनि पूर्वजन्मको पाप भन्ने ? बालबालिकाका लागि काम गर्ने भन्दै पैसा कुम्ल्याएर महल ठड्याउनेहरू पापी कि सडकमा फालिएका, हेपिएका शोषित सडक बालबालिका पापी ?

एउटा सडकबालक पछि राष्ट्रको प्रधानमन्त्री पनि त बन्न सक्छ ? के यिनीहरू राष्ट्रका भविष्यका कर्णाधार होइनन् ? आजका बालबालिका काँचा माटा हुन्, यिनीहरूलाई जे बनाउन चाह्यो त्यही बन्छन्। 'सबै बालबालिका समान' भन्ने नारा घन्काउनेहरूले खोइ आफ्नै नाराको अर्थ बुझेको ? कसैलाई खाना धेरै भएर फाल्नुपर्ने, कसैले खान नपाई दिनरात गुजार्नुपर्ने, कसैले चिसो छिँडीमा दुनियाँको भनाइ खाँदै भुस्याहा कुकुरसँग दिनरात गुजार्नुपर्ने किन ?

बालबालिकहरूका बारेमा वर्षमा एक पटक खुलेर बहस हुन्छ, त्यो पनि बालदिवसमा अनि त्यही दिन केही बालबालिकालाई सहयोग गरेको नाटक गरिन्छ, अनि विभिन्न गैरसरकारी संस्थाका नाममा पैसा कुम्ल्याउने बाटो बनाइन्छ। अरू बेला न त छापा माध्यम न त रेडियो तथा टेलिभिजनबाटै यस्ता सडक बालबालिकाको कुरा गरिन्छ। बरु छोरा र छोरीबीच भेदभाव नगरौं भन्ने विज्ञापन बजाइन्छ, सुनाइन्छ तर बालबालिका आफू-आफूबीचमै भेदभाव नगरौं भन्ने सन्देश कहींकतैबाट पनि दिइँदैन।

सडक बालबालिकाको उद्धार गर्नु हामी सबैको कर्तव्य हो। कर्तव्यबाट विमुख नभई अघि बढे ती बालबालिकाको भविष्य पनि उज्ज्वल हुन्छ। कति नै पो छन् र यहाँ हेपिएका, शोषिएका सडक बालबालिका ? दस-पन्ध्र घर मिलेर एउटा सडक बालकको हेरचाह गरौं न। अनावश्यक खर्च, जस्तो विवाहमा सयौं जन्ती लाने, भोजभतेरमा लाखौं खर्च गर्ने काम छोडेर एक-दुई जना सडक बालबालिकाको उद्धारमा लागौं। यस्तो कामको जय-जयकार तत्काल नगरिए पनि भविष्यमा अवश्य हुनेछ।

**aashis.luitel@gmail.com**
**(पुरस्कृत पत्र)**

## खै जनसहभागिता?

जनताबाट अनुमोदित नभएको संसद्ले आफूखुसी गणतन्त्र घोषणा गर्नु उत्ताउलो चाहना हो। देश अहिलेकै वितृष्णा युक्त शासनशैलीमा चल्ने हो भने राजतन्त्र चाहने पार्टीहरूले मौका छोपी पीडित जनताको सहयोगमा जनआन्दोलन-३ को नेतृत्व गरी आठ पार्टीको वर्तमान सरकार नै असफल तुल्याउने र राजतन्त्रको आयु अनिश्चित कालका लागि बढाउने सम्भावना छ।

विभिन्न मत सर्वेक्षणले नेपालमा राजा चाहनेको संख्या गणतन्त्र चाहनेको भन्दा धेरै देखाएका छन्। राजनीति र पत्रकारिता जो एक-अर्काका पूरक हुन्, तिनले रात-दिन झ्याली पिट्दैमा र विकृत शासनशैलीलाई लोकतन्त्रको नाम दिंदैमा जनता गणतन्त्रमा जान तैयार छन् भन्न मिल्दैन।

आफ्नो पक्षमा ६६ प्रतिशत सिट भएको दावी गर्ने वामशक्ति किन फेरि प्रधानमन्त्री कोइरालाको मुख ताक्दै छ ? के कोइरालाले गणतन्त्र स्वीकार गरे गणतन्त्रको घोषणाले कानुनी मान्यता पाउने हो र ? यहाँ जसले जे गरे पनि जे बोले पनि जायज दावी गर्ने प्रवृत्ति विकसित भएको छ, तर ती सबै प्रयासमा खाँटी जनताको सहभागिता शून्य छ। जनताको सहभागिताविना न त लोकतन्त्र स्थापित हुन सक्छ, न त गणतन्त्र नै।

**–sanjeevsatyal@hotmail.com**

## तीतो सत्य

-शत्रु सधैं आ□नो अगाडि हुँदैन, पछाडि हुन्छ।

-जो अरूको भलो चाहन्छ, ऊ पनि देवता नै हो।

**अनासा राई**

-अरूका लागि बाँच्न नसक्ने मानिस आ□ना लागि पनि बाँच्न सक्दैन।

-जो आफैं ठूलो हुँ भन्छ, ऊ सधैं सानै रहन्छ।

-लाखौं मूर्खको मालिकभन्दा एउटा विद्वान्को कमारो बन्नुमा भलो हुन्छ।

-अरूको आशामा बाँच्ने मानिस जीवनभर भोकै रहन्छ।

**मणिराम दाहाल**

-कसैलाई सत्मार्गमा लाने इच्छा राख्नुभन्दा पहिले आफू सत्मार्गमा हिंड्न जान्नुपर्छ।

-शंकाले पारस्परिक अविश्वास उत्पन्न गराउँछ।

-आवश्यकताहरू पूरा गर्दै जानु नै सुखको बाटो हो।

-उत्साह जीवनको धर्म हो भने अनुत्साह मृत्युको प्रतीक।

**सीता गौडेल, बुटवल**

-अर्ती, उपदेश र औषधी मीठो हुँदैन।

-सन्तानका निम्ति बुबाको नाता विश्वासको भए पनि आमाको नाता यथार्थकै हुन्छ।

-कुनै पनि मानिसको दुःख, चोट, पीडा, वेदना उसको मुहारमा झल्किएको हुन्छ।

**टीकाराम अर्याल, गल्कोट, स्याङ्जा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## मुखाले

-नेपालका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला मेरा नायक हुन्।

**जिमी कार्टर, पूर्वअमेरिकी राष्ट्रपति**

-फोरमले पनि माओवादी शैली अनुसरण गर्ने हो भने त्यसले मधेसीको हित गर्दैन।

**रामचन्द्र पौडेल, शान्ति तथा पुनर्निर्माण मन्त्री**

-अझै पनि महिलाहरू संगठित हुन सकेका छैनन्, यो कमजोरीको फाइदा फेरि पनि पुरुषहरूले उठाउनेछन्।

**अष्टलक्ष्मी शाक्य, सांसद**

-प्रधानमन्त्री कोइरालालाई संविधानसभा निर्वाचनका लागि अन्तिम मौका दिंदैछौं।

**गिरिराजमणि पोखरेल, स्वास्थ्यमन्त्री**

-माओवादी सच्चिए उनीहरूको मात्र होइन, देशकै भविष्य उज्ज्वल छ।

**सुजाता कोइराला, नेतृ, नेपाली कांग्रेस**

-राजालाई कारबाही नगरी संविधानसभा निर्वाचनमा जानु उपयुक्त हुँदैन।

**कृष्ण पहाडी, मानवअधिकारवादी नेता**

-आन्दोलन गर्ने हो भने विद्यालयमा होइन, मन्त्रालयमा गर्नुहोस्।

**प्रदीप नेपाल, शिक्षामन्त्री**

-आठ दलले सोचेजस्तो राजसंस्था कमजोर छैन।

**कमल थापा, पूर्वगृहमन्त्री**

-नेताहरूले झगडा गरे भन्दैमा आफ्नो काम छाड्नु भएन। उनीहरू राजनैतिक झगडा गर्छन्, हामीले व्यवसायिक काम गर्दै जानुपर्छ।

**राजु सिंह, डिस्को जकी**

राजनैतिक नेताहरूले दिनैपिच्छे अभिव्यक्ति फेरेको देख्दा उनीहरू हामीभन्दा कम बौद्धिक भएजस्तो लाग्न थालेको छ।

**गरिमा पन्त, नायिका**

## नीति-नियम

भविष्यसम्म आफूलाई पुग्नेगरी धन कमाउँदै आफू सय वर्षसम्म बाँच्नेछु र त्यही धनले आनन्द लिनेछु भन्ने कुरा मनमा राखी बुद्धिले धन तथा विद्या आदि पच्चीस वर्षसम्म, नसके त्यसको आधा साढे बाऱ्ह वर्षसम्म, त्यति पनि नसके छ वर्षसम्म दिनहुँ जम्मा गर्नुपर्छ।

विद्यारूपी धन अत्यन्त श्रेष्ठ हुन्छ। विद्याबाटै अरू धन सम्पत्ति कमाउन सकिन्छ। विद्या धन अरूलाई दिनाले बढ्दै जान्छ। विद्यारूपी धन भारी हुँदैन, अरू धन भारी हुन्छ। विद्या धनलाई कसैले चोरेर लान सक्दैन। जब कि अरू सम्पत्ति चोरले लान सक्छ।

जबसम्म मानिस धनयुक्त हुन्छ तबसम्म मात्र अरूले उसको सेवा गर्छन्। जब ऊसँग धन हुँदैन यद्यपि ऊ गुणवान् होस् तैपनि उसका स्त्री, छोराहरूले समेत साथ छाडिदिन्छन्। संसारमा व्यवहार चलाउनका लागि धन नै सारतत्त्व मानिएको हुँदा धन पाउनका लागि मानिस प्राणकै बाजी राखेर भए पनि कठिनभन्दा कठिन कार्य गर्न पछि पर्दैन।

–शुक्रनीती

अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा

### बडी बिल्डिङमा दीपेन्द्र केसी



युएईको अल ऐनमा सम्पन्न युएईव्यापी अल ऐन बडी बिल्डिङ प्रतियोगितामा दीपेन्द्र केसी दोस्रो भए। उक्त प्रतियोगितामा खाडी क्षेत्रका प्रायः सबै मुलुकको सहभागिता थियो। प्रतियोगितामा उनको प्रदर्शन सबैभन्दा राम्रो थियो तैपनि युएईको स्थानीय बासिन्दा नभएका कारण उनलाई प्रथम स्थान दिइएन। प्रतियोगिता हेर्ने जो-सुकैले पनि उनीमाथि अन्याय भएको सहजै अनुमान गर्न सक्थे। काठमाडौं, बालाजु वनस्थलीमा वि.सं.२०३३ सालमा जन्मिएका दीपेन्द्र केसी आ□नो रोजगारीका क्रममा विगत केही वर्षदेखि युएईको आबुधावी प्रहरीमा कार्यरत छन्। उनको रुचिको विषय बडी बिल्डिङ नै हो। त्यसैले उनले आफूलाई यस क्षेत्रमा लगाइरहे, फलस्वरूप उनले यहाँ सम्पन्न विभिन्न प्रतियोगितामा सहभागी भएर थुप्रै पुरस्कार पनि जितेका छन्।

**–खेमनाथ पौडेल**

### अस्ट्रेलियाका हवल्दार



धनगढीमा जन्मिएका देवेन्द्र भट्ट स्नातकपछि उच्चशिक्षाका लागि दस वर्षअघि सिड्नी पुगेका थिए। अध्ययन सक्नेबित्तिकै उनले त्यहाँ 'पर्मानेन्ट रेसिडेन्सी'को स्वीकृति पाए। त्यसपछि उनले प्रहरीमा आवेदन दिए। सम्भवतः उनी पहिलो नेपाली हुन् जो अस्ट्रेलिया प्रहरीमा सेवारत छन्। 'मैले त्यहाँको प्रहरी सेवामा अरू नेपाली भेटेको छैन,' -ससुराको निधनका कारण स्वदेश फर्किएका हवल्दार भट्टले साप्ताहिकसँगको भेटमा बताए। उनले अर्को कुरा भने- 'सेवामा प्रवेश गरेको पाँच वर्षमा मैले कुनै नेपाली 'सिरियस क्राइम'मा लागेको फेला पारेको छैन।'

## साइबर गर्ल

# सविता महर्जन



सविता महर्जन मोडलिङमा नयाँ नाम होइन। आधा दशकयता निरन्तर यही क्षेत्रमा सक्रिय सविताले मोडलिङअन्तर्गत सौन्दर्य प्रतियोगिता, र्‍याम्प शो, छापा तथा विद्युतीय विज्ञापन तथा म्युजिक भिडियोहरूमा काम गरिसकेकी छिन्। ५ फिट ६ इन्च अग्ली सविताले मिस्टर एन्ड मिस २०६१ मा फस्टरनर अप तथा मिस क्याटवाकको उपाधि जितेकी थिइन्। ४८ किलोग्रामकी सविताको शारीरिक बनावट ३२झ२४झ३३ छ। सविताले सनशिल्क फेसन विक २००४ तथा २००६ मा सहभागिता जनाएकी थिइन्। त्यसैगरी विभिन्न फेसन सो तथा लन्चिङ प्रोगाममा उनको उपस्थिति रहने गरेको छ। सवितालाई एक ह्विस्कीको विज्ञापनमा समेत देख्न सकिन्छ। परिचय डटकमका लागि तस्बिर खिचाएकी यी सुन्दरीले दीपक खरेल, शक्ति बल्लभ एवं मिङ्मा शेर्पाको म्युजिक भिडियोमा पनि अभिनय गरेकी छिन्।

## हट हेडलाइन

### युद्धमा फर्कने चेतावनी

आफ्ना नेता तथा कार्यकर्ताहरूको भटाभट हत्या हुन थालेपछि माओवादी कार्यकर्ताहरूले नेतृत्वलाई पुनः युद्धमा फर्कन दबाब दिन थालेको समाचार साप्ताहिक नेपालीपत्रले प्रकाशित गरेको छ। आफ्ना कार्यकर्ताहरूको मनोभावनालाई अध्ययन गरिरहेको माओवादी नेतृत्वले भने युद्धमै नफर्किए पनि आफ्ना नेता, कार्यकर्ताहरूको हत्या गर्ने जमात विरुद्ध प्रतिरोध कार्यक्रम सञ्चालन गर्ने बताइएको छ। समाचारमा उल्लेख भएअनुसार माओवादी कार्यकर्ताहरूले शान्ति प्रक्रियापछि गाउँघरमा गास, बास पाउन छाडेपछि उनीहरूले गाउँलेहरूलाई 'अब हामी युद्धमा छिटै फर्कंदैछौं, नेतृत्वले युद्धमा फर्किन भित्री तयारी गरिरहेको छ, हामी युद्धमा फर्कियौं भने हामीलाई हेप्नेहरूलाई कसरी ठीक पार्नुपर्छ, हामीले जानेका छौं' भनेर धम्क्याउन थालेका छन्।

### सचिव बन्न दौडधुप

रक्षा, भूमिसुधार तथा व्यवस्था तथा जलस्रोत मन्त्रालयका सचिवहरूले राजीनामा गरेपछि रिक्त रहेका पदहरूमा नियुक्तिका लागि चलखेल सुरु भएको समाचार साप्ताहिक विमर्शले प्रकाशित गरेको छ। प्रशासनिक क्षेत्रमा महत्त्वपूर्ण मानिएका ती मन्त्रालयहरू कामका दृष्टिले जति जटिल मानिन्छन् त्यति नै कमाइ हुने ठाउँ पनि मानिन्छन्। प्राप्त समाचारअनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सचिव बन्न बाबुराम आचार्य र छविराज पन्त, जलस्रोत मन्त्रालयमा नारायणप्रसाद सिलवाल र शंकर कोइराला शक्ति केन्द्र धाइरहेका छन् भने रक्षा मन्त्रालयका लागि स्वयम् प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले चासो देखाइरहनुभएको कुरा समाचारमा उल्लेख छ।

### माओवादी बढार्न फोरम

तराईबाट माओवादीको राजनैतिक हैसियत ध्वस्त पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने मधेसी जनअधिकार फोरमले अब माओवादीको राजनैतिक हैसियत समाप्त पार्न नयाँ राजनैतिक कदम चाल्न लागेको समाचार घटना र विचारले प्रकाशित गरेको छ। समाचारअनुसार आफ्नो पछिल्लो नीतिअनुसार फोरमले माओवादीलाई सरकारबाट बर्खास्त गर्न र उसको भ्रातृ संगठन योङ कम्युनिष्ट लिग (वाइसीएल) माथि प्रतिबन्ध लगाउन माग गरेको छ। प्राप्त जानकारीअनुसार गत मंगलबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा फोरम प्रतिनिधिमण्डलले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष उक्त माग राखेको हो।

### मधेसको टेन्सन

तराई आन्दोलनका कारण मधेसमा माओवादीहरूको जनाधार कमजोर बन्दै गएपछि त्यस क्षेत्रको प्रत्यक्ष नेतृत्व स्वयम् प्रचण्डले लिन लागेको समाचार साप्ताहिक छलफलले प्रकाशित गरेको छ। मधेसमा एकपछि अर्को गर्दै माओवादीका लागि परिस्थिति प्रतिकूल बन्दै गएका बेला भ्रातृसंगठन मधेसी मुक्तिमोर्चाभित्र चर्को विवाद उत्पन्न भएपछि प्रचण्ड स्वयम्ले मधेसको जिम्मा लिएका हुन्। प्रचण्डलाई माओवादी सचिवालयको पछिल्लो बैठकले उक्त जिम्मेबारी दिएको हो। समाचारअनुसार मधेसी मुक्तिमोर्चाका अध्यक्ष तथा वनमन्त्री मातृका यादव तथा महासचिव प्रभु साहबीच विवाद चर्किएपछि मधेस क्षेत्रलाई नयाँ ढंगले समायोजन गर्ने गरी गठन गरिएको मिथिलाञ्चल-भोजपूर क्षेत्रीय ब्युरो भंग गरिएको छ। उक्त ब्युरो भंग हुनुमा यादव र साहबीचको विवादलाई मुख्य कारण मानिएको छ। यसअघि साहले यादवसँग असहमति जनाउँदै धनुषा र सिरहा जिल्लामा समानान्तर जिल्ला कमिटी समेत गठन गरेका थिए।

### जर्नेलहरूको एउटै मुख

सिपाहीले रगत र पसिना बगाएर जम्मा गरेको सैनिक कल्याणकारी कोषको रकम कहाँ चुहिन्छ भन्ने समाचार साप्ताहिक तरुणले प्रकाशित गरेको छ। समाचार अनुसार अहिले कल्याणकारी कोषबाट वार्षिक ४ करोड रुपैयाँको ठाउँमा ८ करोड रुपैयाँ चुहिने बनाइएको छ। शान्ति सेनामा जाने सैनिकले पहिलो छ महिनाका लागि पाउने भत्ता कल्याणकारी कोषमा अग्रिम भुक्तानी लिन सक्ने नियम बनाइएको छ। उक्त रकम शान्ति सेनामा जाने सैनिकलाई ७ महिनापछि मात्र दिने र यो अवधिमा उक्त रकम लगानी गरेर आफूखुसी ब्याज खाने अधिकार सम्बन्धित गणपतिलाई दिइएको छ। यसबाट वार्षिक ६ करोड ६० लाख रुपैयाँ बराबरको रकम ब्याजमार्फत् सेनाका हाकिमहरूले पचाउने गरेको बताइन्छ।

### फोरम भूमिगत

मधेसी जनअधिकार फोरमले नेपालमा आफ्ना नेता तथा कार्यकर्तालाई भूमिगत रूपमा परिचालन गर्ने अघोषित रणनीति अपनाएको समाचार साप्ताहिक तरुणले प्रकाशित गरेको छ। वाइसिएलले आफ्ना कार्यकर्ताहरूको अपहरण गर्ने योजना बनाएको सुइँको पाएपछि फोरमले उक्त निर्णय गरेको हो। अहिले फोरमका अध्यक्ष उपेन्द्र यादवसहित सबै प्रमुख नेताहरू भारत तथा नेपालमा भूमिगत भएको समाचारमा उल्लेख छ।

### केटीसहित फरार

जावलाखेलस्थित कार्यालयमा प्रचण्डले मार्क्सवादी सिद्धान्तमा उल्लेख भएअनुसार प्रेम, विवाह र यौनअनुसार आफ्ना कार्यकर्ता नचल्दा पार्टीमा यौन विचलन देखिएको बताए लगतै माओवादी कार्यकर्ताहरू केटी लिएर टाप कस्न थालेको समाचार साप्ताहिक तरुणले प्रकाशित गरेको छ। यस्तो केटी काण्डका कारण माओवादीले रत्नपार्कमा रहेको आफ्नो एउटा कार्यालय नै बन्द गरेको छ। उक्त कार्यालयका इन्चार्ज तथा आफूलाई अध्यक्ष प्रचण्डको बडीगार्ड बताउने गणेश तामाङ अर्थात् अभिलाषले बालाजुकी दीपा महर्जन र अभिलाषपछि उक्त कार्यालयको जिम्मेबारी पाएका संकेत तामाङ थरकी अर्की केटी लिएर बेपत्ता भएपछि उक्त कार्यालय बन्द भएको हो।

## मेरो विचार

### जनता सजग बन्नुपर्छ

संविधानसभाका लागि मुख्यरूपमा राजतन्त्र बाधक बनेको छ। पछिल्लो पटक तराईमा विभिन्न संघ-संगठनका नाममा जुन किसिमका सशस्त्र हिंसाजन्य गतिविधिहरू भए त्यसखाले संविधानसभा भाँड्ने काम गरेको देखिन्छ। जेठमा गर्ने भनिएको संविधानसभाको मिति फेरि मङ्सिरका लागि सारिएको छ। नेपाली जनता लामो समयसम्म यसरी अन्यौलमा बस्न चाहँदैनन्। जनता समयमै संविधानसभाको चुनाव सम्पन्न भएको हेर्न चाहन्छन्। जनतालाई ढाँटेर, छलेर संविधानसभाको चुनाव सार्ने वा गर्न नदिने वातावरण कसैले सिर्जना गर्छ भने फेरि जनताले जनआन्दोलनको आँधी ल्याउनेछन्। हरेक नेपालीले त्यसका लागि सजग बन्नुपर्छ।

संविधानसभाको निर्वाचन सम्पन्न गराउन सरकारले जनतालाई सुरक्षाको प्रत्याभूति दिलाउन सक्नुपर्छ। भयरहित वातावरणमा मात्र स्वच्छ र निष्पक्ष निर्वाचन सम्भव हुन्छ। चुनावका लागि उपयुक्त वातावरण बनाउन सरकारले तत्काल मधेसी तथा जनजाति लगायतका समुदायले उठाएका मुद्दालाई उचित सम्बोधन गर्नुपर्छ। शान्ति सुव्यवस्थाका लागि सम्बन्धित पक्षसँग छलफल गरेर अघि बढनुपर्छ। नेपाल जस्तो मुलुकमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू हुनुपर्छ। विभिन्न समुदाय, जातजाति, धर्म आदि समुदायलाई यो प्रणालीले निर्वाचन प्रक्रियामा निर्धक्क समावेश गराउनेछ। यतिबेला नेताहरूले राजधानीमा भाषण गरेर दिन बिताउनुभन्दा गाउँमा गएर जनतालाई संविधानसभाका विषयमा शिक्षा दिनुपर्छ। आमसञ्चार माध्यमले संविधानसभाका बारेमा विविध कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ, जुन कार्यक्रमबाट जनता सुशिक्षित एवं सुसूचित बनून्।

**नरेन्द्र रौले (पुरस्कृत पत्र)**

### समानुपातिक प्रतिनिधित्व

संविभानसभा सम्पूर्ण समस्या समाधान गर्ने अचुक बुटी होइन। यसले त समस्या निराकरणका निम्ति बाटो पहिल्याउँदै अघि बढ्न मद्दत गर्छ। यो तबमात्र सम्भव हुन्छ जब जनताले रुचाएका तथा अग्रगामी सोच भएका व्यक्तिहरू निर्वाचित हुन्छन्। यसका निम्ति सम्पूर्ण जनतालाई संविधानसभाको प्रक्रिया र महत्त्वका बारेमा जागरूक एवं सचेत बनाउनुपर्छ।

विरोधका नाममा नागरिक, संघ-संस्था र मानव अधिकारवादीहरूले असहजताको स्थिति निर्माण गर्नु हुँदैन। यस्तो भयो भने धमिलो पानीमा माछा मार्न पल्किएका तथा संविधानसभाविरोधीहरूले सल्बलाउने मौका पाउँछन् र पुरानो व्यवस्थालाई जीवित राख्ने दुस्साहास गर्न सक्छन्। यसमा सबैले सचेत रहनुपर्छ।

संविधानसभामा आम नेपालीले आफ्नो प्रतिनिधित्व महसुस गर्न पाउनुपर्छ। यसका लागि दलित, जनजाति लगायत पहाड, हिमाल तथा तराईका सम्पूर्ण बासिन्दाको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता आवश्यक छ।

**–गिरिराज ज्ञवाली, गुल्मी**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा-अड्चनहरू के-के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के-के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## संविधान सभा जिज्ञासा



**पूर्णमान शाक्य**
**संवैधानिक कानुन विशेषज्ञ**

**प्रश्न : संविधानसभाका लागि जनतालाई सुसूचित र सुशिक्षित गर्ने दायित्व राज्यको हो। यही सन्दर्भमा नेपाली जनताको राजनैतिक चेतनाको स्तर र उनीहरूको पहुँचका आधारमा भन्नुपर्दा वर्तमान सरकारले जनतालाई संविधानसभाका बारेमा सुसूचित गर्न के-कस्ता प्रक्रिया अवलम्बन गर्नुपर्ला ?**

**–अनामिका, मोरङ**

**उत्तर** : संविधानसभाका लागि जनतालाई सुसूचित एवं सुशिक्षित गर्ने सन्दर्भमा राज्यले रेडियो, टेलिभिजन तथा पत्रपत्रिकाहरूमार्फत जनचेतनाका कार्यक्रमहरू अगाडि ल्याएको छ, तर ती कार्यक्रम पर्याप्त छैनन्। राज्यको दायित्व पूरा गर्ने सन्दर्भमा बाहिरबाट सहयोग गर्ने उद्देश्यले गैरसरकारी संस्था, दातृ संस्था एवं सार्वजनिक सञ्चार-माध्यमहरू लागिपरेका छन्। यो अत्यन्त सराहनीय छ तर राज्यले धेरै कुरा गर्न बाँकी छ। जस्तै– नेपाल टेलिभिजनमार्फत विभिन्न जातीय भाषाहरूमा संविधानसभाका बारेका जानकारी दिने कार्यक्रम सञ्चालन गर्ने, स्थानीय निकायको सहयोगमा नागरिक समाजलाई परिचालन गरी विभिन्न भाषाभाषीले बुझ्ने गरी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

अपराध

# लागूपदार्थको डनसँग प्रहरी जवान फरार



करिब चार साताअघि लागूपदार्थको कारोबारमा पक्राउ परेका अभियुक्त मोहम्मद असरफ आलम मियाँ प्रहरीको सहयोगमा फरार भए । कारागार र प्रहरी कार्यालयबाट थुनुवा भागेको यो पहिलो घट्ना नभए पनि यसले लागू औषध नियन्त्रण कानुन कार्यान्वयन इकाइका अनुसन्धान अधिकृतलाई समेत अचम्मित तुल्यायो । महानगरिय प्रहरी परिसर काठमाडौंको हिरासतबाट भाग्न सहयोग गर्ने जवान वीरबल यादव अभियुक्तसँगै फरार हुनुले यो घट्नालाई रहस्यमय बनाएको छ । अहिलेसम्म सुरक्षाकर्मीको मिलेमतोमा थुनुवा वा कैदी भगाइएका थुप्रै घटना घटिसकेका छन्, तर अभियुक्तसँगै प्रहरी फरार भएका थिएनन् । अनुसन्धानका लागि ल्याउन आदेश छ भन्दै प्रहरी निरीक्षक प्रजित केसीको नक्कली हस्ताक्षर भएको चिट हिरासत सुरक्षाका लागि खटिएका 'सेन्ट्री' लाई दिएर लिखित रूपमा कैदी बुझी यादवले अभियुक्त मियाँलाई भगाएका थिए ।

कैदीको हातमा लगाइएको हथकडी र आफ्नो बर्दी खोलेपछि उनीहरू पर्खाल नाघी भागेका थिए । यादवको बर्दी र हथकडी दाउराको चाङमुनिबाट घटनाको भोलिपल्ट प्रहरीले फेला पारेको थियो । यादवले राति साढे आठ बजे ड्युटी अफिसर निरीक्षक केसीको नामको चिट बनाएर ड्युटीमा रहेका सुरक्षाकर्मीलाई अलमल्याउँदै असरफलाई बाहिर निकालेका थिए । उनले धेरै बेरसम्म हनुमानढोका परिसरको वातावरण अध्ययन गरेपछि राति पौने ११ बजे निर्धक्क भएर असरफसँगै पर्खाल नाघेको अनुसन्धानमा देखिएको छ ।

इकाइले पक्राउ गरेको अभियुक्तलाई मुद्दाको पुपर्क्षका लागि ठाउँको अभावमा सम्बद्ध जिल्ला प्रहरी कार्यालयको हिरासतमा राख्छ । भारतबाट सञ्चालित खैरो हेरोइनको कारोबार सञ्जाल प्रमुखमध्ये एक असरफलाई मुस्किलले प्रमाणसहित इकाइको टोलीले पक्राउ गरेको थियो । उनलाई चैत ९ मा कीर्तिपुर चोभारको सिमेन्ट कारखाना नजिक मोटरसाइकलमा सहयोगी जमिर मियाँसँगै १ सय ८ ग्राम हेरोइनसहित पक्राउ गरिएको थियो । इकाइले लामो समयदेखि उसलाई ठूलो र मुख्य कारोबारीको सूचीमा राख्दै आएको थियो । फरार अभियुक्त मियाँ भारतको पूर्वी चम्पारण, सिरसिया नुनयाडीग्राम, रक्सौलनिवासी हुन् । उनले देखावटी रूपमा रक्सौलको एक मोटरपार्टसमा काम गर्दै आएको प्रहरीले जनाएको छ ।

असरफले रक्सौल सोनागाछी निवासी दाइ असलम अली र भाइ मोहम्मद अब्बास (काकाको छोरा) सँग मिलेर काठमाडौं, वीरगन्ज, बारा र विराटनगरसम्म खैरो हेरोइनको नेटवर्क सञ्चालन गरिरहेको अनुसन्धानबाट खुलेको थियो । ती सहरमा प्रत्येक साता दश किलोग्रामसम्म खैरो हेरोइन वितरण गर्न सक्षम असरफ फरार हुनुलाई सामान्य भन्न नसकिने सम्बद्ध अधिकारीहरू बताउँछन् ।

अहिलेसम्म अभियुक्त असरफ र प्रहरी जवान दुवै पक्राउ नपर्दा सबै हैरान छन् । प्रहरीले दुवैलाई पक्राउ गर्न सहयोग गर्नेलाई पचास हजार रुपैयाँ नगद पुरस्कार दिने घोषणा गरे पनि दुवैको ठेगानासमेत पत्तो लगाउन सकेको छैन । प्रहरीले उनीहरूको स्थायी ठेगानाका साथै बारा, पर्सा र वीरगन्जका सम्भावित स्थलहरूमा छापा मार्ने काम जारी राखेको छ । स्रोतका अनुसार विना कुनै ठूलो षड्यन्त्र र मिलोमतोमा असरफ एवं यादव फरार हुन सक्ने अवस्था छैन । पक्राउ गर्ने इकाइका जिम्मेवार अधिकारीको हस्ताक्षर भएको चिट बेगर लागू औषध मुद्दाका अभियुक्तलाई अन्य प्रहरी इकाईले बोलाएर सोधपुछ गर्ने नियम नभएको अनुसन्धान अधिकृतहरू बताउँछन् । बिरामी हुँदा वा अन्य कुनै कुरा बुझ्न ड्युटीमा रहेका प्रहरी अधिकारीले थुनुवालाई बोलाएर सोधपुछ गर्न सक्ने व्यावहारिक प्रावधान र अभ्यास छ ।

अनुसन्धान अधिकृतहरूका अनुसार यही कमजोरीको फाइदा उठाएर यादवले असरफलाई भगाएको देखिन्छ । अहिलेसम्मको छानबिनमा राजनैतिक संरक्षण वा शक्तिको आडमा नभएर सामान्य तलब भएका प्रहरी जवानलाई ठूलो आर्थिक प्रलोभन दिएर असरफ फरार भएको देखिएको इकाइले जनाएको छ । रौतहट पथरावुधराम-३ को विपन्न परिवारका यादवले जागिरको परवाह नगरी यति ठूलो अभियुक्तलाई हिरासतबाट भगाउनुमा आर्थिक प्रलोभनलाई कारण तत्त्व मानिएको छ । भरतपुर तालिम केन्द्रबाट करिब चार वर्षअघि प्रहरी सेवामा प्रवेश गरेका यादवले त्यसअघि कवाडी संकलनको काम गर्दै आएका थिए । उनी काठमाडौं प्रहरीमा खटिएको तीन महिना मात्र भएको थियो । यसअघि उनी सोन्हखुट्टे प्रहरी कार्यालयमा कार्यरत थिए ।

इकाइका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक कुवेरसिंह रानाका अनुसार एउटा प्रहरी जवानलाई दबाब र प्रभाव पार्न सक्ने असरफको क्षमतालाई कम आँक्न सकिँदैन । ऐनअनुरूप हेरोइन कारोबारमा पक्राउ परेका असरफलाई ५ देखि २५ लाख रुपैयाँसम्म जरिवाना र १५ देखि २० वर्षसम्म कैद सजाय हुने अवस्था थियो । अब पुनः पक्राउ परे फरार भएकोमा असरफलाई केही वर्ष थप सजाय र असरफलाई हुने सजायको डेढ गुणा बढी सजाय प्रहरी जवान यादवले काट्नुपर्ने कानुनी प्रावधान छ । 'बडो मुस्किलले पाएको जागिरलाई विना कुनै ठूलो लालच कसैले त्याग्न सक्दैन,' एसएसपी राना भन्छन् । अपराधका जानिफकारहरूका अनुसार चार वर्षअघि खैरो हेरोइनको मुख्य कारोबारी भारतीय नागरिक रक्सौलका सहदेवा स्वर्णकार अपराधी गिरोहको भिडन्तमा ज्यान गएपछि असरफ हेरोइन कारोबारको नयाँ डनका रूपमा उदाएका हुन् । असरफ समूहले भारतको उत्तरप्रदेशको बाराबंकीबाट हेरोइन संकलन गरेर काठमाडौं, पोखरा र विराटनगरमा यसको 'स्ट्रिट पुसिङ' नेटवर्क सञ्चालन गरेको छ । हेरोइनको खुद्रे व्यापारीबाट पाएको सूचनाका आधारमा असरफलाई हिरासतमा लिइएको एसएसपी राना बताउँछन् ।

महानगरिय प्रहरी काठमाडौंले घट्नाको लगतै डीएसपी अजय भट्टराई, निरीक्षक यज्ञ भट्टराई र सम्बद्ध इकाईका निरीक्षक कृष्णप्रसाद त्रिपाठी सम्मिलित समिति गठन गरेको थियो । समितिको रिपोर्टमा ड्युटीमा बसेका सुरक्षाकर्मीहरूलाई प्रत्यक्ष दोषी ठहर नगरे पनि गैरजिम्मेवारी, लापरवाही तथा असंवेदनशीलता देखिएको बताइएको छ । रिपोर्टकै आधारमा सचेत गराउने, स्पष्टीकरण माग्ने र अनुसन्धानबाट थप कुरा खुले कडा विभागीय कारबाहीको प्रक्रिया अघि बढेको परिसर प्रमुख प्रहरी उपरीक्षक ढकबहादुर कार्किले बताए ।

'अहिलेसम्म कुनै उपल्लास्तरका प्रहरीको संलग्नता खुल्न सकेको छैन, उनीहरूसँगको सोधपुछबाट भगाउने आशय देखिएको छैन,' समितिका एक सदस्य भन्छन्– 'फरार अभियुक्तको गिरफ्तारीले मात्र यो घटनाको रहस्य खोल्न सक्छ ।' निकै चलखेलपछि भागेका लागूऔषधका तस्करहरू पुनः कमै पक्राउ परेको प्रहरीहरू बताउँछ । घटनाप्रति प्रत्यक्ष जिम्मेवार काठमाडौं प्रहरी र सम्बद्ध लागूऔषध नियन्त्रण इकाइले अभियुक्तको खोजीकार्यमा कुनै कसर बाँकी नराखेको दाबी गरेको छ । प्रहरी हिरासत र कारागारबाट हेरोइन कारोबारको अभियुक्त भागेका घटनाहरू यसअघि पनि भैसकेका छन् । विगत केही वर्षमा हेरोइन कारोबारमा पक्राउ परेका भारतीय नागरिक अमर टण्डन, अशोक गुप्ता, अनवरअली अन्सारी, सप्तरीका श्रीदेव कापडी, धादिङका जयराम तामाङ र एक अफ्रिकी नागरिक फरार हुन सफल भैसकेका छन् । लागूऔषध चरेससहित पक्राउ भएकाहरू कानुनी दाउपेच गरेर अदालतबाटै धरौटीमा तथा हेरोइनमा पक्राउ परेकाहरू कारागार एवं हिरासतका सुरक्षाकर्मीलाई विश्वासमा लिएर भाग्ने परम्परा बसेको देखिन्छ ।

## हाम्रो नेपालमा

### भूत आउने हल्ला चलेपछि

भूतप्रेतको पनि अस्तित्व हुन्छ र ? यो प्रश्नमा मानिसहरूबीच युगौंयुगदेखि बहस चलिरहेको छ, तर पनि भूतप्रेत सँग सम्बन्धित विवाद थामिएको छैन । एउटा यस्तै हल्ला सुनसरी जिल्लाको इटहरी क्षेत्रमा फैलिएपछि अहिले त्यहाँका घर-घरमा गोबरले त्रिशूलको छाप बनाउने र ॐ लेख्ने लहर नै चलेको छ । समाचारअनुसार गत बिहीबारदेखि इटहरीमा साँझ परेपछि घरघरमा भूत आएर आतंकित पार्छ भन्ने हल्ला फैलिएको थियो । त्यसरी आउने भूतले चामल, प्याज, लसुन, अदुवा आदि माग्ने हल्ला समेत फैलिएको थियो । स्थानीय विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूबाट फैलिएको यो हल्लाका कारण अहिले इटहरी क्षेत्रमा त्यस्तो लहर चलेको हो ।

### शिवलिंगको आकार बढ्यो

कुनै निर्जीव वस्तुको आकार बढ्छ भन्ने कुरामा विज्ञानले विश्वास गर्दैन तर मोरङ जिल्लाको हात्तीमुडा गाविस वडा नम्बर ६ पोठिया भन्ने ठाउँमा देखापरेको एउटा शिवलिंग आश्चर्यजनकरूपमा बढ्न थालेपछि अहिले त्यो शिवलिंग हेर्नेहरूको घुइँचो बढ्न थालेको छ । समाचारअनुसार २०६२ असोज आठ गते पहिलोपटक देखापरेको उक्त शिवलिंग अहिले बढेर साढे २ फिट अग्लो भैसकेको छ । आँपको आकारमा रहेको उक्त शिवलिंग पहिलोपटक स्थानीय महेश कुर्मीको घरको खम्बामा देखिएको थियो । उक्त शिवलिंगमा सर्पहरू आउन थालेपछि त्यसलाई एउटा सानो छाप्रो बनाई सारिएको बताइन्छ ।

### मृत घोषित महिलाले

औपचारिक रूपमा मृत घोषित महिलासँगै उनको गर्भमा रहेको शिशुको पनि मृत्यु हुन्छ । यो शरीर-विज्ञानको ठोस निष्कर्ष हो । यस्तो वैज्ञानिक सत्यका विपरीत राजविराजकी एक महिलाले आफू मरेपछि एउटा शिशुलाई जन्म दिएकी छिन् । समाचारअनुसार सगरमाथा अञ्चल अस्पताल राजविराजमा सर्पले टोकेपछि ल्याइएकी महिला राधादेवी गुप्तालाई अस्पतालले मृत घोषित गऱ्यो तर गुप्ताका आफन्तले जीवितै रहेको विश्वासमा धामी-झाँक्रीमार्फत् उनको उपचार गराए । धामी-झाँक्रीको उपचारपछि राधादेवी जीवित भइन् र अचेत अवस्थामै उनले एउटा शिशुलाई जन्म दिइन् । जन्मदा जीवितै रहेको उक्त शिशुको केही समयमै मृत्यु भएको थियो । शिशुको मृत्युपछि राधादेवीको पनि मृत्यु भयो ।

## कान्तिपुर समाचार डायरी

### स्वास्थ्यक्षेत्रमा कम दरबन्दी

नेपालको स्वास्थ्यक्षेत्रमा कायम गरिएको दरबन्दी मागको अनुपातमा निकै कम छ । नेपालको जनसंख्या १ करोड हुँदा कायम गरिएको दरबन्दी अहिले जनसंख्या साढे २ करोड पुग्दा पनि यथावत् नै रहेकाले यस्तो समस्या देखिएको हो । नेपाल चिकित्सक संघका अनुसार दुई दशकअघिदेखि कायम रहेको दरबन्दी प्रणालीले आमजनतालाई पर्याप्त स्वास्थ्यसेवा उपलब्ध गराउन नसकेको अहिलेको अवस्थामा सेवा दिने र सेवा लिनेको अनुपातमा पर्याप्त दरबन्दी सिर्जना गर्नु आवश्यक छ ।

### नेपालमा रक्तदानको अवस्था

रक्त सञ्चार सेवा केन्द्रका अनुसार नेपालमा गत वर्ष १ लाख ३० हजार युनिट रगत संकलन भएको थियो, जसमध्ये काठमाडौं उपत्यकामा मात्रै ३५ हजार युनिट रगत खपत भएको थियो । केन्द्रका अनुसार संकलित रगतमध्ये ८८ प्रतिशत रगत महिलाको उपचारमा प्रयोग हुन्छ, तर रक्तदान गर्ने महिलाको संख्या भने १२ प्रतिशत मात्र छ । यसबीच विश्व स्वास्थ्य संगठनले नेपालमा प्रति १ हजार जनसंख्यामा ३ जनाले मात्र रक्तदान गर्ने गरेको तथ्यांक सार्वजनिक गरेको छ भने ब्लड डोनर्स एसोसिएसनका अनुसार नेपालमा हाल शून्य दशमलव ५ प्रतिशत जनसंख्याले मात्र रक्तदान गर्छ ।

### बालमृत्युदर घट्यो

नेपालमा सन् २००१ यताको अवधिमा भर्खर जन्मिएका शिशु, ५ वर्ष भन्दा मुनिका बालबालिका तथा मातृमृत्युदरमा उल्लेख्य कमी आएको नेपाल परिवार नियोजन संघले जनाएको छ । सो अवधिमा शिशुमृत्युदर प्रतिहजार ६४ बाट ४८ मा, बालमृत्युदर ९१ बाट ६१ मा र मातृमृत्युदर ५ सय १५ बाट २ सय ८१मा झरेको छ ।

### एक लाख ७० हजार गोबरग्याँस

नेपालमा हालसम्म सरकारी स्तरबाट १ लाख ७० हजारभन्दा बढी गोबरग्याँस प्लान्ट निर्माण भएका छन् । पशुधन संख्याको तथ्यांकको आधारमा नेपालमा ६ घन मिटर क्षमताका १९ लाख गोबरग्याँस प्लान्ट जडान गर्न सकिने एक अध्ययनले देखाएको छ । नेपालमा वि.सं. २०३२ सालमा पहिलो गोबरग्याँस प्लान्ट जडान गरिएको थियो ।

### आगामी वर्ष ७४ मेगावाट बिजुली कम हुने

विगत केही वर्षदेखि बिजुलीको अभाव बेहोरिरहेको नेपालले आगामी वर्ष थप बिजुली संकट बेहोर्नुपर्ने संकेत देखिएको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार अहिले नेपालमा वार्षिक ६० मेगावाटका दरले बिजुलीको माग वृद्धि भैरहेको छ, तर सो अनुरूप बिजुली उत्पादन हुन सकेको छैन । अहिले नेपालमा कुल ५ सय ६० मेगावाट बिजुली उत्पादन भैरहेका छन् । आगामी वर्ष नेपालमा बिजुलीको माग ६ सय ३४ मेगावाट पुग्नेछ । त्यो अवस्थामा नेपालले थप लोडसेडिङ बेहोर्नुपर्नेछ । यसबीच भारतले नेपालको बढ्दो लोडसेडिङ कम गर्न आगामी हिउँदयामदेखि थप ४० मेगावाट बिजुली दिने गरेको छ ।

### इन्टरनेट नचल्ने टेलिफोन

नेपाल टेलिकमका ३० वटा एक्सचेन्जबाट वितरित ५ हजारभन्दा बढी टेलिफोन लाइन अझै पनि इन्टरनेट सेवा उपलब्ध गराउन असमर्थ देखिएका छन् । टेलिकमले ग्रामीण क्षेत्रमा वितरण गरेको सिडट प्रविधिका टेलिफोनहरू यो श्रेणीमा राखिएका छन् । टेलिकमले अहिले देशभरि २ सय २९ वटा एक्सचेन्जमार्फत् ५ लाख ५ हजार लाइन तारसहितको टेलिफोन वितरण गरेको छ । जसमध्ये ३० स्थानमा वितरण गरिएका टेलिफोन सिडट प्रविधिमा आधारित छन् ।


### निजामती सेवा तहगत प्रणालीमा

नेपाल सरकारले निजामती प्रशासनलाई श्रेणीबाट तहगत प्रणालीमा परिवर्तन गर्न आफ्ना कर्मचारीको कामको वर्गीकरण सुरु गरेको छ । अहिले नेपाल सरकारको निजामती सेवामा श्रेणीविहीन, राजपत्र अनंकित र राजपत्र अंकित गरी ३ श्रेणी छन् । तहगतमा रूपान्तरण गरिएपछि कर्मचारीहरूको कामको प्रकृतिका आधारमा तह निर्धारण गरिनेछ । त्यसका लागि अहिले सरकारले आफू मातहतका ८ मन्त्रालय, ३ विभाग र १ विकासक्षेत्रमा कार्यरत सबै कर्मचारीको विवरण लिइसकेको छ ।

शिक्षा

# मेडिकल परीक्षाको तयारी

मेडिकल कलेजमा नाम निकाल्नु कुनै सजिलो काम होइन, किनकि यो निकै प्रतिस्पर्धात्मक क्षेत्र हो। त्यसमा पनि एसएलसी बोर्डमा आएकादेखि आईएस्सी वा प्लस टुमा विज्ञान संकायअन्तर्गत ५० प्रतिशत अंक ल्याउनेहरूको पहिलो रोजाइ नै हुन्छ एमबीबीएसको अध्ययन। त्यसैले नेपाल अधिराज्यभरि प्रत्येक वर्ष ४ हजारदेखि ५ हजार विद्यार्थी कम्तीमा ५ पटक तथा अन्य राजदूतावासका सिटका लागि एमबीबीएस पढ्न संघर्ष गर्छन्। यसमा जसले सफलता पाउँछन् उनीहरू पनि आम विद्यार्थी नै हुन्छन्। यद्यपि उनीहरूको कामको शैली अलि फरक हुन्छ। जसले मेडिकल कलेजमा भर्ना पाउँछन्, उनीहरूको सफलताको रहस्य के होला ?




**सही समयमा परीक्षाको तयारी :**

आईएस्सी वा प्लस टुको परीक्षा सकिएलगत्तै जेठ महिनाको दोस्रो साताादेखि स्व-अध्ययनबाटै एमबीबीएसको तयारी सुरु गर्दा हुन्छ। यसबाहेक इन्स्टिच्युट अफ मेडिकल एजुकेसन, नेम, सचदेवा जस्ता संस्थाद्वारा सञ्चालित तीनमहिने तयारी कक्षा पनि लिन सकिन्छ। अघिल्ला वर्षहरूको तथ्यांकअनुसार एमबीबीएस परीक्षामा नाम निकाल्नेमध्ये ८० प्रतिशत दुई तीन वर्षदेखि तयारी कक्षामा सामेल एवं प्रयासरतहरू नै सफल हुन्थे तर अहिले नयाँ-पुराना विद्यार्थी उत्तिकै सफल भएको तथ्याङ्कले देखाउँछ। पुराना विद्यार्थीहरू विषयको गहिराइमा पुगे पनि नयाँ बढी चनाखो, प्रतिभाशाली अनि ताजा हुने भएकाले उचित मार्गनिर्देशन पाए उनीहरूले राम्रो गर्न सक्ने शिक्षकहरू बताउँछन्।

चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगन्जको परीक्षामा आईएस्सीको विज्ञानबाट मात्र ५० नम्बर समेटिन्छ साथै उक्त परीक्षामा स्वास्थ्य र अंग्रेजी विषयबाट ५०-५० अंक समेटिएको हुन्छ। बीपी कोइराला स्वास्थ्य विज्ञान अध्ययन संस्थान (बी.पी.के.आई.एच.एस.) धरानको प्रवेश परीक्षामा विज्ञान विषयको अंकभार बढी हुन्छ र स्वास्थ्यमा सामान्यज्ञान पनि थपिएको हुन्छ। शिक्षा मन्त्रालयको परीक्षा पनि केही फरक हुन्छ। त्यस्तै विभिन्न राजदूतवासले सञ्चालन गर्ने परीक्षा तथा गुठीहरूको प्रवेश परीक्षामा ढाँचा सामान्य फरक भए पनि मुख्य विषय विज्ञान, अंग्रेजी नै हुन्छ। विज्ञानका स्वच्छ विद्यार्थीका लागि यो नितान्त नयाँ किसिमको विषय हुन्छ जसमा सही पुस्तक, प्रश्नको प्रकारदेखि कति गहिराइसम्म जाने भन्ने कुरा विद्यार्थीहरूले छुट्याउन सक्दैनन्। त्यसैले प्रवेश परीक्षाको तयारीले मेडिकल परीक्षाका लागि प्रबल मानसिकता एवं दृढ संकल्पबाट अथक प्रयासको प्रेरणा दिन्छ।

**सही पुस्तकको छनौट :**

बजारमा मेडिकल परीक्षाको तयारीका लागि बग्रेल्ती पुस्तक भेटिन्छन् तर यसका लागि कुनै निश्चित पुस्तक भने हुँदैन। सही छनौटका लागि आफूभन्दा सिनियर वा पुस्तकप्रति मोह राख्ने व्यक्तिसँग जानकारी लिनुपर्छ।

चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगन्जका लागि स्वास्थ्य र अंग्रेजी विषयको बढी महत्त्व हुने भएकाले ती विषयको तयारीमा विशेष ध्यान दिनुपर्छ। स्वास्थ्यका लागि 'रस एन्ड विलसन'को 'एनाटोमी-फिजिओलोजी' तथा के पार्कको 'प्रेभेन्टिभ एन्ड सोसियल मिडिसिन' पुस्तक उपयुक्त हुन्छ। त्यस्तै अंग्रेजी विषयका लागि 'टोफेल' तयारीका पुस्तकहरू, ब्यारनसको टोफेल तथा अक्सफोर्ड टोफेल नै उत्कृष्ट मानिन्छन्। यी दुवै विषयका लागि तयारी कक्षा सञ्चालन गर्ने संस्थाहरूले पनि स-साना पुस्तक प्रकाशन गरेका छन्। यी पुस्तक साना भए पनि महत्त्वपूर्ण पाठ्यक्रम समावेश भएकाले विद्यार्थीहरूलाई पढ्न सजिलो र समयको बचत हुन्छ।

विज्ञानका विषयहरू भौतिकशास्त्र, रसायनशास्त्र, वनस्पतिशास्त्र तथा जीवशास्त्रको अध्ययनका लागि पनि विभिन्न पुस्तक उपलब्ध छन्। चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगन्जमा विज्ञानतर्फ कम अंकको प्रश्न मात्र रहेकाले तयारी सञ्चालन गर्ने संस्थाहरूले प्रकाशन गरेका पुस्तकहरूबाट पनि राम्रो दक्षता हासिल गर्न सकिन्छ। यद्यपि त्यो बी.पी.के.आई.एच.एस., धरानका लागि अपुग हुन्छ। तयारी कक्षा सञ्चालन गरिरहेका संस्थाहरूले प्रकाशन गरेका पुस्तकमा पाठक्रमको वर्णन कम गरिए पनि धेरै वस्तुगत प्रश्नका साथै महत्त्वपूर्ण बुँदाहरू समावेश हुन्छन्। त्यसैले यस्ता पुस्तक परीक्षाको बेलामा अभ्यास गर्न राम्रो भए पनि पाठ्यक्रम बुझ्न चाहि गाह्रो हुन्छ।

**नोट बनाउने :**

सामान्यतया नोट्स बनाउनुलाई विद्यार्थीहरू पुस्तकमा लेखिएको कुरा हुबहु सार्नु हो भन्छन् तर मेडिकल परीक्षामा यस्तो धारणा निरर्थक साबित हुन्छ। अत्यन्त महत्त्वपूर्ण र घोक्नैपर्ने कुराको छुट्टै नोट बनाउने जसमा इन्स्टिच्युटले दिएको नोटले मद्दत गर्छ। राम्रो नोटका लागि निम्न कुरामा ध्यान दिनुपर्छः

-कुन परीक्षाको तथा कुन अध्ययन संस्थाको प्रवेश परीक्षाको तयारी गर्न खोजिएको हो स्पष्ट हुनुपर्छ। सोही अनुसार विषयहरू पनि चयन गर्नुपर्छ।

- अघिल्ला वर्षहरूमा सोधिएका प्रश्नहरू संकलन गर्नुपर्छ र सोहीअनुसार आफ्नो छुट्टै नोट तथा सूत्रहरू तयार गर्नुपर्छ। धेरै प्रश्न सोधिएका पाठलाई प्राथमिकता दिँदै धेरै प्रश्न हल गर्ने सम्भावना हुन्छ।

- आफूले बुझ्ने किसिमको र गाह्रो लागेको विषयलाई केन्द्रविन्दु बनाउनुपर्छ। सूत्र याद गर्दै आफ्नै निश्चित कोड वाक्य प्रयोग गरेर नोट बनाउनुपर्छ।

-आफूले बनाएका चिट तथा सूत्रहरू स-साना भएकाले परीक्षा अघि तयारी गर्न सजिलो हुन्छ। कतिपय परीक्षा ५-७ दिनकै अन्तराल हुन्छन्। त्यस्तो अवस्थामा धेरै परीक्षार्थीहरू आत्तिन्छन्। एउटा परीक्षापछि अर्को परीक्षा दिँदा पुनः अभ्यास गर्न त्यस्ता नोट चिट तथा सूत्रहरू बढी महत्त्वपूर्ण हुन्छन्।

**समय व्यवस्थापन :**

परीक्षाको तयारी कुनै तपस्याभन्दा कम हुँदैन। जबसम्म विद्यार्थीले समय व्यवस्थापनको कला आफ्नो जीवनशैलीमा अपनाउँदैनन् त्यो परीक्षाको तपस्या उनीहरूका लागि ज्यादाभन्दा ज्यादा कठिन हुन्छ। कुनै पनि प्रश्न परीक्षाको दृष्टिले सामान्य हुँदैनन्। कहिलेकाहीँ जुन कुरामा कम ध्यान केन्द्रित हुन्छ, त्यसबाट बढी प्रश्न आउँछ। प्रायःगरी भौतिकशास्त्र एवं रसायनशास्त्रलाई धेरै समय र स्वास्थ्य, जीवशास्त्र अनि अंग्रेजीलाई कम समय दिइन्छ। प्रत्येक प्रश्नलाई एक मिनेटमा भ्याउनुपर्छ। कम समय लिने प्रश्नलाई जतिसक्दो चाँडो गरी बढी समय लाग्ने प्रश्नमा बचेको समय खर्च गर्नुपर्छ।

**सही परीक्षाको चयन :**

एमबीबीएसका लागि इन्स्टिच्युट अफ मेडिसिन, महाराजगन्जमा ४२+१ (स्टाफ) कोटाका लागि प्रवेश परीक्षा भदौ-असोजमा हुन्छ। त्यसबाहेक त्रिवि सम्बद्ध भैरहवा मेडिकल कलेज, जानकी मेडिकल कलेज, नेसनल मेडिकल कलेज, युनिभर्सल मेडिकल कलेज तथा पिपुल्स डेन्टल कलेजमा भदौमा परीक्षा लिइन्छ तर यसका लागि मेरिट लिस्टमा नाम निकाल्नैपर्छ। इन्स्टिच्युट अफ मेडिसिन, महाराजगन्जमा आंशिक अनुदान र अन्यमा पूर्ण अनुदानमा पढ्नुपर्छ। यस्तै विदेशी लगानीमा सञ्चालित मेडिकल कलेजमा २० प्रतिशत र स्वदेशी लगानीका मेडिकल कलेजमा १० प्रतिशत कोटा शिक्षा मन्त्रालयलाई दिनुपर्ने प्रावधान छ।

युनिभर्सल मेडिकल कलेज, मणिपाल मेडिकल कलेज, नेसनल मेडिकल कलेज, भरतपुर मेडिकल कलेज विदेशी लगानीका कलेज हुन् साथै काठमाडौं युनिभर्सिटीअन्तर्गत अन्य कलेज नेपाल मेडिकल कलेज, काठमाडौं मेडिकल कलेज, काठमाडौं युनिभर्सिटी स्कुल अफ मेडिकल साइन्स आदि निजी लगानीका मेडिकल कलेजमा शिक्षा मन्त्रालयअन्तर्गत वर्षमा दुई पटक प्रवेश परीक्षा हुन्छ। बी.पी.के.एच.एस. धरानमा जून-जुलाईमा प्रवेश परीक्षा हुन्छ। त्यहाँ दुर्गम जिल्लाका लागि चार, स्टाफका छोराछोरीका लागि १ गरी २० सिट विना डोनेसनको छ भने थप २० सिट डोनेसन तिरेर पढ्न पाइने व्यवस्था छ। त्यसैले विद्यार्थीले जुन परीक्षामा धेरै सिट छ वा प्रतिस्पर्धामा जम्न सकिन्छ भन्ने लाग्छ त्यही परीक्षाको फर्म भर्नुपर्छ।

निजी तवरले पढ्न चाहने विद्यार्थीहरूले काठमाडौं युनिभर्सिटीका कलेजहरूमा पढ्न पाउँछन्। त्यसका लागि पनि प्रवेश परीक्षा उत्तीर्ण गर्नुपर्छ र यसको प्रवेश परीक्षा जुलाई-अगस्ततिर हुन्छ। निजी तवरले पढ्दा १४-२० लाख सम्म खर्च लाग्न सक्छ। यसबाहेक चीन, बंगलादेश र रसियामा नेपाली विद्यार्थीले सजिलै भर्ना हुन पाउँछन्। जुन नेपालभन्दा सस्तो पनि छ।

**रिभिजन आवश्यक छ**

विद्यार्थीले परीक्षाको तयारी दुई महिना पहिले नै गर्नुपर्छ। बाँकी दुई महिना पहिले सबै प्रश्नपत्रको हल गर्दै, आफूले गरेको गल्तीलाई एक-एक गरी सुधार्दै पढ्नुपर्छ। वैज्ञानिक तथ्यहरू धेरै हुन्छन् र एकैपटकमा सबै कुरा सम्झिइन्छ भन्ने छैन। नोट्स तथा सूत्रहरूबाट सबै कुरा समेटेपछि कम्तीमा तीन-चारपटक पुनःअभ्यास गरिहरनुपर्छ। कुनै पनि विषयमा पूरा ध्यान दिँदै पढ्ने किनकि कुनै पनि विषय परीक्षाको दृष्टिकोणले कम महत्त्वपूर्ण हुँदैन।

जति नम्बरका प्रश्न हुन्छन्, त्यति नम्बर ल्याउने प्रयास हुनुपर्छ। बेलाबेलामा आफैंले पढेको पाठमा आफ्नो योग्यता मापन गर्न सकिन्छ। परीक्षाको तयारी जति नै राम्रो भए पनि आफ्नो मेहनत र भाग्यमा पनि परीक्षाको सफलता भरपर्छ। परीक्षामा प्रश्न राम्रोसँग बुझेर अनि दिइएको सूचना ध्यानपूर्वक पढी उत्तर लेख्नुपर्छ। प्रतिस्पर्धामा एक अंक पनि महत्त्वपूर्ण हुन्छ। गल्ती ज्यादै सानो हुन सक्छ तर त्यो क्यारियरका लागि उत्तिकै घातक पनि।

*(इन्स्टिच्युट अफ मेडिकल एजुकेसनका म्यानेजिङ डाइरेक्टर डा. रोशनकुमार झासँग संगीता कटुवालको कुराकानीमा आधारित, सहयोगी डा. बालकृष्ण साह)*

## अवसर

• काठमाडौंस्थित एक कलेजका लागि ३ जना केमेस्ट्री, ३ जना फिजिक्स, २ एकाउन्टेन्सी, २ जना अंग्रेजी, १ जना मार्केटिङ, १ जना ओएमएसपी, १ जना होटल म्यानेजमेन्ट र १ जना म्याथम्याटिक्स शिक्षकको आवश्यकता छ। योग्य व्यक्तिले कलेजको फोन नम्बर ४२२१८७५ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक वित्तीय संस्थाका लागि स्नातक तह उत्तीर्ण तथा मोटरसाइकलको लाइसेन्स भएको एक जना मार्केटिङ अफिसर, बैंकिङ र फाइनान्सियल क्षेत्रको अनुभवप्राप्त तथा कम्प्युटर हार्डवेयर, सफ्टवेयरको ज्ञान भएको एक जना सिस्टम एडमिनिस्ट्रेटर र दुई वर्ष बैंकिङ तथा फाइनान्स कम्पनीमा काम गरेको एक जना क्रेडिट अफिसरको आवश्यकता छ। योग्य व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित वित्तीय संस्थाको पोष्ट बक्स २४२६२ काठमाडौंमा आवेदन दिनुहोला।

• ललितपुरस्थित एक म्यानपावर कम्पनीका लागि एसएलसी उत्तीर्ण तथा साइकल चलाउन जान्ने एक जना पुरुष अफिस रनर र साधारण पढ्न-लेख्न जान्ने एक जना अफिस परिचालिका महिलाको आवश्यकता छ। इच्छुक व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित पोष्ट बक्स नम्बर ९१३४ काठमाडौंमा आवेदन दिनुहोला।

• काठमाडौंस्थित एक शैक्षिक इन्स्टिच्युटका लागि अंग्रेजी, जर्मन, फ्रेन्च, जापानिज, चाइनिज, इटालियन, कोरियन, हिब्रु डेनिस भाषा अध्यापन गराउन सक्ने प्रशिक्षकहरू, टोफेल/आइइएलटिएस शिक्षक र कम्प्युटर प्रशिक्षकहरूको आवश्यकता छ। योग्य व्यक्तिले इन्स्टिच्युटको फोन नम्बर ४२३८३५६ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक प्रालिका लागि शाखा व्यवस्थापक पदका निम्ति ९ जना महिला र ११ जना पुरुष कर्मचारीको आवश्यकता छ। न्यूनतम एसएलसी दिएर बसेकाहरूले प्रालिको फोन नम्बर २०४०६७५ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक सहकारी संस्थाका लागि बिबिएस उत्तीर्ण गरेर सहकारी फाइनान्समा न्यूनतम ३ वर्षको अनुभवप्राप्त एक जना मार्केटिङ म्यानेजर र आइकम उत्तीर्ण गरेर सोही क्षेत्रमा न्यूनतम २ वर्षको अनुभवप्राप्त ५ जना मार्केटिङ असिस्टेन्ट अफिसरको आवश्यकता छ। योग्य व्यक्तिले सहकारी संस्थाको फोन नम्बर ४१०१०२२ मा सम्पर्क राख्नुहोला।

विज्ञान

## किस गर्नुभन्दा चकलेट खानु आनन्द

विपरीत लिंगीलाई चुम्बन गर्दा वा चकलेट खाँदा कुनमा बढी आनन्द आउला ? हामी सबैले सहजै उत्तर दिन सक्छौं– किस गर्दा, तर वैज्ञानिक अध्ययनबाट चकलेट खाँदा नै बढी आनन्द आउने र त्यसले पछिसम्म प्रभावित गर्ने तथ्य पत्ता लागेको छ । २० वर्ष उमेरका केही जोडीमा यो परीक्षण गरियो । सबैभन्दा पहिले उनीहरूलाई मुखमा चकलेट राखी त्यहीं बिस्तारै बिलाउन दिइयो । त्यसपछि फेरि एक अर्कालाई किस गर्न लगाइयो । युनिभर्सिटी अफ ससेक्सका डा.



डेभिड लुइसको नेतृत्वमा यो परीक्षण गरिएको थियो । संलग्न जोडीहरूको टाउकाको तालुनजिक इलेक्ट्रोड तथा छातीमा हार्ट मोनिटर राखिएको थियो । किस गर्दा मुटुको धड्कन प्रतिमिनेट ६० पटक धड्कन्यो भने चकलेट खाँदा १ सय ४० पटक । त्यसैगरी चकलेट खादा मस्तिष्कको सम्पूर्ण भाग सक्रिय भएको पाइयो, जबकि किस गर्दा सम्पूर्ण भाग सक्रिय हुँदैन । परीक्षणमा उनीहरूले कालो चकलेट प्रयोग गरेका थिए । चकलेटमा फिनाइलथालामाइन नामक एक प्रकारको रसायन पाइन्छ । यसले इन्डोर्फिनको मात्रा बढाउँछ । इन्डोर्फिनले मस्तिष्कमा आनन्द पुर्‍याउँछ । त्यसकारण नै चकलेटले यस प्रकारको कमाल गरेको कुरा पनि अनुसन्धानमा संलग्न वैज्ञानिकहरूले बताएका छन् ।

# वातावरणसँग गाँसिएको छ स्वास्थ्य

**डा.नृपेन्द्र तिवारी**

स्वच्छ वातावरण एवं स्वस्थ्य जीवनबीच गहिरो सम्बन्ध छ । स्वस्थ जीवनशैली अपनाए पनि मानिस प्रदूषित वातावरण, प्रदूषित पानीबाट बच्न सक्दैन । स्वच्छ वातावरण पृथ्वीमा बाँच्नेहरूको मिलिजुली प्रयासबाट मात्र सम्भव छ ।

प्रदूषित वातावरणका लागि बढ्दै गएको विश्वको जनसंख्या नै प्रमुख कारण मानिन्छ । एक अध्ययनअनुसार पहिलो शताब्दीमा मानिसको जनसंख्या २० करोड रहेकोमा बढ्दै गएर सत्रौं शताब्दीको अन्त्यतिर ५० करोड पुगेको थियो । यो संख्या अप्रत्याशित रूपमा बढ्दै गएर १९९९ मा ६ अर्ब पुग्यो । संयुक्त राष्ट्रसंघका अनुसार यो संख्या सन् २२०० सम्म १० अर्ब पुग्ने अनुमान गरिएको छ । विकशित प्रविधि, जनसंख्याको तीव्र वृद्धि, कलकारखाना एवं सवारी साधनहरूबाट निस्किएको धुवाँले विश्वको वातावरणलाई क्रमिक रूपले प्रदूषित बनाउँदै लगेको छ ।

ग्लोबल वार्मिङ भएर तापक्रम बढ्दै जानु चिन्तालाग्दो कुरा हो । एक अध्ययनअनुसार सन् २१०० सम्म पृथ्वीको तापक्रम २ देखि ७ डिग्री सेन्टिग्रेडले बढ्नेछ, जसले गर्दा हिउँ पग्लिएर समुन्द्रको सतह बढ्ने निश्चित छ । यसले मौसम एवं हावापानीमा असन्तुलन बढ्नेछ भने गर्मी पनि त्यतिकै बढ्दै जानेछ । ओजन सतह पातलिँदै जाँदा बोटबिरुवामा हुने फोटोसिन्थेसिस कम भएर खाद्यान्न उत्पादनमा समेत ह्रास आउनेछ । त्यस्तै वातावरणीय असन्तुलनले गर्दा अम्लीय वर्षा भएर वनस्पति एवं रुखहरूलाई नष्ट गर्ने मात्र होइन, पानीमा बस्ने जीवजन्तुलाई समेत नकारात्मक असर पार्नेछ ।

ग्लोबल वार्मिङ बढ्दै जाँदा ओजन सतह पातलो वा ठाउँ-ठाउँमा



सगरमाथामा फोहोर : पदयात्री तथा आरोहीहरूले छाडेको बोतलको थुप्रो

### वातावरणका लागि ध्यान दिनुपर्ने कुरा

- धुम्रपान त्याग्नुपर्छ, जसले गर्दा वरिपरिको हावा, बालबालिका र अन्य मानिसका लागि हानिकारक नहोस् ।
- आफ्नो घरवरिपरि सम्भव भएसम्म वृक्षारोपण गर्नुपर्छ ताकि स्वच्छ हावा र अक्सिजन प्राप्त होस् ।
- सरकारी तथा गैरसरकारी स्तरबाट जंगल अतिक्रमण गर्ने कार्य, पानीको मुहान सुक्ने, खलबलिनेजस्ता कार्य निरुत्साहित गरिनुपर्छ ।
- भूक्षय हुन नदिन वैकल्पिक उपायहरू अवलम्बन गर्नुपर्छ ।
- सकेसम्म पैदल हिँड्नुपर्छ, नभए सार्वजनिक सवारी साधन प्रयोग गर्नुपर्छ । नभई नहुने अवस्थामा मात्र अन्य निजी सवारीसाधन प्रयोग गर्नुपर्छ ।
- आफ्ना सवारी साधनहरू चुस्त-दुरुस्त राख्नुपर्छ ।
- डिस्पोजेवल सरसामानको प्रयोग न्यून गर्नुपर्छ र रि-साइकल हुने सरसामान प्रयोगमा ल्याउनुपर्छ ।
- प्लास्टिकको थैलाको प्रयोग सकेसम्म न्यून गर्नुपर्छ ।
- आफ्नो घरबाट निस्किएको फोहरबाट कम्पोस्ट मल बनाउन सकिन्छ ।
- पानीको मुहानलाई दूषित तुल्याउनु हुँदैन ।
- वातावरणसँग आबद्ध संघ-संस्थामा आफ्नो सक्रिय सहभागिता जनाउनुपर्छ ।
- जनचासोका यस्ता विषयमा हरेक पक्षले बहस थाल्नुपर्छ ।
- हरेक नागरिकले आ-आफ्नो क्षेत्रबाट वातावरण बचाउ अभियानमा सक्रिय सहभागिता जनाएर जनचेतना जगाउन मद्दत पुर्‍याउनुपर्छ ।
- वातावरण बचाउ अभियानलाई अझ सार्थक बनाउन पाठ्यक्रममा यस्ता विषयवस्तुलाई विशेष रूपमा समावेश गरिनुपर्छ ।
- जीवजन्तुको चोरी, तस्करी गर्नेलाई कडा सजायको व्यवस्था गर्नुपर्छ ।
- पानीको मुहानको संरक्षण गर्नुपर्छ ।
- ढुंगाखानीलाई व्यवस्थित एवं वैज्ञानिक ढंगले प्रशोधन गर्नुपर्छ ।

नष्ट भएर सूर्यको हानिकारक किरण हाम्रो शरीरमा प्रत्यक्ष रूपमा परेर छालाको क्यान्सर, आँखाको ज्योति नष्ट हुने तथा शरीरको प्रतिरोधात्मक शक्तिमा ह्रास आउने हुन्छ ।

अर्कातिर पानीमा भएको फ्लोराइडको मात्रा यदि ४ पीपीएम वा सोभन्दा बढी भए शरीरमा नकारात्मक असर पर्छ । यसले गर्दा दाँतमा सधैंका लागि दाग बस्ने मात्र होइन, शरीरको हाडजोर्नीमा समेत असर पार्नेछ ।

पानीमा केही गरी आर्सनिक मिसावट भए झाडा-पखाला लाग्ने, फोक्सो र छालाको क्यान्सरसमेत हुने खतरा रहन्छ । पारोयुक्त पानीमा रहेको माछा खाँदा स्यानमारा रोग लागेको कुरा जापानमा सन् १९५२ तिरै पत्ता लागेको थियो । त्यस्तै पानीमा पारो मिसावट भए यसले विषाक्त पदार्थको काम गर्छ, जसको असरमा ओठ, जिब्रो लाटो हुने, दृष्टि कमजोर हुने, बहिरो हुने आदि समस्या देखा पर्छन् ।

क्याडमियमबाट पानी प्रदूषित भए हाडजोर्नी दुख्ने, कलेजो र फोक्सोको क्यान्सर हुने सम्भावना हुन्छ । क्यान्सरयुक्त पदार्थहरूमा सूर्यको किरणको यू.भी. विकिरण तथा उद्योगधन्दाबाट निस्कने धूवाँहरू पर्छन् ।

हावामा भएका यस्ता धूवाँधूलोका कणले खोकी लाग्ने, टाउको दुख्ने, एलर्जी हुने, नाक तथा घाँटीको समस्या हुने, मुख सुख्खा हुने, दमको रोग हुने एवं श्वास-प्रश्वासको समस्या देखिने हुन्छ ।

हामी जानेर वा नजानेर यो धरतीलाई दिन-प्रतिदिन कुरूप र बस्नै नसक्ने ठाउँ बनाउँदै छौं । आजको आवश्यकता भनेको प्रत्येक मानिसले आफ्नो जिम्मेवारीबोध गरेर आफ्ना सन्ततिलाई अझ सुन्दर पृथ्वी, वरदानका रूपमा दिन सक्नु हो । त्यसको सुरुवात आजैदेखि गर्नुपर्छ ।

## उत्सर्जन घटाउन जापानले सघाउने

ग्रिन हाउस ग्यास उत्सर्जनमा कमी ल्याउने मात्र नभई प्रदूषण र गरिबीजस्ता विकाससम्बन्धी मुद्दाहरूसँग जुध्ने उपायहरू आत्मसात् गर्नका लागि विकसित राष्ट्रहरूलाई सघाउन जापानले नयाँ सहायता कार्यक्रम तर्जुमा गर्ने योजना बनाएको छ ।

विश्वव्यापी उष्णता घटाउने उपायहरू अपनाए आर्थिक विकासको गति मन्द हुने आशाका साथ यो अभियानमा सहभागी बन्न विकासशील राष्ट्रहरू अनिच्छुक रहिआएको पृष्ठभूमिमा यस्ता उपायहरू ती राष्ट्रका पर्यावरणीय चासोका विषयमा पनि प्रभावी सावित हुन सक्छ भन्ने अपेक्षा जापानी अधिकारीहरूको छ । जापानद्वारा अगाडि सारिएका उपायहरूमा सहरहरूमा ट्राफिकको चाप कम गर्न सार्वजनिक यातायातको पद्धति सुरु गर्ने जस्ता विषय समेटिएका छन् । जसबाट वायु प्रदूषण र कार्बनडाइअक्साइडको उत्सर्जन न्यून होस् ।

यस्ता उपायहरू प्रदूषण नियन्त्रणका जापानी प्रयासहरू, ऊर्जा उत्पादनका नयाँ कदम तथा प्रविधि हेरेर सुझाइनेछन् । सहरका दुर्गन्धित बस्ती तथा ग्रामीण इलाकाहरूका फोहोर तथा वस्तुभाउका स्रोत मिल्काउने एकाइहरू खडा गर्न लगाइनेछ । जसबाट काम नलाग्ने वस्तुलाई पुनः प्रशोधनको माध्यमबाट इन्धन र मलखादमा रूपान्तरण गर्न सकियोस र अन्ततः गरिबी निवारणमा मद्दत पुगोस् । यो प्रक्रियाबाट मिथेन ग्यास सङ्कलित भै जलप्रदूषणमा न्यून हुनेछ । मिथेन उल्लेख्य ग्रिन हाउस प्रभाव छाड्ने एक ग्याँस हो ।


## राजीवको नेटनशा

**साप्ताहिक समाचार**

काठमाडौं– विगत दुई दशकदेखि ग्ल्यामर फोटोग्राफी गर्दै आएका चर्चित फोटोग्राफर राजीव श्रेष्ठले हिजो बिहिबारदेखि वेबसाइट 'नेटनशा डटकम' प्रारम्भ गरेका छन् । साइबरको युगमा फोटोग्राफरहरूले पनि वेबसाइटमार्फत आफ्नो परिचय बनाउनुपर्ने अवधारणाका साथ आरम्भ भएको उक्त वेबसाइट समाचार, मनोरञ्जन एवं भ्रमणमा आधारित छ । सबै प्रकारका समाचार, मनोरञ्जन गतिविधि तथा नेपाल भ्रमणसम्बन्धी जानकारी नेटनशा डटकममा हेर्न पाइनेछ । नेटनशामा विशेष गरी फोटोग्राफर श्रेष्ठले खिचेका पुरानादेखि नयाँ कलाकारका प्रकाशित तथा अप्रकाशित तस्बिरहरू राखिएका छन् ।

## पोखरा न्युज र सारा संसार

पोखराबाट सञ्चालित लम्लीपोखरा डटकमले सञ्चालनमा ल्याएको समाचारमूलक वेबसाइट पोखरा न्युज डटकम डटएनपी तथा मनोरञ्जनमूलक वेबसाइट सारासंसार डटकमको प्रसारण प्रारम्भ भएको छ । मनोरञ्जनात्मक वेबसाइटको 'साप्ताहिक' का सह-सम्पादक सञ्जीवन महर्जन एवं उप-सम्पादक सुव्रत आचार्यले संयुक्त रूपमा तथा समाचारमूलक वेबसाइटको नेपाल पत्रकार महासंघका पश्चिमाञ्चल उपसभापति गंगाधर पराजुलीले ब्राउज गरी उद्घाटन गरेका थिए ।



यसरी प्रसारण आरम्भ गरिएको पोखरा न्युजमा स्थानीयदेखि राष्ट्रिय समाचारलाई समेटिएको छ भने सारा संसारमा मोडलिङ, तस्बिर तथा घटनाहरूलाई समाविष्ट गरिएको छ ।

इन्टरनेटको संसारमा नयाँ प्रयोगका लागि हामीले फरक-फरक वेबसाइट संचालनमा ल्याएका हौं भन्दै लम्लीपोखरा डटकमका प्रबन्धक ओम लामाले भने- 'इन्टरनेटमार्फत पोखरालाई हामीले चिनाउने भरमग्दुर प्रयास गरेका छौं ।' अब छिट्टै पोखराको पर्यटनलाई समेटेर वेलकम पोखरा डटकम पनि सञ्चालनमा ल्याउन लागिएको जानकारी कार्यक्रममा दिइएको थियो ।

## अब स्वास्थ्य परीक्षणका लागि रोबोट

अमेरिकी अन्तरिक्ष एजेन्सी (नासा) ले मेडिकल रोबोट निर्माण गरेको छ । यो रोबोटको सहायताबाट धेरै टाढा रहेका बिरामीको परीक्षणमा सहयोग पुग्नेछ । विशेष गरी अन्तरिक्ष स्टेसनमा रहेका वैज्ञानिकहरूको स्वास्थ्य-परीक्षणका लागि यो रोबोट निर्माण गरिएको हो । युद्धमा घाइते सिपाही, दुर्गम क्षेत्रमा रहेका बिरामीको कठिन शल्यक्रिया गर्नका लागिसमेत यो रोबोट उपयोगी हुनेछ ।

अमेरिकी रक्षा विभागको आर्थिक सहयोगमा युनिभर्सिटी अफ वासिंगटनका चिकित्सकहरूको समेत संलग्नतामा यो रोबोटको निर्माण गरिएको हो । शून्य गुरुत्वाकर्षणको क्षेत्रमा काम गर्ने गरी निर्माण गरिएको यो रोबोटलाई पानीमुनि निर्माण गरिएको विशेष वातावरणमा परीक्षण गरिनेछ । यो रोबोटलाई बिरामी भएको स्थानमा राखिन्छ । त्यसपछि मानव शल्यचिकित्सकले धेरै माइल टाढाबाट इन्टरनेटको सहायताले यसलाई नियन्त्रण गर्नेछन् ।

उक्त रोबोटको नाम राबेन राखिएको छ । फ्लोरिडाको समुद्रनजिक यसको परीक्षण योजना बनेको छ । रोबोटका पाखुराले सर्जिकल यन्त्र बोकेका हुन्छन् । सियाटलमा कम्प्युटर स्क्रिनअगाडि बसेका चिकित्सकले यसको नियन्त्रण गर्छन् । यो परीक्षणमा रक्तनली फुटेर रगत बगेको समयमा त्यसलाई टालिन्छ । यसका लागि रबर ट्युब प्रयोग गरिनेछ । सियाटलबाट फ्लोरिडासम्म व्यावसायिक इन्टरनेट कनेक्सन प्रयोग गरिएको छ भने पानीमुनिको भागमा वायरलेस केबुल प्रयोग गरिएको छ । पानीमुनीको परीक्षणमा रोबोटका साथमा नासाका दुई वैज्ञानिक तथा एक जना फ्लाइट सर्जन संलग्न थिए ।

यो रोबोट अहिले अमेरिकी अस्पतालहरूमा प्रयोग हुँदै आएको रोबोटभन्दा दुई कारणले फरक छ । यो तीभन्दा बलियो छ र यसले संचारलाई पनि बुझ्छ, -बायोरोबोटिक्स ल्याबका प्रोफेसर ब्लाक हयानफोर्ड भन्छन् । यसको तौल जम्मा ५० पाउन्ड मात्र छ । यसका पार्ट्सहरू फुकालेर एक स्थानबाट अर्को स्थानमा लान सकिन्छ । त्यसैगरी सामान्य प्राविधिक ज्ञान मात्र भएका व्यक्तिहरूले पनि यसलाई जोड्न सक्छन् । यसका लागि इन्जिनियर नै चाहिने बाध्यता छैन । अहिले प्रयोग भैरहेका रोबोटलाई यसरी सजिलैसंग एक स्थानबाट अर्को स्थानमा लान पनि सकिँदैन र तिनको तौल पनि हजारौं पाउन्ड हुन्छ । यिनलाई यति धेरै टाढाबाट नियन्त्रण गर्न पनि सकिँदैन ।

यस प्रकारको रोबोटको काम भने निकै जोखिमपूर्ण हुन्छ । शून्य गुरुत्वाकर्षणको क्षेत्रमा प्रायः मानिस अथवा अन्य कुनै वस्तु स्थिर रहन सक्दैनन् । यसका लागि रोबोट तथा बिरामी दुवै स्थिर रहनुपर्छ । सबैभन्दा चुनौतीपूर्ण कार्य नै यही हो ।

# पाठेघर क्यान्सरको कारण

पाठेघरमा हुने क्यान्सर विभिन्न किसिमका हुन्छन् । विवाहित महिला अथवा अविवाहित युवती दुवैलाई यो रोग लाग्ने सम्भावना हुन्छ । यस किसिमको क्यान्सर लागेपछि यसलाई चार अवधिमा विभाजित गरिन्छ । पहिलो अवधिमा पाठेघरको क्यान्सर पाठेघरभित्र मात्र सीमित रहन्छ । दोस्रो अवधिमा क्यान्सर ठूलो भएर पाठेघरको नलीसम्म फैलिन्छ । तेस्रो अवधिमा क्यान्सर पाठेघर बाहिर वा नितम्बका अरू भागसम्म फैलिन्छ ।

महिलाहरूका लागि घातक क्यान्सरका दृष्टिबाट हेर्दा पाठेघरको क्यान्सर चौथो स्थानमा परेको छ । यो रोगको निदान गर्न गाह्रो छ । त्यसैले महिनावारी सकिएका वा सकिन लागेका माहिलाहरूले हरेक वर्ष दुई पटक अस्पताल गएर जाँच गराउनु राम्रो हुन्छ । जुनसुकै उमेरका महिलाहरूले पाठेघरको नलीबाट रगत वा अरू तरल पदार्थ निस्केमा अथवा पेटको तल्लो भागमा विसन्चो भएको अनुभव भएमा तत्कालै अस्पताल गएर जाँच गराइहाल्नुपर्छ ।

मानिसको शरीरका सबै भाग वा अवयव दसौं हजारौं जीव-कोषबाट बनेको हुन्छन् । विभिन्न अवयवका जीव-कोषको रूप र क्षमता फरक-फरक भए पनि रोग लागेका अवयवलाई ठीक पार्न तिनको क्षमतामा त्यति फरक छैन ।

मानिसको शरीरका सबै जीव-कोषमा क्यान्सर पैदा हुने सहज तत्त्व



निहित हुन्छ । सामान्यतया शरीरमा रोगको प्रतिरोधसम्बन्धी निगरानी प्रणालीले ती जीव-कोषको संरचना तथा अवस्थाको तारतम्य मिलाएको हुन्छ । यस्तो सामान्य अवस्थामा मानिसलाई क्यान्सर लाग्दैन, तर रोगले आक्रमण गरेको वा रोग प्रतिरोधात्मक क्षमतामा असर गरेको वा रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आएको अवस्थामा मानिसको शरीरमा क्यान्सर पैदा हुने निकै सम्भावना हुन्छ ।

पाठेघरमा क्यान्सर हुने विभिन्न कारण छन् । यस्ता कारणहरूलाई मुख्यतया पाँच भागमा विभाजित गरिएको छ- (१) गर्भधारण नगरेका महिला, (२) निकै मोटा वा चिनीरोगबाट पीडित महिला, (३) स्तन क्यान्सरको उपचार गर्न जथाभावी औषधीको प्रयोग, (४) धेरै समयसम्म पाठेघरको रोग लागेमा, (५) उमेर नपुग्दै विवाह भएका युवती अथवा शिशु जन्मने समय नपुग्दै शिशु जन्माएका वा धेरै शिशु जन्माएका महिलाहरू ।

# साप्ताहिक इनफो

## अब निर्माता



**अमेरिका** गएर विवाह गरेका अभिनेता रमेश उप्रेती अब आफैं निर्माता हुने भएका छन् । कुनै समय नेपाली चलचित्रमा राम्रै प्रभाव पारे पनि पछिल्लो समय पलायन भएका उप्रेती एकताका आफू व्यापारमा संलग्न भएकाले अभिनयलाई समय दिन नभ्याएको बताउँथे ।

पछिल्ला दिनमा नेपाली चलचित्रप्रति असन्तुष्टि व्यक्त गर्दै आएका उप्रेती आफैंले बनाएको चलचित्रबाट कति सन्तुष्ट हुन्छन् हेर्न बाँकी नै छ । उप्रेती स्वयंले भने आफ्नो चलचित्र पृथक् हुने दाबी गरेका छन् । आमनेपाली चलचित्रको तुलनामा पृथक् र मौलिक चलचित्र बनाउने दाबी गर्ने उप्रेतीले सुटिङसमेत युरोप, अमेरिकामा गर्ने भएका छन्, जसको आलेख उनकी नवविवाहित श्रीमती किरण राणाले तयार पारेकी छिन् ।

दर्जनभन्दा बढी चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका उप्रेती नेपाली अभिनेताहरूबीच घमन्डी व्यक्तिका रूपमा परिचित छन् । अनावश्यक घमन्ड गरेकै कारण निर्देशकहरूले उनलाई अभिनय गराउन नचाहेको गाइँगुइँ पनि सेलाएको छैन । उनी आफैं निर्माता भएपछि कसरी प्रस्तुत हुनेछन्, त्यो भने प्रतीक्षाकै विषय बनेको छ । त्यसो त यसअघि दिलीप रायमाझी, सुधांशु जोशी, सुनीलदत्त पाण्डे आदि अभिनेताले पनि चलचित्र निर्माण थालेका थिए ।

## आलोकको आइटम

**'यो** पानी कस्तो बेइमानी..' म्युजिक भिडियो निर्देशक आलोक नेम्वाङ आफ्नो सुरुका दिनमा एकपटक यो गीतमा युवती भएर नाचेका थिए । त्यो नाचलाई त्यतिबेला चर्चामा नआएको शब्दमा अहिले 'आइटम डान्स' भन्न सकिन्छ । उनी फेरि नाच्दै छन्, त्यो पनि आइटम डान्स । नायिका मेलिना मानन्धरसँग एउटा चलचित्रमा उनको आइटम डान्स हेर्न सकिन्छ । अर्को म्युजिक भिडियो निर्देशक सिमोस सुनुवारले निर्माण गरिरहेको चलचित्र 'मिसन पैसा'मा आलोकको आइटम नाच हेर्न पाइने लगभग पक्का छ । आलोकले निर्देशन गरेका म्युजिक



भिडियोका नृत्य-निर्देशक उनी स्वयं नै हुन्छन् । आलोकले निर्माण गरेको पहिलो म्युजिक भिडियो (नवीन के भट्टराईको 'लाखौं पटक मैले..')मा पनि उनी आफैं नायिका झरना बज्राचार्यसँग नाचेका थिए । केही समयभित्रै चलचित्र निर्देशन गर्ने तयारी गरिरहेका आलोक निर्देशक नभएका भए सम्भवतः अभिनेता वा डान्सर बन्ने थिए । त्यसो त उनलाई मोडलिङको सौख पनि छ । कसैले कर नगरेको भएर पो उनले मोडलिङ नगरेका हुन् । आलोक छिट्टै नै गायक अर्जुन कुमार तथा सिमोसको आग्रहमा एउटा म्युजिक भिडियोमा पनि देखिनेछन् ।




## सत्तरी लाखको मलामी

**जम्मा** २० मिनेटको चलचित्रको निर्माण खर्च ७० लाख ? त्यो पनि नेपाली चलचित्र ? त्यति लगानीमा त हाम्रा निर्माताहरू तीनवटा तीनघण्टे चलचित्र नै बनाउँछन् । अभिनय र चलचित्र निर्माणलाई खेलाँची नसम्झिने सुवर्ण थापाले उक्त चलचित्र निर्देशन गरे । एक किसिमले कम लगानीको चलचित्रमा अभिनय गरिरहेकी बिपना थापा पनि यस्तो अचम्मको 'प्रोजेक्ट'मा सहभागी भइन् । लगानी त्यति धेरै भए पनि दर्शकहरूले यो चलचित्रलाई श्याम/श्वेतमा मात्रै हेर्न पाउनेछन् । चलचित्र फरक धारमा बनेको छ । फ्रान्सबाट रंगमञ्च कलासम्बन्धी अध्ययन गरेका थापाले यो चलचित्रमा नेपाली परिवेश प्रस्तुत गर्दैछन् । बिपनाले यसमा बिदेसिएको लोग्ने कुरेर बसेकी एक ग्रामीण नारीको चरित्र निर्वाह गरेकी छिन् । बिपना फरक खालको भूमिकामा अभिनय गर्न पाएकोमा खुसी छिन् । 'यो चलचित्रमा को हिरो, को हिरोइन भनेर छुट्याउन गाह्रो पर्छ, किनभने यसमा कोही नायक वा नायिका छैनन् ।' नाटककर्मी अनुप बरालले चलचित्रमा कालको भूमिका निर्वाह गरेका छन् । यो चलचित्रमा नेपालको दसवर्षे सशस्त्र द्वन्द्वका कारण उब्जिएको मानवीय एवं सामाजिक संकटलाई मूल विषय बनाइएको छ ।

## गफैं त हो

### अविवाहित रहन सक्छिन् रेश्मा



**रेश्मा** सुनुवार सम्भावनायुक्त प्रतिभाशाली गायिका हुन् भन्ने त धेरैलाई थाहा भैसकेकै हुनुपर्छ । आफ्नो सुरिलो स्वर तथा रूप जस्तै उनको विचार पनि सफा र रमाइलो छ । सायद त्यसैले पनि रेश्मा प्रेमलाई सकारात्मक भावना भन्न रुचाउँछिन् तर विवाह उनका लागि सम्झौता मात्र हो, मन परे पनि नपरे पनि सँगै बस्नुपर्ने । यद्यपि यो उनको अनुभव भने होइन किनकि रेश्माको विवाह भएको छैन । त्यसैले उनले आमयुवतीझैं आफ्नो कल्पनाको राजकुमारको खाका पनि कोरेकी छिन्- जो सुपरम्यान जस्तो शक्तिशाली, बिल गेटसजस्तो सम्पन्न र आइन्स्टाइनको जस्तो मस्तिष्क भएको हुनुपर्छ । रेश्मा जी त्यसो भए त तपाईंले उँटसँग विवाह गर्नुपर्‍यो किनकि यस्तो विपरीत ध्रुव एक ठाउँमा मिल्दा उँट नै बन्छ भन्ने कुरा तपाईंलाई सम्झाइरहनु पर्दैन । फेरि अर्को कुरा पनि छ- त्यस्तो व्यक्तिको खोजीमा तपाईं आजीवन अविवाहित रहन सक्नुहुन्छ । अब अविवाहित नै रहने कि कुनै लक्का जवान खोजेर घरजम गर्ने ? जिम्मा तपाईंकै ☐

## शम्भुजितकै पथमा




लोकतान्त्रिक सरकारले नियुक्त गरेको चलचित्र विकास बोर्डका पदाधिकारीले शाही शासनकालकै नीति-नियम अनुसरण गरेको देखेपछि कतिपय चलचित्रकर्मीले त्यसको आलोचना गर्न थालेका छन् । लोकतन्त्रप्रति आस्था राख्ने व्यक्तिहरूले बोर्डमा नियुक्ति पाएपछि नयाँ नेपाल निर्माणयात्रामा चलचित्रकर्मीको समेत सार्थक उपस्थिति हुने कुरामा कतिपय व्यक्ति ढुक्क थिए, तर भयो उल्टो । नयाँ काम गर्नु त कता हो कता, पुरानै परिपाटीलाई निरन्तरता दिएपछि निराश हुनुबाहेक कुनै उपाय पनि छैन ।

हालसालै विकास बोर्डले नेपाली चलचित्रको स्तर बढाउन केही चलचित्रलाई ५ लाख अनुदान दिने घोषणा गरेको छ । ५ लाख लिनका लागि बोर्डमा दौडधूप गर्नेहरू पनि त्यत्तिकै छन्, तर जो अनुदानका लागि सक्रिय छन् तिनले बनाएको चलचित्रबाट स्तरको अपेक्षा गर्न सकिँदैन भन्ने कुरामा बोर्डका पदाधिकारीहरू **स्वयंलाई** ज्ञान छ, तैपनि उनीहरू यस्तो अनुदान दिनु ठीक होइन भन्ने पक्षमा छैनन् । अर्को अचम्मलाग्दो कुरा त यसरी अनुदान दिने नियम वर्तमान पदाधिकारीले बनाएका होइनन् । शाही सरकारको पालामा कार्यकारी अध्यक्ष नियुक्त भएका शम्भुजित बाँस्कोटाले नै अनुदान दिने नियम बनाएका हुन् । भाषण गर्नुपर्दा क्रान्तिकारी कुरा गर्ने बोर्डका लोकतान्त्रिक पदाधिकारीहरू शाही शासनकै निर्णयलाई शिरोधार्य गर्दै हिँडेकोमा आलोचना गर्नेहरू पनि धेरै छन् ।

# कृति एवार्डमा प्रिज्माको ह्याट्रिक





**साप्ताहिक समाचार**


व्यापारिक क्षेत्रका प्रायः सबै घराना र विभिन्न क्षेत्रसँग सम्बन्धित व्यक्तित्वको उपस्थितिमा चौथो ओरान्जेबुम कृति एवार्ड सम्पन्न भएको छ। एडभरटाइजिङ एसोसिएसन अफ नेपाल (आन) को आयोजनामा होटल याक एन्ड यतिमा गत शुक्रवार बेलुका ८ बजे प्रारम्भ भएको उक्त एवार्ड समारोह राति करिब एक बजेसम्म चलेको थियो। यस वर्षको कृति एवार्डमा 'वेस्ट एड एजेन्सी' को एवार्ड लगातार तेस्रो पटक प्रिज्मा एडभरटाइजिङले प्राप्त गर्‍यो। २४ वटा कम्पनीको प्रतिस्पर्धा रहेको एवार्ड समारोहमा प्रिज्माले सबैभन्दा बढी ५ विधामा पुरस्कार जितेको थियो।

एवार्ड समारोहमा वेलकम एडभरटाइजिङ एन्ड मार्केटिङ तथा बिजनेस एड्भान्टेजले ४-४ वटा एवार्ड हात पारेका थिए भने एभेन्युज नेपालले ३ वटा विधामा एवार्ड हासिल गरेको थियो। दर्शकले खचाखच भरिएको हलमा सम्पन्न एवार्ड समारोहमा 'बेस्ट जिंगल एवार्ड' सालिमार सिमेन्टको जिंगलका लागि वेलकम एडभरटाइजिङ एन्ड मार्केटिङ प्रा.लि.ले प्राप्त गर्‍यो। त्यस्तै 'बेस्ट जिंगल मेकर' मा पनि उक्त कम्पनीका जेबी विष्ट विजयी घोषित भए। त्यसैगरी वेलकमले बेस्ट रेडियो स्पोट (एचपी मिल्की) र बेस्ट टिभिसी एवार्ड (सालिमार सिमेन्ट) मा पनि एवार्ड हात पार्‍यो। कमर्सियल क्याम्पेन एवार्डमा स्प्रेक्ट्रम एडभरटाइजिङ एन्ड मिडिया कन्सल्टेन्टले सेफ्टीको विज्ञापनमा र प्रिज्माले मेरो मोबाइलको विज्ञापनमा उपाधि जिते। प्रिज्माले मेरो मोबाइलको विज्ञापनमा बेस्ट टिभीसी एडिटर (जितेन्द्र र नीरज) ले प्राप्त गर्‍यो। उक्त कम्पनीले बेस्ट आर्ट डाइरेक्टर प्रिन्ट एवार्ड हासिल गर्‍यो। एडभर्टाइजिङ एभेन्युज प्रा.लि.का अभय पाण्डेले बेस्ट टिभिसी डाइरेक्टरको उपाधि जिते। त्यस्तै पाण्डेले कुमारी बैंकको विज्ञापनका लागि बेस्ट स्क्रिप्ट राइटरको उपाधि पनि हात पारेका थिए। बेस्ट इभेन्ट म्यानेजर एर्वाड भोग एड एन्ड इभेन्ट म्यानेजमेन्टले शिखर म्युजिक टुरका लागि प्राप्त गर्‍यो।

बेस्ट क्यामेरापर्सन टिभिसी एवार्ड एभेन्युजद्वारा निर्मित नेपाल टेलिकमको विज्ञापनका लागि विदुर पाण्डे घोषित भएका थिए। त्यसैगरी बिजनेस एडभान्टेज प्रा.लि.का लागि जोली ब्रान्डको तस्बिरबाट बेस्ट कमर्सियल फोटोग्राफर एवार्डमा राजभाइ सुवाल पुरस्कृत भए। त्यस्तै बेस्ट कपिराइटर प्रिन्ट एवार्ड बिजनेस एडभान्टेजका सन्तोष पौडेलले प्राप्त गरे भने यही कम्पनीका तर्फबाट लक्ष्मी बैंकका लागि निर्माण गरिएको एनिमेटेड टीभीसी एवार्ड जितेन्द्र र नीरजले पाए। उक्त कम्पनीले युएफओको विज्ञापनमार्फत बेस्ट प्रिन्ट एडभरटाइजिङ एवार्ड समेत हासिल गर्‍यो। एवार्ड समारोहमा बेस्ट लिरिसिस्ट मार्स प्रा.लि.का रवि श्रेष्ठ घोषित भए। त्यस्तै बेस्ट आउटडोर म्याक्स प्रोले पायो। प्रिज्मा एडद्वारा निर्मित मेरो मोबाइलको टी.भी. विज्ञापनले 'मस्ट पपुलर एवार्ड' पायो। एवार्ड समारोहका प्रमुख आकर्षण जितु नेपाल बने। हास्यकलाकार नेपालले नेपाली विज्ञापनको स्तरीयताका विषयमा व्यंग्य प्रस्तुत गरेका थिए। त्यस्तै कलाकार नेपालले माओवादी नेता प्रचण्ड, प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवा तथा मन्त्री रामचन्द्र पौडेललाई एक विज्ञापनको माध्यमबाट प्रस्तुत गरेका थिए।

कार्यक्रमको प्रारम्भमा विज्ञापनविनाको संसारको परिकल्पना गरेर जंगलीयुगको प्रहसन गर्दै कलाकारहरूले नृत्य प्रस्तुत गरेका थिए। उक्त नृत्यमा विज्ञापनविनाको समाज र विज्ञापनलाई आत्मसात् गरेको समाजको भिन्नता प्रस्ट्याउन खोजिएको थियो। कार्यक्रममा गायक सुगम पोखरेलले 'मनको दैलो खोलिराख है' गीत प्रस्तुत गरेर पर्याप्त मनोरञ्जन प्रदान गरे। त्यस्तै गायिकाद्वय प्रीति कौर र प्राश्ना शाक्यले गीत गाएका थिए भने





नायिका पुजना प्रधानले 'ओए, ओए करेन्ट लाग्छ' गीतमा उत्तेजक नृत्य प्रस्तुत गरिन्।

कार्यक्रममा आनका अध्यक्ष निर्मलराज पौडेलले विज्ञापनविनाको संसार कल्पना गर्न नसकिने अवस्था भएको बताए। अध्यक्ष पौडेलका अनुसार विज्ञापनले उपभोग्य वस्तुको प्रचार मात्र होइन, उपभोक्ताको सेवासमेत गरिरहेको छ। एवार्ड समारोहमा यस वर्षदेखि एसएमएस भोटिङलाई निर्णायक बनाइएको थियो, जसमा ८५ हजारभन्दा बढी एसएमएस प्राप्त भएको कार्यक्रममा जानकारी गराइयो। आनले एसएमएस गर्ने तीन जनालाई पनि पुरस्कृत गरेको छ।

# बाजी मारे हेम र स्वेच्छाले





**साप्ताहिक समाचार**

काठमाडौं- अन्तिम प्रतिस्पर्धाका लागि छनौटमा परेका २४ जना महिला तथा पुरुष प्रतिस्पर्धी परम्परागत नेपाली पोसाकमा सजिएर मञ्चमा देखा परे। पृष्ठभूमिमा अत्याधुनिक र लोकसंगीतको फ्युजन बजिरहेको थियो। त्यही संगीतमा उनीहरू ताल मिलाएर मञ्चमा आफूलाई सबैभन्दा योग्य साबित गर्न तत्पर थिए। यो क्रम दुई घन्टासम्म चल्यो। अन्त्यमा बाजी मारे इन्टरनेसनल स्कुल अफ टुरिज्मका २० वर्षीय हेमबुङ राई तथा ओरियन्ट कलेजकी १७ वर्षीया स्वेच्छा अधिकारीले। हेम भए मिस्टर युनिभर्सिटी अनि स्वेच्छा भइन् मिस युनिभर्सिटी। जितसँगै हेमले यामाहाको ग्ल्याडिएटर मोटरसाइकल तथा स्वेच्छाले यामाहाकै एफ एट मोपेडसहित थुप्रै पुरस्कार पाए। प्रतियोगितामा भाग लिनुको कारणका बारेका निर्णायक मण्डलीबाट सोधिएको प्रश्नको उत्तरमा 'सुन्दरता र बौद्धिकता प्रदर्शन गर्न' भन्ने जवाफ दिएर हेमले उपाधि जितेका हुन् भने अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन के आवश्यक हुन्छ भन्ने प्रश्नमा 'सुन्दरता र बौद्धिकता' भन्ने जवाफ दिएर स्वेच्छाले उक्त उपाधि जितेकी हुन्।

वेभ पत्रिका तथा वर्ल्ड कार्पको संयुक्त आयोजनामा गत शुक्रबार साँझ नयाँ बानेश्वरको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा 'वेभ मिस्टर एन्ड मिस युनिभर्सिटी-२००७' सम्पन्न भयो। कार्यक्रममा प्रतिस्पर्धीहरूको साल्सा नृत्यले धेरै आकर्षित गरेको थियो। प्रशान्त र भूमिकाले सञ्चालन गरेको उक्त प्रतिस्पर्धामा गायक निमा रुम्बा, दीपेशकिशोर भट्टराई, सुगम पोखरेल, द युनिटी आदिले गीत-संगीत प्रस्तुत गरेका थिए। प्रतियोगितामा डेबिड शाक्य र आकृति श्रेष्ठ फस्ट रनरअप भएका थिए भने सौरमराज तुलाधर र रमिला श्रेष्ठले स्माइल, हेम र आकृति श्रेष्ठले ट्रेन्डी, अनुज थापा र अर्पणा सिंहले मिस्टर एन्ड मिस ट्यालेन्ट, डेबिड र प्रज्ञा मानन्धरले मिस्टर एन्ड मिस कोन्जिएनेलिटी, सौरम र स्वेच्छाले फोटोजेनिक, सुलक्षण भारती र समीक्षा भट्टराईले सर्भिसको विधागत पुरस्कार जितेका थिए। यो उपाधि विजेताहरूले कोरियामा हुने मिस्टर एन्ड मिस युनिभर्सिटी इन्टरनेसनलमा सहभागी हुन पाउनेछन्। गत वर्ष नेपालका तर्फबाट उक्त अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागी निरजले मुख्य उपाधि नै जितेका थिए।

# सरु र प्रज्वल भए लिटिल फेरी एन्ड प्रिन्स



तस्बिर : विशाल तुलाचन

पोखरा– स-साना स्कुले बाबु-नानीहरू आकर्षक पहिरनमा स्टेजमा देखा परे। दीपेन्द्रसभागृहको प्रेक्षालयमा टनाटन दर्शकमाझ उनीहरू आफ्नो प्रतिभा निर्धक्क प्रस्तुत गरिरहेका थिए। आईईसी फेसन सेन्टर पोखरा एवं लुक्स फेसन होम्सले आयोजना गरेको लिटिल फेरी तथा लिटिल प्रिन्स बालसौन्दर्य प्रतियोगितामा आफ्ना १० जना प्रतिद्वन्द्वीलाई पाखा लगाउँदै ११ वर्षीया सरु श्रेष्ठले लिटिल फेरी-२००७ को ताज पहिरिन्। स्टेप बाई स्टेप स्कुलमा कक्षा ६ मा अध्ययनरत सरु श्रेष्ठले उपाधि जितेपछि साप्ताहिकसँग भनिन्- यो सुन्दर बन्ने मात्र होइन आफ्नो प्रतिभा देखाउने प्लेटफर्म पनि हो भन्ने कुरा सबैले बुझ्नुपर्छ। अघिल्लो वर्ष पोखरामै सम्पन्न सानो परी तथा सानो बाबु प्रतियोगितामा पनि उनी सानो परी घोषित भएकी थिइन्।

सरु अब काठमाडौंमा हुने बालसौन्दर्य प्रतियोगितामा उपाधि जितेर ह्याट्रिक गर्ने योजनामा छिन्। प्रतियोगितामा आकर्षक नृत्यकी धनी बालोदय बोर्डिङ स्कुलकी सोफिया बराल फस्ट रनरअप भइन्। यसका अतिरिक्त उनले मोष्ट ट्यालेन्टको टाइटल पनि जितिन्। प्रतियोगितामा क्रिबिना गुरुङ सेकेन्ड रनरअप बनिन्। उनले बेष्ट स्माइल फेरीको टाइटल पनि जितेकी थिइन्। त्यसैगरी क्यारोन गुरुङ थर्ड रनर अप, फोर्थ रनर अप संगीता गुरुङ तथा फिफ्थ रनर अप ट्युडिकल गुरुङ भइन्। ट्युडिकलले स्विट लिटिल फेरीको टाइटल पनि पाइन्। प्रतियोगितामा क्रिबिना गुरुङ बेष्ट स्माइल, चार्मिङ विविद्या रेग्मी, बेस्ट डिसिपिलिन आस्था हिमचुली, बेस्ट हेयर ऋचा गुरुङ, बेस्ट ड्रेस तथा क्याटवाक एलिसा शाही, बेस्ट परफर्मेन्स दीपा गुरुङ, बेस्ट फोटोजेनिकको टाइल शीतल श्रेष्ठ जितिन्।

बालकतर्फ हिमाञ्चल बोर्डिङ स्कुलका ८ वर्षका प्रज्वल गुरुङले आफ्ना ७ जना प्रतिस्पर्धीलाई पछाडि पार्दै लिटिल प्रिन्सको उपाधि आ□नो हात पारे। उपाधिसँगै उनले मोस्ट ट्यालेन्टको टाइटल पनि जिते। प्रतियोगितामा प्रज्वल थापा फस्ट रनरअप भए। त्यसैगरी विजय थापाले सेकेन्ड रनरको उपाधि पाए। उनले बेस्ट ड्रेसको टाइटल पनि पाए। सुमेक्स तझ्या बेस्ट स्माइल र बेस्ट परफर्मेन्स तथा क्याटवाक, दिलचन गुरुङ चार्मिङ, डिसिपिलिन अर्जुन सुवेदी, बेस्ट ड्रेस विजय श्रेष्ठ, स्विट लिटिल प्रिन्स रिजोन गुरुङ, बेस्ट फोटोजेनिक आदर्श हिमचुली भएका थिए। बबिता अधिकारी तथा रवीन्द्र बज्राचार्यको कोरियोग्राफीमा सम्पन्न प्रतियोगितामा स्थानीय विद्यालयका २३ जना प्रतियोगीले प्रतिस्पर्धा गरेका थिए।

**–शिव शर्मा**

## लिटिल मिस्टर एन्ड मिस नेपाल

गएको आइतबार राजधानीमा लिटिल मिस्टर एन्ड मिस नेपाल शीर्षकमा बालबालिका सम्बन्धित प्रतियोगिता सम्पन्न भएको छ। जित हाम्रो नामक संस्थाको आयोजनामा राजधानीका विभिन्न १० वटा विद्यालयमा अध्ययनरत २९ जना छात्रछात्राबीच सञ्चालन गरिएको उक्त प्रतियोगिताको कोरियोग्रामी सोफिया महर्जनले गरेकी थिइन्। लिटिल मिस्टर एन्ड मिस नेपाल शीर्षकको उक्त प्रतियोगितामा प्रत्येक स्कुलबाट छानिएका सहभागीहरूबीच प्रतिस्पर्धा भएकाले सहभागीहरूको प्रस्तुतीकरणबीच कडा प्रतिस्पर्धा देखिन्थ्यो। प्रतियोगितामा सहभागी १५ जना बालिकाबाट नम्रता पाण्डेले फुच्ची मिस नेपालको उपाधि जितिन् भने सहभागी १४ जना बालकबाट सरिफ श्रेष्ठले फुच्चे मिस्टर नेपालको उपाधि हात पारे। कार्यक्रममा अनुपा कार्की र पार्थ क्षेत्रीले फस्ट रनरअप तथा परिसा राजभण्डारी र सुरज श्रेष्ठले सेकेन्ड रनरअप एवार्ड हात पारे। अन्तिम चरणमा पुगेका फाइनलिस्टमध्येबाट थर्ड र फोर्थ रनरअप उपाधिसमेत छनौट गरिएको उक्त प्रतियोगितामा ट्यालेन्ट, फोटोजेनिक, बेस्टवाक, फ्रेन्डसिप, मोस्ट चार्मिङ, बेस्ट स्माइल, बेस्ट परफर्मेन्स, बेस्ट हेयरलगायत बेस्ट डान्सर, बेस्ट स्पिच, मोस्ट ज्वाएफुल, मोस्ट इनरजेटिक एवं इनोसेन्ट आदि विधामा पनि विजयीहरू छनौट गरिएका थिए।

## लभगुरु रेखा



म १२ कक्षामा अध्ययनरत १९ वर्षीय युवक हुँ। मसँगै अध्ययन गर्ने युवतीको बारम्बारको आग्रहपछि मैले उनको प्रेम प्रस्ताव स्वीकार गरें। मैले प्रेम स्वीकार गरेकी युवती होची तथा त्यति राम्री छैनन्। वास्तविकता के हो भने मैले बारम्बारको आग्रहलाई बेवास्ता गर्न नसकेर मात्र उनको प्रेम स्वीकार गरेको हुँ। म अर्कै युवतीसँग प्रेम गर्छु। जसलाई प्रेम गर्छु, उसलाई भने प्रेम प्रस्ताव पनि राख्न सकेको छैन। म यतिखेर मानसिक द्वन्द्वमा छु। जसको प्रेम स्वीकार गरें, उसँग प्रेम गर्न सक्दिनँ। जसलाई प्रेम गर्छु, उसलाई म माया गर्छु भन्नेसमेत थाहा छैन। यसले मेरो अध्ययन मात्रै चौपट भएको छैन, म मानसिक रूपमा विक्षिप्त पनि भैसकेको छु। अरूलाई ठग्न सकिन्छ तर आफ्नै मनलाई ढाँट्न सकिने रहेनछ। यस्तो अवस्थामा म के गरुँ ?

**के. डी.**

तपाईंको समस्या मनोविज्ञानसँग सम्बन्धित रहेछ। मनोविज्ञहरू मानिसलाई कल्पनाको संसारमा रमाउने प्राणीका रूपमा व्याख्या गर्छन्। उनीहरूको विचारमा मानिससँग जे छ, त्यसलाई सामान्य मान्छ, जे छैन त्यसलाई पाउने प्रयास गर्छ। तपाईंले प्रेम स्वीकार गरेकी युवतीलाई होची तथा नराम्रीको संज्ञा दिनुभएको छ। किनभने उनी तपाईंलाई सजिलै प्राप्य छिन्। त्यसैले उनका कमजोरी तपाईं सहजै भन्न सक्नुहुन्छ। यदि तपाईंले मन पराएकी युवतीसँग उठबस भएको भए तपाईंले उनका अरू नराम्रा कुरा थाहा पाउनुहुन्थ्यो। संसारमा कोही राम्रो वा नराम्रो हुँदैन, त्यो हेर्ने दृष्टिमा भर पर्छ। यदि तपाईंले जसको प्रेम स्वीकार गर्नुभएको छ, उनले साँचो माया गर्छिन् भने उनीजति उत्कृष्ट युवती तपाईंका लागि अरु हुन सक्दैनन्। किनभने प्रेमभन्दा महान् केही हुन सक्दैन। यति हुँदाहुँदै पनि तपाईंलाई अर्की युवतीमा रुचि छ भने सबै कुरा आफ्नी प्रेमीकालाई भन्नुहोस्। त्यसपछि आफूले मन पराएकी युवतीसमक्ष प्रेम प्रस्ताव राख्नुहोस्। यदि अर्की युवतीले तपाईंको प्रेम स्वीकार गरिनन् भने त्यसबेला तपाईंलाई थाहा हुनेछ, वास्तविक प्रेम कसले गर्दो रहेछ। स्वीकार गरिन् भने दुवै प्रेमबीच तुलना गर्नुहोस्, कसले तपाईंलाई वास्तविक माया गर्छ? सावधानी : यस्तो खेल खेल्दा दुवै प्रेमिका गुमाउन सकिन्छ।

**पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।**

## फिल्मी खबर

**निर्माता** तथा वितरक सुनील मानन्धरले निर्माण गर्ने घोषणा गरेका पाँचवटा चलचित्र क्रमशः दिदीभाइ, मायाज बार, धर्तीपुत्र, टक्कर र वीरभद्रमध्ये 'दिदीभाइ'को छायाँङ्कन आरम्भ भएको छ। यो चलचित्रमा राजेश हमाल, सुशील क्षेत्री, अर्जुन कार्की, तृप्ति नाटकर, गरिमा पन्त, अर्पणा सिंह, उमेश खड्का, जयकिसन बस्नेत आदि कलाकारको मुख्य भूमिका रहनेछ। यो चलचित्रका लागि सुरेश अधिकारीले संगीत, एन.बी. महर्जनले द्वन्द्व, राजु शाहले नृत्य तथा कृष्ण श्रेष्ठले छायाँङ्कन पक्ष सम्हाल्नेछन् भने चलचित्रको निर्देशन कृष्ण चापागाईंले गर्दैछन्।

**संगीतकार** दीपक रमणको लगानीमा निर्देशक नारायण पुरीद्वारा निर्देशित चलचित्र 'मृत्युञ्जय'को निर्माण पूरा भए पनि समय नमिलेका कारण सार्वजनिक हुन सकेको छैन। आगामी केही साताभित्र प्रदर्शन गर्ने तयारी भैरहे पनि त्यसका लागि अझै केही समय लाग्न सक्छ। चलचित्रमा वैदेशिक रोजगारीको विषय समेटिएको छ, जसमा रमित ढुंगाना तथा सञ्चिता लुइँटेलले मुख्य भूमिका निर्वाह गरेका छन्।

**दिनेश** डीसी आफूले निर्देशन गर्ने आगामी चलचित्र 'माया नगर'का निम्ति एक सुन्दरीको खोजी गरिरहेका छन्। 'चलचित्रमा नायिका हुन लायककी एउटी नयाँ कामुक तरुनी खोजौं न,' उनले आफ्ना नजिकका साथीभाइलाई एस.एम.एस. गरेर तरुनी खोज्न अनुरोध गरिरहँदा उनलाई जान्नेहरू भित्रभित्रै हाँसेको हुनुपर्छ। त्यसै पनि डीसीको नाम केही स्क्यान्डलमा समेत मुछिइसकेको छ। उनी आफैं भन्छन्- 'म विवादको प्याकेज हुँ।' त्योभन्दा पनि उनको एउटा स्लोगन छ- 'म दिनेश डीसी हुँ, खाली सिसी होइन।' यत्रो कुरा गर्न जान्ने दिनेशलाई कस्ती तरुनी चाहिएको हो ? जसलाई उनले फेला पार्न सकेनन् र अरूले खोजी दिनुपर्ने भो'।

**टेलिचलचित्र** 'सिन्दूर' निर्माण गरेर सफलता पाएपछि चरित्र अभिनेत्री प्रज्ञा जोशीले ठूलो पर्दाको चलचित्र निर्माण प्रारम्भ गरेकी छिन्। हालै भद्रकाली मन्दिरमा शुभसाइत गरी निर्माण आरम्भ गरिएको उक्त चलचित्रको निर्देशन पनि टेलिचलचित्र 'सिन्दूर'का निर्देशक योगेश घिमिरेले नै गर्दैछन्। गोपाल अधिकारीको व्यवस्थापन रहने उक्त चलचित्रको शीर्षक 'सपूत' राखिएको छ। यो चलचित्रमा दिलीप रायमाझी, विराज भट्ट, सञ्चिता लुइँटेल, अरुणिमा लम्साल आदि कलाकारका अतिरिक्त टेलिचलचित्रका केही कलाकारले पनि अभिनय गर्दैछन्। चलचित्रमा सुरेश अधिकारीको संगीत रहनेछ।

**चलचित्र** 'हामी तीन भाइ'ले सफलता पाएको दुई वर्षपछि सञ्चारकर्मी तथा निर्माता जयप्रकाश रिजालको दोस्रो चलचित्र 'भरोसा'ले गत वर्ष घाटा बेहोर्नुपरेको थियो। यद्यपि केही निर्माता साथीहरूसँगको सहलगानीमा चलचित्र निर्माण गर्ने रिजालले निकट भविष्यमा



एकल लगानीमा चलचित्र निर्माण गर्दैछन्। हालै साप्ताहिकसँग उनले एक्लै निर्माण गर्ने चलचित्रको कथा तयार भैसकेको र निर्देशकलगायत कलाकार, प्राविधिकहरूको चयन गरिरहेको बताए।

**सञ्जय** कुटुको निर्माण तथा श्याम भट्टराईको निर्देशन रहेको चलचित्र 'मर्यादा'को स्वराङ्कन कार्य भैरहेको छ। असार २५ गते सार्वजनिक गर्ने तयारीमा रहेको उक्त चलचित्रमा राजेश हमाल, निखिल उप्रेती, सञ्चिता लुइँटेल, श्याम घिमिरे, अरुणिमा लम्साल, दिवस उप्रेती, रञ्जना शर्मा आदिले अभिनय गरेका छन्। चलचित्रमा कमलकृष्णको संगीत छ भने कुमार बखतीले छायाङ्कन, वसन्त श्रेष्ठले नृत्य, हिमाल केसीले द्वन्द्व निर्देशन गरेका छन्।



# पोखरामा रक कन्सर्ट र ग्रान्डको मस्ती

पोखराको व्यस्त बजारभन्दा अलि पर शान्त स्थल हेम्जाको स्विमिङ पुल, सिमसिमे असारे झरी दर्किरहेको थियो । तन्नेरीहरूको ओइरो लागिरहेको थियो । पृष्ठभूमिमा सांगीतिक धुनले वातावरण रनक्क देखिन्थ्यो । बी थर्टी गाइजले पहिलो पटक नौलो खालको कार्यक्रम आयोजना गरेको थियो रक भर्सेज आरएन बी ग्रान्ड पार्टी । असारको सिमसिमे पानीमा रुझ्दै-भिज्दै तन्नेरीहरू पार्टीमा मस्त हुन तम्सिए । दिउँसो २ बजे कार्यक्रम प्रारम्भ हुने भनिए पनि बेलुकाको ५ बजे मात्र उद्घोषक आयुष श्रेष्ठले कार्यक्रम सुरु गरेपछि रक कन्र्सटसँगै ग्रान्ड पार्टीको तामझाम रन्कियो ।

खुला आकाशमुनि स्विमिङ पुलको आडैमा यस किसिमको कार्यक्रम लामो समयपछि भएको हो । यही मौका सदुपयोग गर्दै फेसनेबल पोखराका युवायुवतीहरू गीत र डान्सको मस्तीमा झुम्न थाले । काठमाडौंबाट आएको रक ब्यान्ड जिम हेकरले चिसो मौसमलाई घन्काएको थियो । स्थानीय दर्शकहरू उनीहरूको गीतमा तात्तिए ।

पोखराको रक ब्यान्ड आदिम, क्यारियनस पनि के कम ? उनीहरूले आफ्ना घरेलु दर्शकलाई आफूहरूसँगै नचाउन कुनै कसर बाँकी राखेनन् । रक गीत भनेपछि हुरुक्कै हुने पोखरेली युवापुस्तालाई रक ब्यान्डहरूले आकर्षित गरिहाले । एकातिर कन्सर्टको रन्को अर्कातिर युवायुवतीको मस्ती आफ्नै पाराको थियो । संगीतले उन्मुक्त भएकाहरू लगाएको कपडासँगै स्विमिङ पुलमा हामफालिरहेका थिए । कोहीचाहिँ अरूलाई समात्दै कपडासँगै स्विमिङ पुलमा फालिदिन्थे ।

**शिव शर्मा/तस्बिर : ठिकठाक डटकम**

## अञ्चलस्तरीय लोकदोहोरी

बुटवल- सांस्कृतिक संस्थान काठमाडौंको आयोजना तथा राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपाल रूपन्देहीको व्यवस्थापनमा बुटवलमा तीन दिनसम्म चलेको अञ्चलस्तरीय खुला लोकदोहोरी गीत प्रतियोगितामा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान रूपन्देही प्रथम भएको छ । 'शान्ति, लोकतन्त्र र अग्रगमनका लागि अघि बढौं, लोक-संस्कृतिको संरक्षणका लागि जागरूक




हौं' नाराका साथ हाटबजार लाइनस्थित कान्ति मा.वि. प्राङगणमा चलेको प्रतियोगिताको शनिबार सम्पन्न फाइनलमा तिनाउ दोहोरी साँझ, बुटवललाई पराजित गरी राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान रूपन्देही प्रथम भएको हो । रूपन्देही टिममा सीता ज्ञवाली, जमुना सनम, वैकुण्ठ महत, कौशल ज्ञवाली आदि कलाकार सहभागी थिए । प्रतियोगितामा पञ्चामृत दोहोरी समूह तृतीय र राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान गुल्मी सान्त्वना भए । लुम्बिनी अञ्चलमै पहिलो पटक सर्वाधिक पुरस्कार राशि राखिएको प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमशः रु. २५ हजार, रु. २० हजार, रु. १५ हजार र रु.१० हजार नगद तथा प्रमाणपत्र प्राप्त गरे । प्रतियोगितामा सुनौलो संगम दोहोरी समूहकी स्मृति ढुंगानालाई उत्कृष्ट गायिका र राष्ट्रिय लोक तथा दोहोरी गीत समूह भैरहवाका खेम लुइँटेललाई उत्कृष्ट गायक घोषित गरी रु. ५-५ हजार पुरस्कार प्रदान गरियो । वरिष्ठ गायक जेबी टुहुरेले गीतको टुक्का गाएर उद्घाटन गरेको प्रतियोगितामा चर्चित गायक पुरुषोत्तम न्यौपाने, अमरबिरही गुरुङ, बद्री पंगेनी, कृष्ण गुरुङ, अमेरिकी युवती आना स्टार, पुराना गायकद्वय प्रचण्डबहादुर बुढाथोकी तथा भेडीगोठे साइँलो उपनामले चिनिने दीर्घराज अधिकारीको प्रस्तुतिले उपस्थित दर्शकलाई तीन दिनसम्म छमछमी नचाएको थियो । लुम्बिनी अञ्चलका १७ टिमको सहभागिता रहेको दोहोरी प्रतियोगितामा हास्यकलाकार चेतन ढकालगायत स्थानीय कलाकारहरूले पनि आफ्नो प्रतिभामार्फत पर्याप्त मनोरञ्जन प्रदान गरेका थिए ।

# साताको स्वर



## सुदेश खवास

**तिम्रो याद आउँछ हरपल ...कस्तो प्रकारको गीत हो ?**
यो सेन्टिमेन्टल पप गीत हो । यो गीतको भोकल तथा भिडियोलाई रि-एरेन्ज गरेर पुनः बजारमा ल्याइएको छ ।

**यो गीतको भाव कस्तो छ ?**
युवकले युवतीलाई सम्झिएको भावमा यो गीत तयार भएको छ । युवतीले छोडेर गएपछि युवकले पुरानो माया-प्रेम सम्झिएको छ ।

**गीतका लक्षित श्रोता को हुन सक्छन् ?**
वियोगान्त गीत मन पराउने सबै । सानो उमेरदेखि ठूलासम्म सबैले यो गीत मन पराउने विश्वास लिएको छु ।

**गीतको आकर्षक पक्ष ?**
शब्द, संगीत र म्युजिक भिडियो सबै पक्ष राम्रो छ । विशेशगरेर गायन शैलीलाई श्रोताहरूले मनपराएका छन् ।

**म्युजिक भिडियोबाट कत्तिको आशा राख्नुभएको छ ?**
म्युजिक भिडियो पनि राम्रो बनेको छ । यसमा पूर्व मिस नेपाल पायल शाक्यले अभिनय गरेकी छिन् । अहिले गीत चल्न राम्रो भिडियोको पनि त्यतिकै भूमिका हुने भएकाले मेहनत पनि त्यत्तिकै गरिएको छ ।

*सम्भवतः यो गायक खवासको अन्तिम अन्तर्वार्ता हो । -सम्पादक*

**गायक** सुदेश खवासले गत सोमबार भक्तपुरको कौशलटारस्थित आफ्नै घरको कोठामा पासो लगाई आत्महत्या गरेका छन् । सञ्चारकर्मी हेमचन्द्र सुवेदीका अनुसार खवासले आत्महत्याको कारण आफ्नो सुसाइड नोटमा उल्लेख गरेका छन् जसमा उनले जीवनमा धेरै संघर्ष गरेको तर सफलता हात नलागेको तथा बुबाआमा तथा परिवारका लागि केही गर्न नसकेको जस्ता निराशा व्यक्त गरेका छन् । विराटनगर मूल घर भएका दिवंगत गायक खवासले केही समयअघि म्युजिक डटकमबाट 'सिक्रेट्स अफ लभ' शीर्षकमा एल्बम प्रकाशित गरेका थिए । उक्त एल्बममा उनले स्व. गायक अरुण थापाको चर्चित गीत 'ऋतुहरूमा तिमी' पनि गाएका थिए । प्रेमविवाह गरेकी जेठी श्रीमती आफूबाट अलग भएपछि अर्को विवाह गरेका गायक खवासका जेठा छोरा बीएस्सी अध्ययनरत छन् भने कान्छीबाट हाल पाँच महिनाको छोरा छन् । भक्तपुर अस्पतालमा पोस्टमार्टमपछि गत मंगलबार उनको पशुपति, आर्यघाटमा दाहसंस्कार गरियो ।

**लोकतान्त्रिक** गायकका रूपमा चिनिने लोकगायक बद्री पंगेनी अहिले पत्रकारहरूसँग सान्है चिढिएका छन् । केही पत्रपत्रिकामा गायक सुभाष रेग्मीको 'कुकुर बिरालो' एल्बमका बारेमा प्रकाशित समाचार पढेपछि आगो भएका गायक पंगेनीले सार्वजनिक कार्यक्रममै भने– 'पत्रकारहरूले पैसा खाएर 'कुकुर-बिरालो' एल्बमका बारेमा लेखेका हुन्, राष्ट्रका चौथो अंगले यस्ता सस्ता एल्बमलाई उचाल्नु हुँदैन ।' गायक रेग्मीले कुकुर-बिरालो एल्बममा लोकगायकहरू हली बस्न लायक छैनन्, लोकगायकहरू पैसा पाए भने मुटुसमेत बेच्न पछि पर्दैनन् भन्नेजस्ता कुतर्क गर्दै आम लोकगायक-गायिकाको मान-मर्दन गरेको भन्दै लोकदोहोरी प्रतिष्ठानले पत्रकार सम्मेलन गरेको थियो । पंगेनीको कुरा सुन्नेबित्तिकै जंगिएका पत्रकारहरूले 'कुन आधारमा पैसा खाएर लेखे भन्नुभो ? भनी प्रश्न गरेपछि उनी नाजवाफ भए । त्यसपछि गायक भगवान भण्डारी र दुर्गा रायमाझी कुरा मिलाउन व्यस्त भए । कार्यक्रमको अन्त्यतिर संगीतकार शम्भु राईले कतिपय लोकगायकमा कमी-कमजोरी भएको स्वीकार गरेका थिए । यद्यपि 'कुकुर-बिरालो' एल्बममा लोकगायक-गायिकाहरूको मानमर्दन गर्न खोजिएको कुराको भने सबैले आलोचना गरे ।

**प्रत्यक्ष** संगीतको आनन्द दिने रक ब्यान्डहरूले 'म्युजिक एसोसियसन' नामको संस्था स्थापना गरेका छन् । फुर्सद डटकमका अनुसार उक्त संस्थामा हाल दसवटा संगीत समूह संलग्न छन् । कबवेब, स्ट्रिङ्स, इमर्जेन्सी, किच्चा, निभा, लुज, अनुप्रस्थ, लाइम स्टोन, इलेक्ट्रिक्स र स्प्लास समूह हाल उक्त संस्थाका सदस्य छन् । संस्थाका अध्यक्ष नीलेश जोशीका अनुसार विभिन्न रेस्टुराँ, पब, क्लब आदिमा प्रत्यक्ष रक, ब्लुज आदि गीतसंगीत प्रस्तुत गर्ने समूहहरूका लागि 'म्युजिक एसोसियसन' छाता संगठन हुनेछ । जसले संस्थामा आबद्ध संगीत समूहहरूको हक-हितका लागि काम गर्नेछ । संस्था गठन भएलगत्तै कुनै पनि रेस्टुराँ वा होटलका समूहले प्रत्यक्ष गीत-संगीत प्रस्तुत गर्दा घटीमा चार हजार रुपैयाँ पारिश्रमिक दिनुपर्ने कुरामा जोड दिने निर्णय पारित गरेको छ । यदि कुनै संगीत समूह उक्त संस्थामा आबद्ध हुन चाहन्छ भने १ हजार तिरेर सदस्यता लिन पाइन्छ भने एकल कलाकारले २ सय रुपैयाँ तिरेर सदस्य बन्न सक्छन् । संस्थाले ब्यान्डहरूको हितका लागि एउटा कोष पनि खडा गरेको छ, जसका लागि निकट भविष्यमा एउटा वृहद् कन्सर्ट आयोजित गरिंदैछ ।




द युनिटीका संगीतकर्मीहरू आफ्नो नवीनतम म्युजिक भिडियोको छायाङ्कनका क्रममा नायिका ऋचा घिमिरेसँग । *तस्बिर : फुर्सद डटकम*

**चलचित्र** निर्देशक तुलसी घिमिरेले हालै एक राष्ट्रिय गीतको म्युजिक भिडियोमा केही ख्यातिप्राप्त स्रष्टालाई मोडल बनाएका छन् । जीपी ढुंगेलको रचना र शम्भुजित बाँस्कोटाको संगीतमा गायकहरू रोशन गुरुङ, जगदीश समाल, दीपक लिम्बु तथा गायिकाहरू आभा मुकारुङ, माण्डवी त्रिपाठी र अञ्जना गुरुङले गाएको 'हरदात सपनामा नेपाल देख्न पाऊँ' गीतको म्युजिक भिडियोमा गायक, गायिका, संगीतकार र गीतकारका अतिरिक्त निर्देशक घिमिरेले राष्ट्रकवि माधव घिमिरे, जनकविकेशरी धर्मराज थापा, गीतकार तथा गायक डा. भोला रिजाल, धावक वैकुण्ठ मानन्धर, गायक प्रेमध्वज प्रधान, फत्तेमान राजभण्डारी, साहित्यकार मोदनाथ प्रश्रितलगायत केही विदेशी तथा स्वदेशी कलाकारहरूलाई देख्न पाइनेछ । हाल सम्पादन भैरहेको उक्त म्युजिक भिडियो केही साताभित्रै सार्वजनिक हुने बताइन्छ ।

**गीतकार** तथा कान्तिपुर एफएमकी कार्यक्रम प्रस्तोता प्रतिमा श्रेष्ठको दोस्रो गीतिपुस्तक 'अनुभूति'को विमोचन सम्पन्न भयो । गीतकारहरू किरण खरेल, रत्नशमशेर थापा, यादव खरेल, चेतन कार्की, मञ्जुल, राजेन्द्र थापा, बुलु मुकारुङ, श्रवण मुकारुङ आदिले उक्त कृति विमोचन गरेका थिए । 'अनुभूति' मा १ सय १५ वटा गीत समेटिएको छ ।

**रेडियोमा** बज्ने गीतहरू सुनेर गायिका बन्ने रहर पालेकी ६२ वर्षीया पवित्रा रसाइलीले बल्ल आफ्नो रहर पूरा गरेकी छिन् । बाग्लुङको भकुन्डे गाविसकी रसाइलीले गाएका गीतको पहिलो एल्बम 'बग्ने खोला हो'को गत साता राजधानीमा आयोजित एक कार्यक्रमबीच विमोचन सम्पन्न भयो । संगीतकार बलबहादुर रसाइली अर्थात् बीबी अनुरागीकी आमा पवित्रा रसाइलीको उक्त एल्बममा गाउँबाट सहरमा छोरालाई भेट्न आएकी एउटी आमा र छोराबीचको कुरा समेटिएको दोहोरी सुन्न सकिन्छ । गायिका रसाइलीलाई लोकगायक नारायण रायमाझीले साथ दिएका छन् ।

**नेपाल** सांस्कृतिक संघको प्रथम वार्षिकोत्सवका अवसरमा राजधानीमा सांस्कृतिक ऱ्याली तथा दोहोरी प्रतियोगिता सम्पन्न भएको छ । पाँचवटै विकासक्षेत्रको सहभागितामा सबै जातजाति एवं संस्कृति झल्कने सांस्कृतिक ऱ्याली वसन्तपुर दरबार क्षेत्रमा पुगेर सभामा परिणत भएको थियो । उक्त अवसरमा भृकुटीमण्डपमा लोकतान्त्रिक दोहोरी गीत प्रतियोगिता पनि आयोजित गरियो । १५ वटा समूहले उक्त प्रतियोगितामा सहभागिता जनाएका थिए ।

**'माझी** दाइ पोखरा फेवातालको' लोकगीतका कारण चर्चामा आएका लोकगायक मिलन लामाले हालै जुम्लाको कालिकोटमा मोटर पुऱ्याइएको विषयलाई लिएर एउटा दोहोरी गाएका छन् । उनकै शब्दरचना, संगीत र स्वरको उक्त गीतको भाका 'बाटो खुल्यो मोटर चल्यो जुम्ला कालीकोटको' राखिएको छ । एल्बममा लामालाई गायिकाद्वय सिन्धु मल्ल र देवी घर्तीमगरले साथ दिएका छन् । उक्त गीत समावेश गरिएको एल्बम 'झल्को लाली ओठको' यसै साता बजारमा ल्याइएको गायक लामाले साप्ताहिकलाई बताए ।

**एउटै** गीतका कारण चर्चाको शिखर चढेका गायक जगदीशकुमार केसी अर्थात् जबिकको पहिलो एल्बम 'जीरो किलोमिटर' बजार आउनै लागेका बेला उनले एल्बममा समावेश एउटा गीत 'हिजो-अस्ति'को म्युजिक भिडियोको छायाँङ्कन सम्पन्न गरेका छन् । डिस्को बिटमा बनाइएको उक्त गीतको म्युजिक भिडियोमा गायक जबिक आफैं पनि नाचेका छन् ।

**हालै** 'अवधि' शीर्षकमा पछिल्लो एल्बम निकालेका गायक मोहन भुषाल अमेरिका पलायन हुने तरखरमा छन् । डिभी २००७ का लागि छनौटमा परेका भुषालले हालै भिसा पाएका छन् । उनी छ महिनाभित्र आफ्नो परिवारसहित अमेरिकास्थित मिचिगन राज्यमा आफन्तकहाँ बस्न जाने भएका छन् । हाल संगीत प्रशिक्षकका रूपमा राजधानीका केही विद्यालयमा कार्यरत भुषाल अमेरिकामा पनि यस्तै किसिमको काम खोजी गर्ने बताउँछन् ।

**दुई** साताअघि एक एफ.एम.बाट विमोचन गरिए पनि गायक प्रमोद खरेलको एल्बम 'सेन्टिमेन्ट्स' यो साता मात्रै बजारमा आएको छ । म्युजिक भिडियोसँगै एल्बम सार्वजनिक गर्ने भएकाले यस्तो ढिलाइ भएको गायक खरेलले बताए । यसै साता एल्बममा समावेश गीत 'बाँचेको थिएँ'को म्युजिक भिडियो पनि सार्वजनिक भएको छ । जिटुवान प्रोडक्सनले निर्माण गरेको उक्त म्युजिक भिडियोमा नायिका उषा पौडेल तथा गायक खरेलले अभिनय गरेका छन् ।

## लाइभ सो

• भोलि शनिबार धादिङको घाटबेनीस्थित वाटर किङ्डममा एउटा म्युजिकल कार्यक्रम हुँदैछ । काठमाडौंबाट ६१ किलोमिटर टाढा उक्त कार्यक्रममा सहभागी हुन चाहनेहरूका लागि न्यूरोडबाट बसको व्यवस्था गरिएको छ । उक्त अवसरमा डीजे सन्तोषसहित विभिन्न संगीतकर्मी एवं समूहको प्रत्यक्ष संगीत सुन्दै पौडी खेल्न पाइनेछ । 'खानापिना तथा बजाना' सहित गर्मीमा पौडीको आनन्द दिलाउने यो अवसर स्वदेशी मिडियाले जुटाएको हो ।

• गत माघ महिनामा धरानमा पहिलोपल्ट साल्सा डान्स प्रदर्शन गरेर चर्चामा आएको युनाइटेड मल्टी आर्टस् म्युजिकल कोलाज-२ को तयारीमा जुटेको छ । असार १६ गते सदन सभा भवनमा प्रस्तुत गरिने उक्त कार्यक्रमको आयोजक मल्टी आर्टस् हो । निर्देशक प्रशान्त भन्छन्- 'यसपालि हिपहप डान्स मुख्य आकर्षण बन्नेछ ।' डान्स स्टेजमा नौलो अभ्यासस्वरूप कवितामा गरिने नृत्य कार्यक्रमको अर्को आकर्षण हुनेछ । सबै वर्ग र पेसाका मानिसलाई नचाउने मल्टी आर्टस्को योजनाअन्तर्गत कार्यक्रममा १८ आइटममा १ सयभन्दा बढी कलाकार सहभागी हुनेछन् ।



## नजिकबाट — गणेश पराजुली

| | | |
|---|---|---|
| जन्ममिति | : | २०२३, माघ २० गते |
| घरमा बोलाउने नाम | : | गणेश पराजुली |
| तपाईंको परिचय | : | गायक, संगीतकार |
| जन्मस्थान | : | इलाम, फिक्कल–३ |
| कर्मथलो | : | काठमाडौं |
| तपाईंको गोप्य कुरा | : | घर जाँदा आफ्नै चियाबारीमा चिया टिप्न जान्छु । |
| रुचि | : | संगीत |
| अध्ययन | : | बी.ए., बी. म्युजिक |
| विवाह | : | २०४९ वैशाख २२ गते यशोदा पराजुलीसँग |
| पहिलो एल्बम | : | गाउँको माया |
| प्रेरणा | : | इलामको वातावरण |
| पहिलो डेटिङ | : | सिक्किममा श्रीमतीसँग |
| पहिलो प्रेमपत्र | : | बिर्सिए |
| पहिलो बाजा | : | हार्मोनियम |
| मनपर्ने परिकार | : | दालभात-तरकारी |
| मनपर्ने पहिरन | : | टिसर्ट, प्यान्ट |
| मनपर्ने मौसम | : | असोज-कात्तिक, न्यानोपन |
| मनपर्ने खेल | : | टेबलटेनिस |
| नजिकका साथी | : | यशोदा |
| पहिलो चुम्बन | : | श्रीमतीसँग |
| फुर्सदमा | : | पत्रपत्रिका पढ्ने, संगीत सुन्ने |
| रिस उठेको बेला | : | हिंडिदिन्छु |
| मनपर्ने आफ्नै बानी | : | सुखदुःखलाई सजिलैसँग ग्रहण गर्ने |
| खराब बानी | : | साथीभाइको कुरालाई टार्न नसक्ने |
| सबैभन्दा बढी माया | : | परिबारलाई |
| रमाइलो क्षण | : | २०४४ मा म्युजिक नेपालमा गीत रेकर्ड गराउँदा |
| नरमाइलो क्षण | : | हङकङबाट यशोदालाई नेपाल पठाउँदा |
| जीवन के हो ? | : | संघर्ष |

# रक ब्यान्डको कन्सर्ट

**साप्ताहिक समाचार**

नेपालका पुराना ब्यान्डमध्ये 'द-एक्स ब्यान्ड' पनि एक हो । लामो रेसको घोडा भनेजस्तै द-एक्स ब्यान्ड निरन्तर आफ्नो सांगीतिक यात्रामा छ । यही क्रममा गत शनिबार राजधानीको भृकुटीमण्डप परिसरमा उक्त ब्यान्डले रक संगीत प्रस्तुत गऱ्यो । असहाय एवं अनाथ बालबालिकाको सहयोगार्थ उत्पीडित महिला उत्थान तथा परामर्श केन्द्रले आयोजना गरेको कन्सर्टमा द एक्स ब्यान्डले दर्शकलाई आफ्ना गीतमार्फत नचाएको थियो ।

राजधानीका ११ वटा कलेजका विद्यार्थीले समाजसेवा गर्ने उद्देश्यले उक्त केन्द्रको स्थापना गरेका हुन् । 'मनसुन ड्राइभिङ एट भृकुटीमण्डप' शीर्षकको कन्सर्टमा गर्मीले असिनपसिन भए पनि दर्शकले ब्यान्डको प्रस्तुतिलाई पर्याप्त साथ दिए । केही समयअघि बजारमा आएको पछिल्लो गीतिसंग्रहको चर्चित गीत 'एउटा चिठीको सहाराले तिम्रो मन जित्न चाहन्नँ म' बाट प्रारम्भ भएको उक्त सांगीतिक कार्यक्रममा द एक्स ब्यान्डले आफ्ना नयाँ तथा पुराना गीतहरू प्रस्तुत गरेको थियो । कन्सर्टमा 'म आउँदैछु', 'प्रायः सधैं तिमीलाई', 'ठाडो जाने उकालो' जस्ता लोकप्रिय गीत प्रस्तुत गरिए । त्यसबाहेक कार्यक्रममा अन्य दुई ब्यान्डले अंग्रेजी तथा नेपाली भाषाका विभिन्न गीत प्रस्तुत गरे ।



## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



एक प्राध्यापक जहिले पनि कक्षामा जोक्स मात्र सुनाउँथे। आधाभन्दा बढी समय जोक्स सुनाएका कारण कोर्स सकिन गाह्रो हुन्थ्यो। परीक्षा आउन लागेकाले कक्षाका युवतीहरू साह्रै चिन्तित भए। उनीहरूले प्राध्यापकले जोक्स सुनाउनेबित्तिकै क्लास छाड्ने निर्णय गरे।

केही बेरपछि प्राध्यापक कक्षामा प्रवेश गरे। उनी आफ्नो पुरानै शैलीमा जोक्स भन्न थाले। 'स्वीडेनका वेश्याहरू प्रतिदिन २ हजार डलर कमाउँछन्...' सबै छात्रा कक्षाबाट निस्कन थाले। त्यो देखेर प्राध्यापकले हतार-हतार भने, 'अहिल्यै कहाँ हिंडेको ? स्वीडेन जाने फ्लाइट त एक सातापछि मात्रै छ।'

०००

आफ्नो ब्वाइफ्रेन्डसँग पहिलोपल्ट डेटमा जान लागेकी एक युवतीले आफ्नो अनुभवी साथीसँग सोधिन्, 'यदि उसले मलाई छुने प्रयास गर्‍यो भने के गर्नु ?'

'तिमीले उसलाई डन्ट भन्नु।'

'यदि किस गर्न लाग्यो भने नि ?'

'हतार-हतार स्टप भन्नु।'

डेटिङको भोलिपल्ट दुवै साथी कलेजमा भेला भए। डेटमा जाने युवती निकै खुसी थिइन्। सल्लाह दिने युवतीले भनिन् 'हिजो मैले भनेकै जस्तो गर्‍यौ त ?'

अर्की युवतीले जवाफ दिई, 'हिजो तिमीले भनेजस्तै गरें। उसले मलाई छुने प्रयास गरेलगत्तै किस गर्‍यो। मैले उसलाई भनें, 'डन्ट स्टप।'

०००

एक युवती एक जना मनोचिकित्सककहाँ पुगेर भनिन्, 'मलाई निम्फोमेनियाको लक्षण देखिन्छ, के गर्ने होला ?'

चिकित्सकले भन्यो, 'केही छैन, ठीक हुन्छ तर मेरो फि २ सय रुपैयाँ हो।'

युवतीले खुसी हुँदै भनी, 'केही छैन, एक रातको कति लिनुहुन्छ ?'

०००

प्रश्न : तपाईलाई कुनै व्यक्ति मन परेको छ कि छैन भन्ने कुराको निर्णय गर्न कति समय लाग्छ ?

जवाफ : एक घण्टा।

प्रश्न : त्यसलाई प्रेम गर्ने कि नगर्ने भन्ने निर्णय दिन कति समय लाग्छ ?

जवाफ : एक दिन।

प्रश्न : त्यही मानिससँग प्रेम भयो तर उसलाई बिर्सनुपर्‍यो भने कति समय लाग्छ ?

जवाफ : सम्पूर्ण जीवन।

०००

नवविवाहित दुलहीले श्रीमान् अफिसबाट घर फर्कनेबित्तिकै खुसी हुँदै भनिन्, 'तपाईलाई बधाई छ, हामी चाँडै दुईबाट तीन हुँदैछौं।'

पतिलाई पनि यो कुराले खुसी बनायो, 'यति चाँडै तिम्रो गर्भ बस्ला भन्ने मलाई लागेकै थिएन।'

पत्नीले हतारिँदै भनिन्, 'मैले गर्भ बस्ने कुरा कहाँ गरेकी हुँ त ? मैले त चाँडै मेरी आमा हामीसँग बस्न आउँदै हुनुहुन्छ पो भनेकी त।'

०००

## भिडन्तको भिडियो सार्वजनिक

गाईघाट– एउटा डाँडाको खाल्डामा सुरक्षा फौजको बेस क्याम्प छ। जहाँ कहीं-कतैबाट माओवादीले आक्रमण गरिहाल्ने हुन् कि भनेर सुरक्षा फौज आ-आफ्ना हतियार तैनाथ पारी तयार मुद्रामा हुन्छन् तर उनीहरू तयार हुन नपाउँदै डाँडाबाट एकोहोरो बम र गोलीका फोहोरा बर्सिन थाल्छन्। खाल्डामा रहेको सुरक्षा फौज दोहोरो प्रतिकार गर्दागर्दै पनि गोली लागी ऐया र आत्था गर्दै घटनास्थलमै प्राण फाल्न बाध्य हुन्छन्। घटनास्थलमा रगतको दह नै जम्छ। उता माओवादीहरू भने आफ्ना दुस्मनलाई तड्पाई-तड्पाई मार्न पाएकोमा आफ्नो मिशन सफल भयो भन्दै विजयी नारा लगाउँदै हतियार लुटी भाग्छन् अनि गाउँमा रुवाबासी र कोलाहल मच्चिन्छ।

यो गत शनिबार गाईघाटको बोक्सेस्थित बालमन्दिर प्रा.वि.को सभाकक्षमा देखाइएका माओवादीको जनयुद्धकालमा भएको दोहोरो भिडन्तमा खिचिएका वास्तविक दृश्यहरूको कथा हो। माओवादीको भातृ संगठन वाईसीएल तथा अखिल क्रान्तिकारी विद्यार्थी युनियनले संयुक्त रूपमा देखाएको उक्त भिडियो हेर्न झन्डै एक हजार सर्वसाधारणको उपस्थिति थियो।

अझै पनि माओवादी देख्दा डराउने सर्वसाधारणहरू वास्तविक भिडन्तको दृश्य हेरेर सभाकक्षभित्रै डाँको छोडेर रुन विवश भएका थिए। भिडियो हेरेर अधिकांश सर्वसाधारण माओवादी देखी रुष्ट भएका थिए। प्रस्तोताहरूले भिडन्तको बीचबीचमा माओवादी छापामारहरूको नृत्य देखाएपछि भने भिडन्तको दृश्य हेरी एकोहोरिएका सर्वसाधारण केही बेर आनन्दित भएका थिए।

उक्त अवसरमा माओवादी र सुरक्षाफौजबीच रुकुम, रोल्पा, भोजपुर, पाल्पा, धनकुटा, बुटवल, सोलुखुम्बु आदि जिल्लामा भिडन्त भई माओवादीहरूले विजयी हासिल गरेका दृश्यहरू मात्र देखाइएका थिए। भिडन्तको वास्तविक दृश्य हेर्न सुरक्षा फौजका श्रीमतीहरूको पनि उपस्थिति थियो।

–विमल खतिवडा

## कविता

### भुल्न सक्दिन

धेरै दुख्यो मुटु, अब दुखाउन सक्दिन
लास बनाइदेऊ बरु, अब बाँच्न सक्दिन
बगिरहोस् आसुँ अब रोक्न सक्दिन
आँसुको भारी अब बोक्न सक्दिन
जति टाढा भए पनि अरूलाई खोज्न सक्दिन
तिमी बाहेक कसैलाई म रोज्न सक्दिन
गुलाफ बोकेर तिमीसामु आउन सक्दिन
मरेर गए पनि तिमीलाई भुल्न सक्दिन।

–कुसुम खड्का

### पाए हुन्थ्यो

मुटुभरि मायाँ तिम्रो साँच्न पाए हुन्थ्यो
मित्रता तिमीसँग गाँस्न पाए हुन्थ्यो
अधुरा यो जीवनभरि हाँस्न पाए हुन्थ्यो
तिम्रो तस्विर दिलभित्र टाँस्न पाए हुन्थ्यो
जीवनभर तिमीसँग बाँच्न पाए हुन्थ्यो
फूलको थुँगा भएपछि वास्ना पाए हुन्थ्यो
जीवनभरि तिमीसँग बस्न पाए हुन्थ्यो
सधैंभरि तिम्रो प्रेममा फस्न पाए हुन्थ्यो

–रामचन्द्र श्रेष्ठ

### गाईघाटमा औद्योगिक मेला

गाईघाट- गाईघाटमा पहिलो पटक तीन दिने घरेलु औद्योगिक मेला सम्पन्न भएको छ। घरेलु उद्योगबाट उत्पादित वस्तुहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले शुक्रबार प्रारम्भ भएको प्रदर्शनीको उद्घाटन कार्यक्रममा स्थानीय कलाकारहरूले थारु, लिम्बू, मैथिली, भोजपुरी तथा पप, आधुनिक गीतमा नृत्य प्रस्तुत गरिनुका साथै व्यङ्ग्यात्मक प्रहसन पनि प्रस्तुत गरिएको थियो। प्रदर्शनीमा सय वर्ष पुरानो हुक्का, ७५ वर्ष पुरानो सखारी (सखारी चौधरी जातिले विवाहमा प्रयोग गर्छन्) तथा जिल्लाका विभिन्न भेगका उद्यमीहरूद्वारा उत्पादित घरेलु सामानहरू गुन्द्री, टपरा, उनी कपडा खुकुरी, जडिबुटी, बाँसका सामग्री अन्नबाली भुजिया दालमोट, अगरबत्ती विभिन्न कस्मेटिक तथा हस्तकलाका सामग्रीहरू राखिएका थिए। प्रदर्शनी हेर्न उदयपुर जिल्लाका बसाहा, बेल्टार, मुर्कुची, कटारी तथा खोटाङ, ओखलढुङ्गा, सिन्धुली र सिराहा जिल्लाबाट पनि सर्वसाधारणको भीड लागेको थियो। आइतबार सम्पन्न मेला नेपाल घरेलु तथा साना उद्योग महासंघले आयोजना गरेको थियो। माओवादी द्वन्द्वका कारण गाईघाटमा विगत तीन वर्षदेखि क्षेत्रीय औद्योगिक मेला भने हुन सकेको छैन।

### बिन्ती त्यसो नभन

बिन्ती त्यसो नभन तिम्रै लागि बाँचेको छु अतीतका यादहरू मुटुभित्र साँचेको छु साथ मेरो नछोड, कताकता पुग्छु म एक्लै हिंड्ने बानी छैन, तिम्रै आदतले मातेको छु खुसी सारा बटुली, सबैलाई हँसाएको छु तिम्रै पाइला-पाइलामा यो सब मैले अँटेको छु जादु नगरीबाट थोरै माया चोरेर तिम्रो साथ पाउँछु भनी, भगवान्लाई ढाँटेको छु।

–मनोज मानन्धर

### यस्तो परिवर्तन



पर्खालहरू भत्किए
सडकहरू फैलिए
खहरे उर्लिएझैं उर्लनेहरू
हिलो भै थेचिए
तर आफ्नै झोपडी नियाली हेर्दा
बाँकी रहेछन् आवाजहरू
सत्य सीमा कोर्ने
तिमी, म र हामी बीच।

–सबिना सिन्धु

### रोएको छु

साथ दिने कोही छैन एक्लो भएको छु
एकान्तमा तड्पिएर सधैं रोएको छु
अभागीको कोही छैन यो संसारमा आज
जताततै मान्छे देख्छु मान्छेकै छ राज
हात दिने कोही छैन दोधारमा छु
एकान्तमा तड्पिएर सधैं रोएको छु
खाली भयो मनको बगैंचा झरे सबै फूलहरू
सपना भयो अतीत मेरो पिरतिका भूलहरू
हाँसो होइन जिन्दगीमा आँसु रोजेको छु
एकान्तमा तड्पिएर सधैं रोएको छु

–पर्वत सञ्जेल

### सिर्जना

मेरो वर्तमान तिम्रो सिर्जनामा लीन भो
अजम्बरी बन्धन हाम्रो मीठो सम्बन्ध यो
कसरी तिम्रो वर्णन गरूँ कसरी टाढा रहूँ ?
म छु पागलसरी, शून्यतामा हराइदिन्छु
यति धेरै माया गर्छु मैले कहाँ सोचेको थें
तिमी आयौ जीवनमा मैले सारा संसार भुलें
तिमी बाहेकको यो क्षण, कल्पना म के गरूँ
आधा शरीर पत्थर बन्छ, शीतलहर छाइदिन्छ
दुई पलको यो साँझ, आशाको दियो तिमी
फूलहरूको वसन्तमाझ रंगीन हृदय तिमी
अविरल तिम्रो साथमा जुन बनी के हेरूँ
गोधुलिको एकान्तमा आसुँहरू
बिलाइदिन्छु।

–ज्ञानेश्वर राइ

### बराबरी

मान्छे हो पात्र नाटकको रुन्छ
अनि रुवाउँछ कतै
हाँसो ल्याउँछ जीवनमा कहिले रुन्चे
हाँसो पनि कतै।
जीवनको लामो यात्रामा
धेरै भेटिने छुट्टिन्छ
तर एक-दुई अनुहारले बाँचुन्जेल सताउँछ।
धेरै विश्वास साथीमाथि
गर्नु भूल हो सरासरी
उछिन्ने पछिनै बढी हुन्छन्,
चाहँदैनन् बराबरी।

–टंकनाथ शर्मा

### प्रेम

दुई आत्माको मिलन हो प्रेम जात हुँदैन
समर्पित भै दुई मुटु एक हुँदा घात हुँदैन
चखेवाको जोडी जस्तै हुन्छ प्रेम
प्रेमको कल्पनामा सँगै डुल्छु दिन-रात हुँदैन
मिलनदेखि इर्ष्या गरी अरूले कुरा काट्दा
मुटु तोडी घात गर्ने आँट हुँदैन
फरक-फरक हुन्छन् प्रेमका परिभाषाहरू
अन्तरमनको प्रेममा मात हुँदैन
धनी-गरिब बराबरी सहायता प्रेमको
प्रेममा धनदौलतको सौगात हुँदैन।

–शंकर गिरी

## लघुकथा

### सहिदपुत्र



लोकतन्त्र आएपछि उसले आफ्नो आवासको व्यवस्था त्यही सालिकनजिक गरेको थियो। बाबु मरेको एक वर्षपछि उसकी आमा मरेकी थिइन्। त्यसपछि ऊ एक्लो बनेको थियो। उसका लागि सहारा भन्नु नै त्यो एउटा निर्जीव सालिक थियो। निद्राबाट ब्युँझनेबित्तिकै ऊ त्यो सालिकलाई ढोग्थ्यो र दुई थोपा आँसु खसाउँथ्यो।

'विचरा ☐ कलिलै उमेरमा बौलाएछ,' केही बटुवाले भन्थे। पाप गर्ने बेलामा थाहा पाएनन्, त्यस्तो नाबालकलाई अलपत्र पारे, कोही अनुमान लगाउँदैथे। गाउँबाट भागेर हिंड्दा यस्तै हुन्छ, केही महिला आफ्नो सन्तानलाई यसरी नै पाठ सिकाउँथे। यिनै त हुन् नि पाकेटमारका बीउ– शिक्षित युवाहरू अड्कल गर्थे।

त्यसले सहिदको सालिक निर्माण गरेको स्थललाई फोहोर बनाएकाले यसलाई यहाँबाट हटाउनुपर्छ,... गोष्ठी गर्थे।

कसैले अनुमान गर्न नसकेको एउटै कुरा थियो, त्यो हो– त्यो सालिक, लोकतन्त्र ल्याउनका लागि भएको संघर्षमा शहादतप्राप्त उसकै बाबु अर्थात् सहिदको थियो।

मुना दंगाल

## सन्देश

प्यारी काली, के गर्नु कहीं मिलन त कहीं विछोड, कहीं हाँसो त कहीं आँसु, कहीं दिन त कही रात यो सबै सांसारिक जीवनको खेल रहेछ। मेरो अपार मायालाई आत्मसात गरी माया नै मायाले भरिएको नौनीजस्तो त्यो कोमल हृदयलाई ढुंगाको स्वरूपमा ढाली मुटु र साहस बलियो पारेर आफ्नो विचारमा अडिग भएर बस्नु। मिलनमा हुँदा हाँसो र विछोडिंदा आँसु बग्नु स्वाभाविक हो। त्यसैले भन्छु मिलनमा रमेको त्यो मन विछोडमा अत्तालिन सक्छ तर कत्ति पनि नआत्तिनु। म सधै तिमी हाँसी-खुसी देख्न चाहन्छु, त्यसैले सधै सत्यको मायालाई मुटुमा साँची स्वस्थ एवं तन्दुरुस्तका साथ खुसी भएर बस्नु, यो काले सदा तिम्रै रहनेछ हेर काली, तिमी खानामा लापरबाही गर्छ्यौं, मेरो मायालाई सम्झी टन्न खाई मोटाएर बस्नु।

**सत्य**

सानु, सधै खुसी रहनु, मनलाई कहिल्यै नरुवाउनु, म तिम्रो हरेक दुःख सुखमा साथ दिनेछु मेरो मायालाई दिलमा सजाइ राख्नु, तिम्रा हरेक पाइलामा सफलता मिलोस, शुभकामना तिमीलाई।

**के थापा**

दाइ एस., आमाबुबा तपाईंको आवाजको मात्र होइन, उपस्थितिको पनि अपेक्षा राख्नुहुन्छ, तसर्थ तुरुन्त घरमा आउन वा फोन सम्पर्क गर्न विनम्र अनुरोध छ।

**पञ्च**

कपन गुम्बामा क्याफेभित्र बसेर आइसक्रिम खाने तीन जनामध्ये नीलो भेस्ट तथा नीलै जिन्स पाइन्ट लगाउने र



बाहिर हेर्नेलाई फोन गर्न आग्रह छ।

**खरानी कलरको क्याप, हरियो टिसर्ट र नीलो जिन्स**

प्रिया, तिमीसँग बिताएका क्षणहरू मेरो आँखामा हरपल चलचित्रझैं घुमिरहेछन। तामाकोसी किनारको समी र वरको रूखमुनि बिताएका सुन्दर पलहरू, के भुल्न सकिन्छ र ? पानी परेको त्यो बिहान, तिमीले मलाई भिजेर जान नदिई रोकेको, धेरै माया गरेको अनि आफ्नै हातले बनाएको सिलाम र रातागेडीको आचार आफ्नो सुकोमल औंलाले चटाएको साथै अत्यन्त आग्रहका साथ खाना ख्वाएको, सम्झँदा नै मलाई साह्रै कष्ट हुन्छ। जे भए पनि तिम्रो प्रेमको म उच्च सम्मान गर्छु र सधैं माया गरिरहने प्रण गर्छु।

**सन्दीप**

प्रिय, तिमी जस्तोसको समस्यामा भए पनि म सधैं तिम्रो साथ हुनेछु र म मेरो मायामा कुनै कमी-कमजोरी हुन दिनेछैन। म तिमीलाई जस्तोसुकै मोडमा पनि हाँसीहाँसी स्वीकार गर्नेछु, किनभने म तिमीलाई हृदयदेखि माया गर्छु।

**मानस मिरिङचिङ**

महान् उद्देश्य लिएर अघि बढेको छोरा एस., तिमी जहाँ जए पनि एकपटक आमाबुबाका लागि घर आउन वा फोन गर्न विनम्र अनुरोध छ।

**आमाबाबु**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........................................

उमेर : .......................... उचाइ : ..........................

पेसा : .......................... शिक्षा : ..........................

स्वभाव :.......................... वैवाहिक स्थिति : ..........................

अभिरुचि : ..........................वर्ण : ..........................

इमेल : ..........................................

ठेगाना : ..........................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................

..........................................

**नोट : तस्बिर र नगद रु. ५०/- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।**

## जीवनको गोरेटोमा

### तिम्रो तस्बिरको अन्त्य

औंसीको त्यो रात वास्तवमै निर्जीव थियो। दिनभर जीवन गुजाराको संघर्षमा होमिएकाहरूले आफूलाई निद्रामा समर्पित गरिसकेका थिए। जाडो अत्यन्तै बढेकाले म आगो बालेर त्यसको अगाडि बसी जाडोबाट मुक्ति पाउने चेष्टा गर्न थालें। मेरो यो कार्य सायद स्वार्थी मानव चरित्रको एक ज्वलन्त उदाहरण थियो। किनकि आगोको जलनको बेवास्ता गर्दै म निरन्तर न्यानोपन जम्मा पारिरहेको थिएँ। अनायासै सम्झनाको श्रृंखला बीचबाट अचानक एउटा त्यस्तो याद पनि आयो जुन सायद मेरो अतीतको सम्पूर्ण तिक्तताको सारांश हो। हो, तिम्रो याद।

कतै सुरक्षित तिम्रो तस्बिर निकालेर म नियाल्न थाल्छु। तिमीले मसँग गरेका ती सारा संकल्प अनि वाचाहरू मेरो कानभरि गुन्जिन्छन्। हाम्रो प्रेमसम्बन्धप्रतिको तिम्रो प्रतिबद्धताप्रति सायद आज पनि म शंका गर्दिनँ। आज पनि सायद तिमीप्रतिको मेरो त्यो प्रेम र समर्पणमा कुनै कमी आएको छैन, तर पनि थाहा छैन किन तिम्रो अभाव छ। तिमी मसँग छैनौ। म तिमीलाई यसको कारण सोध्दिन किनभने मेरो तिमीप्रतिको प्रेमको शर्त तिम्रो प्राप्ति थिएन। यिनै कयौं सोचहरूबीच कतै म तिम्रो तस्बिरभित्र डुबिसकेको थिएँ। मेरो रगतका प्रत्येक थोपामा तिम्रो सुन्दरताका प्रत्येक पक्ष समाहित थिए।

अचानक मेरो हातको तस्बिरबाट तिमी धरातलमा ओर्लियौ। ममा आश्चर्यको सीमा रहेन। एकपटक फेरि तिमीलाई नियालें। तिमी मेरो अगाडि थियौ। त्यही कलात्मक मुहार, तिनै रहस्यमय आँखा, त्यही सुन्दरता, त्यही मनमोहकता अनि त्यही आकर्षण। तिम्रो आकर्षणको पर्दाले मलाई अन्धो बनाइसकेको थियो। बिस्तारै म आफ्नो ठाउँबाट उठें, सुस्तरी तिमी अघि बढ्यौ। तिम्रा प्रत्येक कदम नियाल्दै म तिम्रो पछि लागें।

औंसीको रात भए पनि बाहिर उज्यालो थियो। केही क्षणअघिको ठण्डीको त्यहाँ कुनै गुन्जायस थिएन। तिम्रो हातका चुरा अनि खुट्टाका पाउजुको संगीतमा तिम्रा प्रत्येक चालसँगै ती रेशमी केशले पनि नृत्य गरिरहेझैं लाग्थ्यो। तिमीलाई भेट्ने अभिलाषा मभित्र पलपल तीव्र बन्दै गयो तर मेरो मनलाई बेवास्ता गर्दै तिमी अघि बढिरह्यौ। मेरो मस्तिष्क तिम्रो प्राप्तिको सुन्दर कल्पनाबाट बाहिर निस्किएर अरू विषयमा सोच्न बारम्बार अस्वीकार गरिरह्यो।

निरन्तरको प्रयासपछि म तिमी नजिक पुगें, तिमी रोकियौ। बिस्तारै तिमी पछाडि फर्कियौ। त्यसबेला वास्तवमै तिम्रो सुन्दरता अवर्णनीय लाग्थ्यो। तिम्रा नजरवाणहरू बारम्बार मेरो मस्तिष्कलाई क्षिण बनाइरहे। तिमी मुस्कुरायौ, तिम्रो मुस्कान मलाई सम्पूर्ण रूपमा घायल बनाउन पर्याप्त थियो। तिम्रो हात सुस्तरी मतर्फ बढ्न थाले। तिम्रा हातलाई सहारा प्रदान गर्न मैले आफ्नो हात अगाडि बढाएँ।

बिस्तारै हातमा केही तातोपन अनुभव हुँदै गयो र त्यो तातोपन बढ्दै गयो। अचानक म वास्तविकतामा फर्किएँ।



हो, यो त एक कल्पना मात्र थियो। म आफ्नै कोठामा बसिरहेको थिएँ। मेरो अगाडि त्यही आगो बलिरहेको थियो। तिम्रो तस्बिर बोकेका मेरा हात आगोको ज्वालामाथि तेर्सिरहेका थिए। आनन्दमय काल्पनिकताको संसारबाट वास्तविकताको धरातलमा म यसरी खसें कि तिम्रो तस्बिर मेरो हातबाट छुटेर आगोमा पुगिसकेको थियो। आगोले तिम्रो तस्बिर जलाउन थालिसकेको थियो। बल्दै तिमी आगोभित्र (तस्बिरमा) पनि मुस्काइरहेकी थियौ।

साँच्चै, तिम्रो त्यो तस्बिर मेरा लागि अत्यन्त मूल्यवान् थियो। त्यहाँ भरिएको तिम्रो मुस्कान मलाई प्रत्येक निराशाहरूमा हौसला प्रदान गर्थ्यो। जिन्दगीरूपी मरुभूमिमा बग्ने सङ्लो पानीको मुहान थियो त्यो मेरा लागि। त्यो तस्बिर पनि मबाट लुटियो, अनि म बिल्कुल असहाय बनें। मलाई बाँच्न सिकाउने त्यो तिम्रो तस्बिरको अभावले सिर्जना गरेको पीडा आज मेरा लागि असह्य बनेको छ, जसको परिणामस्वरूप सायद मैले बाँच्न पनि बिर्सनेछु।


**– प्रमोद**

### सूचना

जीवनको गोरेटो स्तम्भअन्तर्गत प्रत्येक महिनाको पहिलो शुक्रबारदेखि क्रमशः १. मेरो पहिलो प्रेम, २. कलेजको मेरो पहिलो दिन, ३. मेरो सुहागरात, ४. मेरो असफल प्रेम, ५. मेरो पहिलो पुरस्कार प्रकाशित हुने हुँदा आफ्ना अनुभवहरू छोटो, मीठो शैलीमा हामीलाई पठाइदिनुहुन अनुरोध छ।

**– साप्ताहिक**

## साप्ताहिक साथी



-सुरक्षा सेवामा जागिरे तेजन तिवारीले प्रवेशिका उत्तीर्ण गरेका छन्। नम्र स्वभावका अविवाहित तेजन शुद्ध शाकाहारी हुन्। पत्रमित्रतामा रुचि भएका तेजन अविवाहित छन्। जस्तोसुकै व्यक्तिसँग पनि पत्रमित्रता राख्न चाहने तेजनलाई तारादल गण, बैरेनी ब्यारेक धादिङमा पत्राचार गर्न सकिन्छ।



-अध्ययन तथा व्यवसायलाई सँगसँगै अघि बढाइरहेका पुरुषोत्तम भेटुवाल अविवाहित छन्। खेलकुद, भ्रमण तथा संगीतमा रुचि भएका पुरुषोत्तम चञ्चल स्वभावका छन्। गहुँगारो वर्णका पुरुषोत्तम सहयोगी, मिलनसार, घमन्ड नगर्ने, दुःखसुखमा साथ दिने व्यक्तिको खोजीमा छन्। पुरुषोत्तमलाई sparklingstone98@yahoo.com मा पत्राचार गर्न सकिन्छ।



-स्नातकोत्तर तहमा अध्ययनरत सूर्य भक्त अधिकारी ५ फिट ७ इन्च अग्ला छन्। २४ वर्षीय अधिकारी अविवाहित हुन्। गहुँगोरो वर्णका अधिकारी विश्वासघात नगर्ने असल साथीको खोजीमा छन्। उनलाई surya_adhikari44@yahoo.com मा पत्राचार गर्न सकिन्छ।

# वन्यजन्तुका लागि राइनो ताल

चारैतिर घना जंगल। गैंडा, बाघ, चित्तल, मृगको बासस्थान र चराचुरुङ्गीको चिरबिराहट, जंगलको बीचमा ठूलो 'वाई' आकृतिको ताल। तालमा विभिन्न जनावरदेखि पन्छीसमेतले पानी पिइरहेको दृश्य।

चितवन घना जंगल, निकुञ्ज र सिमसार क्षेत्रले भरिएको छ। वरिपरि सामुदायिक वन छन्। चितवन राष्ट्रिय निकुञ्जमा जनावरका लागि पिउने पानीको अभाव छ। त्यही भएर होला, भरतपुरस्थित रामबेल सामुदायिक वनको स्वामित्वमा ताल निर्माण गरिएको छ। उक्त तालको नाम चितवनलाई चिनाउने दुर्लभ एकसिंगे गैंडासंग जोडिएर 'राइनो ताल' राखिएको छ। नाम 'राइनो ताल' भए पनि यसको महत्त्व सबै जनावरका लागि समान छ।



उक्त ताल महेन्द्र राजमार्गसँग जोडिएको रामवेल सामुदायिक वनले स्थानीयबासीको सहयोगमा निर्माण गरेको हो। एक वर्षअघि जेठमा निर्माण सुरु गरिएको ताल अहिले तयार भएको छ। उक्त ताल युवा पुस्ताका लागि नयाँ गन्तव्यस्थलका रूपमा विकसित भएको छ। तालको वरिपरि पिकनिक स्पट बनाउने काम चलिरहेको छ।स्थानीय बासिन्दा एवं वनका पदाधिकारीहरू तालमा डुंगा चलाएर भौतिक पूर्वाधार निर्माणका लागि आर्थिक स्रोत जुटाउनसमेत लागिपरेका छन्। अहिले त्यहाँ डुंगा बनाउने काम निरन्तर चलिरहेको छ। तीनवटा डुंगा तयार पारेर परीक्षणका लागि तालमा चलाइसकिएको रामवेल सामुदायिक वनका कोषाध्यक्ष भीमलाल सुवेदीले साप्ताहिकलाई बताए।

उक्त ताल वरिपरि कोलाहलबाट बच्न युवायुवतीदेखि वृद्धवृद्धाहरूको समेत बाक्लो उपस्थित हुने गरेको छ। युवायुवतीहरूका लागि ताल 'टाइम पास' गर्ने थलो बनेको छ। एकान्त मन पराउने जोडीहरू त्यहाँ निकै देख्न सकिन्छ। नारायणगढबाट उक्त ताल अवलोकन गर्न आएका संजीव सुवेदी भन्दै थिए- 'यस्तो मनोरम स्थल र कृत्रिम तालले यहाँ आउने जो-कोहीको मन जित्न सक्छ।'

गैंडा, बाघ, मृग र चित्तलको बासस्थानका रूपमा रहेको यो जंगलबाट वन्यजन्तु पानी खान अन्यत्र नजाऊन् भनेर तालको निर्माण गरिएको बताउँदै उक्त सामुदायिक वनका अध्यक्ष ललित बस्नेतले साप्ताहिकसँग भने- 'पानीको अभाव हुँदा वन्यजन्तु बस्तीमा आउनाले सर्वसाधारणको अन्नबाली क्षति हुनुका साथै चोरीसिकारी हुने भएकाले यो ताल निर्माण गरिएको हो।' निकुञ्जभित्र प्राकृतिक जलाशयको अभाव र वन्यजन्तु हिंड्ने बाटो भएकाले पनि तालको निर्माण गर्नुपरेको बस्नेतले बताए।

राइनो ताल बस्तीभन्दा २ किलोमिटर टाढा सामूदायिक वनभित्र १५ हेक्टर क्षेत्रफलमा फैलिएको छ। ताल संरक्षण गरेलगत्तै देशी-विदेशी चराको आगमन बढेको स्थानियबासीहरू बताउँछन्। ताल निर्माण गर्न जिल्ला वन कार्यालयको वाईसेफ कार्यक्रममार्फत प्राप्त १ लाख ४२ हजार रुपैयाँ, स्थानीय उपभोक्ता समुहको ३ लाख रुपैयाँ खर्च भैसकेको छ।

पहिलेदखि नै मूल भएका कारण उपभोक्ताले साढे ४ लाख लगानी गरेर पूर्वमा ढुंगा र माटोले पर्खाल निर्माण गरी पानी थुनेका छन्। तालभित्र घाँस अनि सुकेका रूख आदि छन्। वर्षँको पानी संकलन भएपछि तालको पूरै भागमा पानी फैलने उनीहरू बताउँछन्।

मोटरले वनभित्र होहल्ला हुने भएकाले तालसम्म जान गाडाको व्यवस्था गर्न गरिएको छ। वन्यजन्तु ओहोरदोहोर गर्ने मार्गमै ताल बनाइएको छ।ताललाई बिरूप बनाउने जलकुम्भी तथा वनमाराजस्ता झारलाई पलाउनै नदिन बेलाबेलामा सरसफाइ गर्ने गरिएको छ।

योजनाअनुरूप तालको विकासका लागि अझै १० लाख रुपैयाँ आवश्यक रहेको उक्त सामुदायिक वनका पदाधिकारीहरू बताउँछन्। यो वन समुदायलाई हस्तान्तरण नभैसकेका कारण यसको आधा आम्दानी जिल्ला वनमा जाने गरेकाले ताललाई अझ व्यवस्थित गर्न आर्थिक अभाव रहेको स्थानीय बासिन्दाहरूले बताए।

**–प्रवीण दत्त**

प्रविधि र जीवन

# अब पालो आईटीभीको

एप्पलले आफ्नो नवीनतम प्रविधियुक्त आईटीभीलाई उपभोक्तामाझ ल्याएको छ। कम्प्युटर, आइपोडपछि आईटीभी एप्पलको महत्त्वपूर्ण उत्पादन हुनेछ।

आईटीभीमार्फत एप्पलले मानिसको बैठक कोठामा पहिलो पटक पाइला राख्दै छ। आईटीभीले आइपोडलाई विस्थापित गर्ने दाबी प्रविधिविज्ञहरूको छ।

आइटीभी सेट टप बक्सको कोड नाम हो, जुन आकारमा म्याक मिनीभन्दा आधा सानो छ। आइटीभीलाई टेलिभिजनमा प्लग गरिन्छ अनि यसले अर्को कोठामा राखिएको कम्प्युटरबाट इन्टरनेटको मद्दतमा चलचित्र, म्युजिक भिडियो तथा गीत टेलिभिजनमा उपलब्ध गराउँछ।

आईटीभीको विकास बेतार प्रणालीअनुरूप गरिएको छ। आईटीभी यन्त्रमार्फत एप्पलको बजार विस्तार हुने अनुमान गरिएको छ।

आईटीभी बजारमा आएपछि उपभोक्ताले एप्पलको आइट्युन्स अनलाइन स्टोरबाट उपलब्ध चलचित्र आफ्नो टेलिभिजनमा हेर्न सक्नेछन्।

एप्पल कम्पनीका अनुसार डिभीडीबराबरको गुणस्तरमा आईटीभीले श्रव्यदृश्य सामग्री टेलिभिजनमा उपलब्ध गराउनेछ।

आईटीभीले कम्प्युटर निर्माता कम्पनीबीच मात्र नभई ब्रोडब्यान्ड इन्टरनेट सेवाप्रदायकमाझ पनि नयाँ प्रतिस्पर्धा निम्त्याउनेछ। आइटीभीले चलचित्र र विभिन्न टेलिभिजन च्यानल सजिलै उपलब्ध गराउँदा सबैभन्दा ठूलो चुनौती केबुल टेलिभिजनसामु आउनेछ।'

नयाँदेखि पुराना चलचित्र आईटीभीको सहायताले एप्पलको अनलाइन स्टोरबाट हेर्न मिल्ने भएपछि केबुल टेलिभिजनतर्फ मानिसको ध्यान कम हुनेछ।

# अब ब्याट्री चार्ज गर्न तार नचाहिने


अमेरिकाको म्यासाच्युसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआईटी) का अनुसन्धानकर्ताहरू प्राध्यापक मरिन सोलज्किक, जोन जोआनोपोलस तथा एरिस्टिडिस कार्लिसले यस्तो सहज प्रविधिको खाका तयार पारेका छन्, जसले ल्यापटप कम्प्युटर, मोबाइल फोन, एमपीथ्री प्लेयर, डिजिटल क्यामेरा, भिडियो क्यामेराजस्ता विद्युतीय उपकरणमा बिनातार ऊर्जा पुर्‍याउन सक्नेछ।

यो प्रविधिले तीनदेखि पाँच मिटरको दूरीसम्म पनि कार्य गर्न सक्छ। अनुसन्धानकर्ता समूहले यो उपकरणले परीक्षण भने गरेका छैनन्, तर कम्प्युटरमा तयार पारिएको मोडल तथा गणितीय तथ्यांकले प्रमाणित गरेको छ– यस प्रकारको प्रविधिले काम गर्न सक्छ।

एमआईटीका अनुसन्धान-कर्ताले बेतार सञ्चारमार्फत ऊर्जा सञ्चय गर्न अनुकम्पन प्रक्रियालाई अँगालेका छन्। यो यस्तो प्रक्रिया हो, जहाँ एक निश्चित मात्रामा ऊर्जा सञ्चार गरेपछि सम्बन्धित वस्तुमा कम्पन उत्पन्न गराउनेछ। अनुसन्धानकर्ता प्रा. मरिन सोलज्किक स्पष्ट पार्छन्- 'समान कम्पन भएका वस्तुले एक-आपसमा तरङ्ग साटासाट गर्न सक्छन्, जसका कारण वस्तुमा ऊर्जा पैदा हुन्छ।'

ध्वनितरङ्गमा लागू हुने यस्तो सिद्धान्तलाई विद्युत् चुम्बकीय तरङ्गमा लागू गरिनेछ। विद्युत् चुम्बकीय विकिरणअन्तर्गत रेडियो तरङ्ग, इन्फ्रारेड तथा एक्सरे पनि आउँछ। यो प्रविधिको विकासपछि ब्याट्री प्रयोग हुने जुनसुकै विद्युतीय उपकरणलाई सजिलै रिचार्ज गर्न सकिनेछ।

## साप्ताहिक रंग भर प्रतियोगिता - १



**प्रतियोगीको नाम :**

**कक्षा :**


**विद्यालयको नाम :**

माथि दिइएको चित्र पाटेबाघको हो। अंग्रेजीमा यसलाई रोयल बेङगाल टाइगर भनिन्छ। तराईको घाँसेमैदान भएको जंगल पाटेबाघको मुख्य वास स्थान हो। पाटेबाघ नेपाल, भारत र बंगलादेशमा पाइन्छ। नेपालमा पाटेबाघको संख्या ३ सयको हाराहारीमा रहेको अनुमान गरिएको छ। पाटेबाघको शरीरमा सुनौलो पृष्टभूमिमा कालो धर्काहरू हुन्छन्।

**नियमहरू :**

१. यो प्रतियोगितामा कक्षा ५ देखि १० सम्मका भाइ-बहिनीहरूले भाग लिन सक्नेछन्।
२. पुरस्कृत चित्र साप्ताहिकमा प्रतियोगीको तस्बिरसहित प्रकाशित हुनेछ।
३. प्रतियोगीले आफ्नो नाम, विद्यालयको नाम, कक्षा, उमेरसहित रंगिन तस्बिर पनि पठाउनु पर्नेछ।
४. पुरस्कृत चित्रलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिने छ।

**तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?**



लुकेका समानहरू :जुत्ता, छाता, चश्मा, टाई, लुगा।

जानकारी

## रेड वाइन र आयु

अंगुर तथा अन्य फलफूलबाट बनाइने रेड वाइन मोटाघाटाहरूको आयु लम्ब्याउन उपयोगी सिद्ध हुने तथ्य पत्ता लागेको छ। रेड वाइनमा पर्याप्त पौष्टिक तत्त्व भए पनि त्यसको नियमित सेवन गर्नेहरू हृदयगन्थिल रोगबाट मुक्त हुँदै आएपछि त्यसको रहस्य पत्ता लगाउने क्रममा अमेरिकी वैज्ञानिकहरूले गरेको अनुसन्धानबाट उक्त कुरा पत्ता लागेको हो।

अमेरिकी वैज्ञानिकहरूले रेड वाइनमा रहेको सो गुण जाँच्नका लागि मानिसको बनोटसँग धेरै मिल्दोजुल्दो मानिने मुसामा प्रयोग गरेका थिए। मोटा मुसाहरूलाई रेड वाइन ६ महिनासम्म सेवन गराउँदा उनीहरूको औसत आयु १५ प्रतिशतले बढेको तथा कुनै किसिमको प्रतिकूल प्रभाव नदेखिएको अनुसन्धानले देखाएको छ।

जन्मदिनको शुभकामना



इसिका चौधरी २०६१ असार ९



दीपेश सुनुवार २०५७ असार ९



सम्भव कोइराला २०६१ असार ९



अभिदित गोतामे २०६३ असार ९



सिमरन थापा २०६० असार ९



सायोरी भट्टचन २०६१ असार १०



श्रेया भट्ट २०५८ असार १०



प्रजिता श्रेष्ठ २०५८ असार १०




इरम खातुन २०६३ असार १३



अनुष्का गुरुङ २०५९ असार ११



सीमा भट्ट २०६० असार १२



आयुष लामा २०६० असार १२

कुपन

जन्मदिनको शुभकामना

नाम :.............................................

जन्म मिति :.............................................

स्कुल :.............................................

ठेगाना :.............................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# किन तेल धेरै तताउनु हुँदैन ?

तेल प्रयोग गरेर धेरै किसिमका खानेकुरा बनाइन्छ। खानेकुरा पकाउँदा तेललाई धूवाँ नआउन्जेल तताउने चलन नै बनिसकेको छ। यसरी तेललाई खरो बनाएर तरकारी पकाउँदा मीठो हुन्छ भन्ने विश्वास भए पनि यस्तो तेलमा पकाइएको खानेकुरा खाँदा स्वास्थ्यमा कति हानि पुग्छ भन्ने विषयमा धेरैलाई थाहा नहुन सक्छ।



तेललाई धूवाँ आउन्जेल तताउँदा त्यसमा भएका सबै महत्त्वपूर्ण र स्वास्थ्यलाई लाभदायक तत्त्व नष्ट हुन्छन्।


अमेरिकाको कन्सास स्टेट युनिभर्सिटीका पोषण विशेषज्ञका अनुसार यसरी तेललाई धेरै बेर तताउँदा त्यसमा भएको भिटामिन ई नष्ट हुन्छ। त्यस्तै लामो समयसम्म सूर्यको प्रकाशमा तेल राख्दा त्यसमा विकार उत्पन्न हुन्छ।

त्यसैले तेललाई धेरै तताउने बानी छ भने सर्स्यु, सूर्यमुखी, बदाम आदिको तेल प्रयोग गर्नुपर्छ, किनभने ती तेल थोरै तापक्रममा पनि तातिन्छन्।

# भ्रूणलाई पनि १३ वर्ष कैद

स्पेनमा १३ वर्षपहिले जन्मनुपर्ने शिशु अबको नौ महिनापछि मात्र जन्मिने भएको छ। स्पेनको वार्सिलोनास्थित एउटा प्रजनन केन्द्रको फ्रिजमा १३ वर्षपहिले राखिएको भ्रूण एक महिलाको गर्भमा राखिएपछि यस्तो अवस्था सिर्जना भएको हो। उक्त भ्रूण बार्सिलोनाको एउटा स्वास्थ्य प्रजनन केन्द्रमा १३ वर्षअघिदेखि माइनस १ सय ९६ डिग्री सेल्सियस तापक्रममा राखिएको थियो।

स्वास्थ्य प्रजनन केन्द्रले प्राप्त गरेको त्यस्तै अर्को भ्रूण प्रयोग गरी १३ वर्षअघि नै पहिलो शिशुको जन्म भैसकेको छ। यसअघि त्यस किसिमका



भ्रूण अत्याधिक चिसोमा राख्दा पाँच वर्षसम्म प्रयोग हुनसक्ने कुरा प्रमाणित भएको थियो। कतिपय देशले पाँच वर्षभन्दा बढी समयको भ्रूण प्रयोग गर्न निषेध गरेका छन्।

## साताकी श्रीमती

**हाल के गर्दै हुनुहुन्छ ?**
केही कार्यक्रम सम्पन्न गरी अहिले केही फुर्सद लिएको छु, तर पनि फुर्सद छ भन्दैमा कहाँ आनन्दसँग बस्न पाइन्छ र ? नयाँ कार्यक्रम कसरी रोचक र आकर्षण बनाउने भनेर होमवर्क गरिरहनुपर्छ ।

**यस्तो कार्यक्रम सञ्चालन गर्दा कत्तिको खुसी ?**
खुसी र सुखी नै जीवनको सबैभन्दा अमूल्य सम्पत्ति हो । जीवनको सबैभन्दा ठूलो सफलता नै सुख हो ।

**विवाह कहिले गर्नुभएको ?**
१२ वर्षजति भयो ।

**विदेश भ्रमण गर्दा एक्लै घुम्न रमाइलो लाग्यो कि श्रीमान्संग ?**
आफ्नो परिवार त्यसमा पनि श्रीमान्सँग घुम्न पाउँदा कुन नारी खुसी हुन्नन् ?

हेमा मानन्धर। नेप्लिज फेसन होमकी अध्यक्ष। शिक्षा : बी.ए.। श्रीमान् तिलकनारायण मानन्धर । एक छोरीकी आमा। माइती : दोलखा, हाल : बालाजु, काठमाडौं। प्रकाशित कृति : 'पहाडहरू सुतिदेऊ' (कवितासंग्रह)। किड्स क्विन पोखरा, किड्स क्विन चितवन, किड्स क्विन धरान तथा किड्स क्विन नेपालका साथै मिस शेर्पा, मिस गुरुङ एवं मिस नेवा आयोजना गरी थुप्रै अनुभव।



**संघर्ष गर्नुभएको छ ?**
संघर्ष त मेरो पेसामा मात्र होइन, जुनसुकै उद्योगधन्धा, कलकारखाना, व्यापार-व्यवसाय गर्दा पनि गर्नुपर्छ ।

**कहिलेदेखि यस्ता कार्यक्रमप्रति झुकाव बढेको हो ?**
सन् २००३ देखि विभिन्न ठाउँमा कार्यक्रम सञ्चालन गर्दै आएको छौं । नेपाली परिवेशमा नयाँ र नौलो कार्यक्रम देखाऊँ भन्ने सोच पहिलेदेखि नै भएकाले पनि यसप्रति मेरो झुकाव बढेको हो ।

**यस्ता कार्यक्रम गर्नुको कारण ?**
आफ्नो देशको संस्कृति, परम्परा, वेशभूषा, भाषा, कला आदिको जगेर्ना गर्नु । त्यसैगरी कुनै पनि प्रतियोगीले आफूमा भएको कला र प्रतिभा पनि देखाउन सकोस् भन्ने उद्देश्यले पनि यस्ता कार्यक्रम सञ्चालन गरेकी हुँ ।

**यो काम तपाई एउटाले गरेर सम्भव छ ?**
मैले गरें, अब अरूले पनि गर्न सक्छन् । यसरी नै सम्भव भैहाल्छ नि । त्यसमा पनि मैले नभै हामीले यो कार्यक्रम गरेका छौं ।

**एउटा कविता-सङ्ग्रह पनि प्रकाशित गर्नुभएको रहेछ, कसरी भ्याउनुहुन्छ ?**
म फुर्सदमा कविता लेख्छु ।

**निकै हँसिली र रमाइलो हुनुहुँदो रहेछ ?**

**फुर्सदको समयमा के गर्नुहुन्छ ?**
साथीभाइ, घरपरीवारसँग बसेर रमाइलो गर्छु ।

**तपाईंको विशेष रुचि ?**
पुस्तक पढ्ने, खाना पकाउने र कविता लेख्ने ।

**घरमा श्रीमान्बाट कत्तिको सहयोग पाउनुभएको छ ?**
पर्याप्त सहयोग, सल्लाह र मार्गदर्शन पाएकी छु । कुनै पनि विवाहित नारीले जीवनमा सफलता प्राप्त गर्न एक-अर्काप्रति समानान्तर स्नेह, ममता, सहयोग र सद्भाव हुनु नितान्त आवश्यक छ । यस अर्थमा भन्नुपर्दा म आफूलाई निकै भाग्यमानी मान्छु । हरेक नेपाली महिलाले यस्तै सुखद अनुभूति र सफल जीवनयापन गर्न सकून् भन्ने कामना पनि गर्छु ।

**तपाईंको श्रीमान् के काम गर्नुहुन्छ ?**
समाजसेवी हुनुहुन्छ । उहाँ घर-परिवारमा जति समय दिनुहुन्छ त्योभन्दा बढी समय सामाजिक कार्यमा लाग्नुहुन्छ ।

**श्रीमान्को सबैभन्दा मन पर्ने बानी ?**
मीठो ट्वाक्कटुक्क खाना खाने बानी । जस्तो पायो त्यस्तो खाना खानुहुन्न । उहाँले गर्दा पनि परिवारका सबैमा मीठो खाना खाने बानी परेको छ ।

**अनि मन नपर्ने बानी नि ?**
आफू र आफ्नो दैनिक उपभोग्य वस्तु जस्तै– जुत्ता, मोजा, कपडा आदि वस्तुसमेत स्याहार गर्न नजान्ने बानी मलाई मन पर्दैन । जसले गर्दा सानोतिनो कुरामा पनि कहिलेकाहीं सामान्य विवाद भैहाल्छ ।

**यस्ता कार्यक्रमबाट धेरै पैसा कमाइसक्नु भएको छ रे नि ?**
यो हेर्ने अनि भन्ने मानिसहरूले मप्रति राखेको सकारात्मक सोच हो। जीवनमा जति पनि कार्य गरें ती सबैमा इमान्दारिताका साथ आफ्नो भूमिका निर्वाह गरेकी छु । इमान्दारीताका साथ कर्म गर्दा धेरै व्यक्तिको सहयोग र सद्भाव चाहिन्छ । कार्यक्रम सम्बन्धित सबैका लागि हितकर होस् भन्ने भावना मेरो मनमा छ र त्यो घेराभित्र रही आफ्नो कार्यक्रम सञ्चालन गर्दा थोरै मात्र आम्दानी भए पनि त्यसबाट अपार सन्तुष्टि मिलेको हुन्छ ।

**छोरीलाई के बनाउने विचार गर्नुभएको छ ?**
यो युगको नयाँ पुस्ताले आफैंले आत्मनिर्णय गर्न सक्ने क्षमता बोकेको छ भन्ने मलाई लाग्छ । मेरी छोरी आत्मनिर्णय गर्न सक्ने हुन्जेल एउटी ममतामयी आमाले निर्वाह गर्नुपर्ने कर्तव्य निर्वाह गर्छु । आफ्नी छोरीलाई भविष्यमा यस्तो बनाउँछु भन्नुभन्दा कुनै पनि क्षेत्रमा लागेर सफल बनोस् भन्ने कामना गर्छु ।

**कहिलेकाहीं लामो समयसम्म घरबाहिर हुँदा तपाईंको श्रीमान् रिसाउनुहुन्न ?**
नेपाल पितृसतात्मक मुलुक भए पनि मेरो परिवारमा त्यसको खासै प्रभाव छैन । यद्यपि माया गर्नेहरू केही दिन अलग बस्दा थोरै नैराश्यता त आइहाल्छ । आजको युगमा जति नै टाढा भए पनि सूचना-प्रविधिका कारण नजिक नै भइन्छ । एक-अर्काको स्पर्शको आनन्द मात्र लिन नपाइने त हो ।

**साधारण नारी र तपाईंको जीवनशैलीमा के फरक छ ?**
म आफूलाई साधारण नारी नै भन्न मन पराउँछु । म र साधारण नारीमा खासै केही फरक छैन । व्यवसायले केही फरक देखाएको हुनसक्छ, तर सम्पूर्ण नेपाली नारीमा मेरो जस्तै उत्साह, लगन र परिश्रम छ । कामको प्रवृत्ति मात्र फरक हो । प्रत्येक नेपाली नारीमा नयाँ नेपाल निर्माणका लागि योगदान पुऱ्याउन सक्ने योग्यता छ, मात्र अवसरको खाँचो छ ।

**–विष्णुकुमार श्रेष्ठ**

## परिकार


### बुनियाँ

**सामग्री** : बेसन : आधा किलो, घिउ : आधा किलो, चिनी : ७ सय ग्राम, पानी : ७ सय ग्राम (चास्नीका लागि) ।

**विधि** : बेसनमा अलि-अलि गर्दै पानी हाल्दै फिट्दै जानुपर्छ । राम्रोसँग फिटियो कि फिटिएन अथवा मिल्यो कि मिलेन भनी जाँच्नका लागि एउटा भाँडामा पानी राखी त्यसमा फिटेको बेसनको थोपा हाल्ने । थोपा माथि उत्रियो भने फिट्न पुग्यो भन्ने बुझ्नुपर्छ । यदि तल पिँधमा नै बस्यो भने अझै फिट्नुपर्छ । पीठो बनाउँदा झाँझरबाट झर्ने खालको बाक्लो हुनुपर्छ । अब एउटा कराहीमा घिउ तताउने । यो तातेको घिउमा एउटा झाँझर लिएर अघि फिटेको बेसनलाई विस्तारै हाल्दै जाने । तातेको घिउमा झरेका बेसनका थोपाहरू घिउमाथि उत्रनुपर्छ । चास्नी बनाउँदा पानी र चिनीको मात्रा बराबर हुनुपर्छ । कराहीमा फ्राइ गरेका बेसनका दाना केही कडा भएपछि चास्नी हाल्ने । यी दाना चास्नीमा राम्रोसँग डुबेपछि झँझरले झिक्ने र सर्भ गर्ने ।

*नोट : गाढा पहेंलो बनाउन चास्नीमा खान हुने केशर हाल्न सकिन्छ ।*

## पारिवारिक स्वास्थ्य




गर्मी मौसमसँगै लामखट्टेको पनि वृद्धि हुन्छ । हुनत लामखुट्टे विभिन्न जातका हुन्छन् तर तराई क्षेत्रमा खासगरी एनाफ्लेस तथा क्युलेक्स जातका लामुखुट्टे बढी पाइन्छन् । तापक्रम बढेका कारणले गर्दा हाल उपत्यकामा पनि लामखुट्टेको प्रभाव बढ्दो छ ।

एनाफ्लेज जातको लामखुट्टेले सार्न सक्ने प्रमुख रोग 'मलेरिया' हो । प्लाजमोडियमका विभिन्न जातले गराउने मलेरियालाई औलो पनि भन्ने चलन छ । पाँच-छ दशकअघि पूर्वी तथा मध्य तराईमा परिचित यो रोग अहिलेसम्म पनि पूर्ण रूपले उन्मूलन भैसकेको छैन । औलो ज्वरो अर्थात् मलेरिया रोकथाम तथा उपचार गर्न सकिने रोग हो तर पनि प्रत्येक वर्ष विश्वमा दसौं लाख मानिस मलेरियाकै कारण मर्छन् । जाडो भएर काम ज्वरो आउनु, टाउको दुख्नु, जिउ थकित हुनु आदि मलेरियाका साधारण लक्षण हुन् । कसैकसैलाई जन्डिस तथा मृगौलाको खराबी पनि देखिन सक्छ ।

क्युलेक्स जातका लामखुट्टेले सार्न सक्ने प्रमुख रोग जापानिज इन्सेफेलाइटिस, नाइल फिवर तथा भाइरल आरर्थाइटिस हुन् । हाम्रो देशको पश्चिम तराईमा प्रत्येक वर्ष जापानी इन्सेफ्लाइटिसको महामारी फैलन्छ । उपत्यकामा हालसम्म नदेखिएको यो रोग भविष्यमा पनि कहिल्यै देखिदैन भन्न सकिदैन । 'फ्लामि भाइरस' ले गर्ने जापानिज इन्सेफेलाटिसले मुख्यत: बालबालिकालाई असर गर्छ । ज्वरो आउनु, वान्ता हुनु, खानामा रुचि घट्नु, टाउको दुख्नु, थकित महसुस गर्नु यो रोगका प्रमुख लक्षण हुन् ।

'एडिज' जातको लामखुट्टेले सार्ने प्रमुख रोग डेगी र चिकुन्गुन्या हो । केही महिनाअघि डेंगीको महामारीले छिमेकी मुलुकमा भयावह स्थिति सिर्जना गरे पनि हाम्रो देशमा खासै प्रभाव पार्न सकेन तर सधैं अवस्था राम्रो हुन्छ भन्ने छैन ।



डा. बालकृष्ण शाह

लामखुट्टेले सार्न सक्ने अन्य धेरै रोग छन् । हालै ललितपुरमा 'होप' कलेजका विद्यार्थीहरूले गरेको सर्वेक्षणमा, ललितपुरमा पनि हात्तीपाइले रोगी भेटिएको देखियो । हात्तीपाइले रोग पनि लामखुट्टेले सार्ने रोग हो ।

**के लामखुट्टेले सार्ने रोगहरूको उपचार छैन ?**

लामुखट्टेले आफैं रोग लगाउने होइन । यसले एक व्यक्तिबाट अर्को व्यक्तिमा रोग सार्ने माध्यमको काम गर्छ । विभिन्न रोगका जीवाणु लामखुट्टेको शरीरबाट वृद्धि हुन्छन् र अर्को स्वस्थ व्यक्तिमा असर गर्छन् । यस्ता रोगको उपचार हुनु वा नहुनुमा रोगका जीवाणु र बिरामीको अवस्थामा भर पर्छ तर कुनै रोग लागेर उपचार गर्नुभन्दा सस्तो, भरपर्दो र राम्रो उक्त रोगबाट बच्नु नै हो । त्यसैले लामखुट्टेको टोकाइबाट बच्नु आफैमा धेरै रोगहरूबाट बच्नु हो ।

लामखुट्टेको टोकाइबाट बच्न कोठामा म्याट वा धूप बालेर मात्र पुग्दैन, लामखुट्टेको वृद्धि रोक्न घर वरिपरिका खाल्टाखुल्टी पुर्नु तथा वातावरण सरसफाइमा ध्यान पुऱ्याउनुपर्ने हुन्छ, साथै सहरको सफाइका लागि सामूहिकरूपमै विशेष पहल गर्नुपर्छ । रोग लागेपछि विशेष स्वास्थ्य टोली तयार गर्ने राज्यले पनि यो कुरालाई समयमै बुझ्नु राम्रो हुन्छ ।

## जानकारी

### स्वस्थ र सुन्दर बन्ने केही उपाय

- भिटामिन 'ई' को क्याप्सुललाई खोलेर भित्रबाट त्यसको पाउडर झिक्ने । उक्त पाउडरमा मह र अन्डाको सेतो भागलाई मिसाउने, अब यो लेदोलाई आँखा वरिपरि कालो घेरा भएको ठाउँमा लगाउने । एकछिनपछि पानीले पखाल्ने । यो उपाय आँखाको कालो घेरा नहटुन्जेल अवलम्बन गरिरहनुपर्छ ।
- श्वास गन्हाएको छ भने मेथी पानी पकाएर सेवन गर्दा मुखको दुर्गन्ध हट्नुका साथै घाँटी र पेटको विकार कम हुन्छ ।
- छाती तथा घाँटीमा कफ जमेको छ भने मनतातो पानीमा हिङ फिटेर वाफ लिने, कफ बाहिर निस्कन्छ ।
- बालबालिकाहरूलाई सर्दीले सताए शुद्ध मह, अदुवाको रस एवं तुलसीको पातको रस मिसाई आवश्यकताअनुसार ख्वाउने ।
- रुघाखोकी लाग्दा ल्वाङको तेलमा सख्खर मिसाई खाँदा आराम हुन्छ ।
- दूधे शिशुले हरियो दिसा गरे थोरै हिङ पोलेर आमाको दूधसँग फिटेर ख्वाउँदा फाइदा हुन्छ ।

**– सन्तोष भुजेल**





गत साता इङ्ल्यान्ड फुटबल टिमका खेलाडीहरू एकाएक चर्चामा आए। त्यस्तो चर्चा कुनै प्रतियोगितामा सफलता पाएका कारणले नभै केही खेलाडी विवाह-बन्धनमा बाँधिएका कारणले भएको थियो। इङ्ल्यान्ड फुटबल टिमका खेलाडीहरू प्रेमिका तथा श्रीमतीका कारण चर्चामा आइरहने हुनाले उनीहरूका प्रेमिका तथा श्रीमतीलाई 'वेज' (वाइफ एन्ड गर्लफ्रेन्ड) को संज्ञा दिने गरिएको छ। गत साता केही खेलाडीले विवाह गरेपछि चर्चामा आएको इङ्ल्यान्डको फुटबल ती विवाह समारोहमा सहभागी पाहुनाका कारण थप चर्चामा आयो। यस क्रममा चेल्सी र इङ्ल्यान्ड फुटबल टिमका कप्तान जोन टेरी प्रेमिका टोनी पोलसँग विवाह-बन्धनमा बाँधिए। बेलायतका चर्चित पूर्व-प्रधानमन्त्री विस्टन चर्चिलको गृहनगरमा भएको विवाह समारोहलाई स्थानीय सञ्चारमाध्यमहरूले विशेष प्राथमिकता दिएका थिए। १० लाख पाउन्ड अर्थात् १२ करोड ८० लाख खर्च गरिएको उक्त विवाहलाई सस्तो विवाह समारोहको संज्ञा दिइएको थियो। सन पत्रिकाले टेरीको विवाहलाई भन्दा उक्त विवाह समारोहमा उपस्थित रूसी व्यापारी रोमान अब्रामोभिच तथा उनकी नयाँ प्रेमिका डारिया म्याक्लारेनलाई महत्त्व दिएको थियो। म्यानचेस्टर युनाइटेडका गेरी नेभिल पनि आफ्नी प्रेमिका इम्मा हाडफिल्डसँग विवाह-बन्धनमा बाँधिए। विवाह समारोहमा इङ्ल्यान्डका चर्चित खेलाडीहरूले खासै सहभागिता जनाएनन्। यो विवाहमा नेभिलका घनिष्ठ मित्र डेविड बेकह्याम दम्पती उपस्थित हुन सकेनन्, तर वायन रुनी भने आफ्नी प्रेमिका ब्रायन रोब्सनसहित सन् १९७० ताकाको चर्चित फेसन स्टाइलमा उपस्थित भए। लिभरपुलका अर्का स्ट्राइकर स्टेभन गेरार्ड नङ प्राविधिक (नेल टेक्निसियन) एलेक्स कुरानसँग विवाह गरेर लन्डनको क्लिभल्यान्ड होटलमा विवाह भोज सम्पन्न गरे। उक्त विवाह भोजमा माइकल ओवनदेखि पिटर क्रोच, रियो फर्निनान्डोदेखि एस्ले कोलसम्मको सहभागिता थियो। स्टेभनले आफ्नो विवाह समारोहको तस्बिरको सर्वाधिकार १० करोड २४ लाख रुपैयाँमा बिक्री गरेका थिए। म्यानचेस्टरका मिडफिल्डर माइकल क्यारिकले बालसखी लिसा रोगहेडसँग विवाह गरेर स्टेपल फोर्ड पार्क होटलमा भोज दिए। उक्त विवाह समारोहमा ज्या कोलदेखि रोबिन केनसम्मको उपस्थिति थियो।







# खेलाडीमा विवाहको लहर



# विशेष खेलकुदमा काठमाडौं विजयी

**साप्ताहिक समाचार**

काठमाडौं- अपाङ्ग खेलाडीहरू सहभागी भएको १२ औं विद्यालयस्तरीय राष्ट्रिय विशेष खेलकुद प्रतियोगिताअन्तर्गत फुटबलको फाइनल खेलमा बहिरा बालक स्कुल, नक्सालले सिर्जना बहिरा उच्च मा.वि., कास्कीलाई १ का विरुद्ध ४ गोलले पराजित गरी उपाधि हात पार्‍यो। सुस्तमनस्थितितर्फको फुटबलको फाइनलमा बालकुमारी सुस्तमनस्थिति विद्यालय चितवनले निर्मल बालविकास विद्यालयलाई पराजित गर्दै उपाधि हात पारेको छ।

राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा सम्पन्न १२ औं विद्यालयस्तरीय राष्ट्रिय विशेष खेलकुद प्रतियोगितामा दृष्टिविहीन, अपाङ्ग, सुस्त श्रवण तथा सुस्तमनस्थिति भएका विद्यार्थी पढ्ने विद्यालयहरूले सहभागिता गरेका थिए। 'सबैका लागि खेलकुद' नाराका साथ तीन दिन चलेको उक्त प्रतियोगितामा सुस्त श्रवणतर्फ उपत्यकाका २ र उपत्यका बाहिरका ६ गरी ८, अपाङ्गतर्फ उपत्यकाका २ र उपत्यका बाहिरका ७ गरी ९, दृष्टिविहीन तर्फ उपत्यकाका ३ र उपत्यका बाहिरका १३ गरी १६ तथा सुस्तमनस्थितितर्फ उपत्यकाका १४ र उपत्यकाबाहिरका १६ गरी ३० विद्यालयले सहभागिता गरेका थिए।

५ सयभन्दा बढी खेलाडीले सहभागिता गरेको उक्त प्रतियोगितामा एथलेटिक्सतर्फ ५० मिटर, १ सय मिटर, २ सय, ४ सय, ४ गुणा १ सय मिटर रिले दौडसहित सफ्टबल थ्रो, सटपुट, ज्याभलिङ थ्रो, रनिङ लङजम्प, स्ट्यान्डिङ लङजम्प, हाइजम्प तथा ह्विल चेयर दौड प्रतियोगिताहरू सम्पन्न गरिएका थिए। त्यसैगरी सुस्त श्रवण र सुस्त मनस्थिति भएका खेलाडीहरूबीच फुटबल प्रतियोगितासमेत आयोजित गरिएको थियो।

अपाङ्गतर्फ १ सय मिटर ह्विलचेयरमा गोरखबहादुर बूढाले पहिलो स्थान हासिल गरे भने सुस्तमनस्थितितर्फ छात्राको दौडमा सन्तोषी धमलाले पहिलो स्थान हासिल गरिन्। दृष्टिविहीन खेलाडीमा १३ वर्षमाथिको प्रतियोगिताको लङजम्पको पुरुषतर्फ शेरबहादुर आले र महिलातर्फ सुशीला थापाले पहिलो स्थान हासिल गरे। दृष्टिविहीनतर्फको छात्रा लङजम्पमा राधा कुमाल तथा हाइजम्पमा चिर कुँवरले पहिलो स्थान हासिल गरे।



# सहिदहरूको सम्झनामा फुटबल

हेटौंडा– जनआन्दोलन भाग- २ मा वीरगति प्राप्त गरेका सहिदहरूको सम्झनामा यहाँ असार २५ गतेदेखि राष्ट्रिय फुटबल प्रतियोगिता हुने भएको छ। प्रतियोगिता मूल आयोजक समितिले आइतबार हेटौंडामा गरेको पत्रकार सम्मेलनमा अखिल नेपाल फुटबल संघका अध्यक्ष गणेश थापाले प्रतियोगितामा सहयोग सबैसँग पुर्‍याउन आग्रह गरे।

प्रतियोगितामा मुलुकभरका १२ देखि १४ वटा ए डिभिजनका टिमको सहभागिता रहने मूल समितिका अध्यक्ष हरिबहादुर महतले जानकारी दिए। साउन ५ गतेसम्म चल्ने प्रतियोगितामा १५ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ भने पहिलो हुने टिमलाई १ लाख रुपैयाँ तथा दोस्रो हुने टिमलाई ५० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ। प्रतियोगितामा महेन्द्र पुलिस क्लब, नबिल थ्री-स्टार, एनआरटी, सामसुङ जावलाखेल, सहारा क्लब पोखरा, रूपन्देही- ११, फ्रेन्ड्स क्लब, ज्ञानेन्द्र एपीएफ, ब्वाइज युनियन क्लब, वीरगन्ज युथ एकेडेमी, आयोजक- ११ तथा टेम्के क्लब धरान एक-आपसमा भिड्नेछन्।

# पोखरामा चेस



पोखरा- खेलकुदमा थुप्रै खालका प्रतियोगिता हुँदै आए पनि पोखरामा चेस प्रतियोगिता भने विरलै हुन्छन्, तर यस पटक पोखरामा बिल्कुलै नयाँ चेस प्रतियोगिता आयोजित भयो। साताव्यापी उक्त प्रतियोगितामा गौतम वान्तबा प्रथम भए। सात चरणमा विभाजित प्रतिस्पर्धामा उनले ६ अंक प्राप्त गरेका थिए। जेठ २९ सुरु भएको प्रतियोगिता असार ३ गते सकिएको थियो।

पोखरामा अन्तर्राष्ट्रिय नियमअनुसार बृहत् रूपमा खेलाइएको यो पहिलो चेस प्रतियोगिता हो, -कार्यक्रम संयोजक सञ्जीवराज न्यौपानेले बताए।

स्वीस लिगका आधारमा खेलाइएको उक्त प्रतियोगितामा रामचन्द्र पुन द्वितीय, रविन पुन तृतीय तथा रामकृष्ण केसी चौथो भएका थिए। नौलो घुम्ती नेपालको एकीकृत सेवा र सामाजिक पुनर्स्थापना केन्द्रले संयुक्त रूपमा गरेको प्रतियोगितामा पोखरा चेस कल्बका प्रकाशजंग शाह, श्यामसुन्दर ताम्राकार र राम क्षेत्रीले अर्बिटरको भूमिका निर्वाह गरेका थिए। प्रतियोगितामा ३० जना चेस खेलाडीले भाग लिएका थिए। विजयी खेलाडीहरूलाई नौलो घुम्ती नेपालकी अध्यक्ष इन्दिरा बरालले पुरस्कार तथा ट्रफी वितरण गरेकी थिइन्।

# खेलकुद विकास समितिमा छानबिन

सिरहा– जिल्ला खेलकुद विकास समिति, सिरहामा भएका भ्रष्टाचारको छानबिन गरी दोषी देखिएकालाई कारबाही गर्ने नवगठित कार्यसमितिले जनाएको छ। समितिका नवनियुक्त अध्यक्ष सत्यनारायण यादवले २०५७ देखि २०६३ सालसम्म खेलकुद विकासका लागि आएको रकममा व्यापक अनियमितता भएको देखिएकाले त्यसको छानबिन सुरु गरिने बताउनुभयो।

वि.सं. २०६१ मा सिरहाका तत्कालीन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समितिले लाहान नगरपालिका बलान खोलानजिक रहेको समितिको सात बिघा ५ कठ्ठा १७ धुर जग्गा एक कम्पनीलाई वार्षिक १ लाख १ हजार रुपैयाँमा भाडामा दिएर व्यापक अनियमितता गरेको नवगठित समितिले जनाएको छ।

जिल्लामा खेलकुद गतिविधि सञ्चालन गर्न र खेलकुद विकासका लागि नवगठित सो समितिले जिविस सिरहाबाट यस वर्ष २५ लाख र खेलकुद परिषद्बाट ५० लाख आर्थिक सहयोग माग गरेको छ। विगत १० वर्षदेखि निष्क्रिय रहेको जिल्ला खेलकुद विकास समिति सिरहामा खेलकुद गतिविधि सञ्चालन गर्न विकास तथा प्रशासनिक खर्चका लागि १ करोड ४१ लाख बजेटको आवश्यकता पर्नेछ। समितिले खेलकुद विकासका लागि जिल्लाको मखनाहामा शङ्कर रङ्गशाला निर्माण गर्ने, खेलकुदलाई ग्रामीणमुखी बनाई ओझेलमा परेका खेलाडीलाई अगाडि ल्याउने, अगुवा प्रशिक्षकको व्यवस्था गरी दक्ष खेलाडीहरू उत्पादन गर्ने, खेलकुद विकास समितिको जीर्ण रहेको कार्यालयको मर्मत-सम्भार गर्ने कुरालाई प्राथमिकता दिने जानकारी अध्यक्ष यादवले दिनुभयो।

# हिमालयनलाई गोल्डकप

बुटवल- बुटवलमा सञ्चालित प्रथम राष्ट्रिय सयपत्री गोल्डकप फुटबल प्रतियोगिताको उपाधि काठमाडौंको हिमालयन शेर्पा युथ क्लबले हात पारेको छ। मानविज्ञान मा.वि., रामनगरको खेलमैदानमा सम्पन्न प्रतिस्पर्धात्मक फाइनलमा हिमालयन शेर्पाले लालबन्दी स्पोर्ट्स क्लब सर्लाहीलाई टाइब्रेकरका आधारमा ४-२ को अन्तरले हराउँदै गोल्डकपमाथि कब्जा जमाएको हो। निर्धारित ९० मिनेट र थप १५ मिनेटमा पनि कुनै गोल नभएपछि खेल टाइब्रेकरमा पुगेको थियो। हिमालयनका लागि सुनील सुवेदी, लोकबन्धु गुरुङ, उत्सव केसी र रत्नमान डंगोलले गोल गरेका थिए भने मणि पण्डितको प्रहारलाई लालबन्दीका गोलरक्षक संगीत रजकले बचाएका थिए। उता लालबन्दीका तर्फबाट राजकुमार घिसिङ र शिशिर अधिकारीले मात्रै गोल गरेका थिए भने भरत खवास र नूरराज काफ्लेको प्रहारलाई हिमालयनका गोलरक्षक दीपक डंगोलले बचाएका थिए।



६ वर्षदेखि स्थगित तिलोत्तमा गोल्ड कपपछि सर्वाधिक पुरस्कार राशिसहित आयोजित प्रतियोगिताको उपाधि विजेता हिमालयन शेर्पाले गोल्डकपसँगै ५० हजार रुपैयाँ तथा उपविजेता लालबन्दी स्पोर्ट्स क्लबले २५ हजार नगद प्राप्त गरे। जिल्लाका ५ तथा सहारा क्लब पोखरा, जिल्ला फुटबल संघ नवलपरासी तथा जिल्ला फुटबल संघ चितवनसहित १० टिमको सहभागिता रहेको प्रतियोगितामा सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट खेलाडी तीनै जना हिमालयन शेर्पाका क्रमशः सुनील सुवेदी (४गोल), दीपक डंगोल र लोकबन्धु गुरुङ घोषित भए भने उदियमान टिमका रूपमा भैरहवाको अमरज्योति युवा क्लबलाई पुरस्कृत गरियो। सयपत्री युवा क्लबको आयोजनामा सञ्चालित यो प्रतियोगिता प्रतियोगिता जेठ २४ गतेदेखि असार २ सम्म चलेको थियो।

# शरदको सफलताको कथा खोज्दै

■ मुकुन्द बोगटी





बाल्यकालमा साथीहरू जम्मा पारेर घरको झ्यालको सिसा फुट्नेगरी क्रिकेट खेल्न मन पराउने छोराले हालै १९ वर्षमुनिको राष्ट्रिय प्रतियोगितामा कप्तानका रूपमा सफलता पाउँदा आमा हिमाली खड्का भेषवाकरको हर्षको सीमा छैन । छोराको सफलताका बारेमा सञ्चारमाध्यममा आएका तस्बिर र समाचारले उनको मन पुलकित भएको हो । शरदको सफलताको कथा खोज्दै साप्ताहिक संवाददाता उनको घर-आँगनमा पुग्दा आमा हिमाली थप खुसी हुँदै भन्दै थिइन्- 'यसरी घरमै भेट्न आउनुहोला भनेर सोचेकी पनि थिइनँ ।'

शरदका दाजु पनि क्रिकेटका सौखिन थिए । उनले पनि केही मैत्रीपूर्ण खेलमा आफ्नो सहभागिता जनाए । अहिले उनी इलेक्ट्रोनिक इन्जिनियर छन् र कामको सिलसिलामा भारतको मुम्बईमा बस्छन् तर शरद भने नेपाली क्रिकेटका महत्त्वपूर्ण खेलाडीका रूपमा स्थापित भएका छन् । विभिन्न उमेर समूहमा सहभागिता गर्दै राष्ट्रिय टिममा समेत आफ्नो उपस्थितिलाई महत्त्वपूर्ण बनाइसकेका शरद हाँस्दै भन्छन्- मैले त राष्ट्रिय प्रतियोगिताभन्दा अन्तर्राष्ट्रिय प्रतियोगिता बढी खेलिसकें । छोराको सफलतालाई आफ्नो गौरव मान्दै हिमाली भन्छिन्- मैले दुवै छोरालाई इच्छाअनुसार काम गर्ने स्वतन्त्रता दिएँ तर उनीहरूको कामको निरीक्षण भने गरें । दुवै छोराले नाम र इज्जत कमाउन् जस्तो लागेको थियो । त्यो अहिले बिस्तारै पूरा भैरहेको छ ।

परिवारिक वातावरणमा क्रिकेटको क्रेज रहेका कारण शरदले पनि क्रिकेट मन पराएका हुन्छन् । हिमाली भन्छिन्- उनका बुबा पनि क्रिकेटका सौखिन थिए । म्याच भयो कि परिवारका सदस्यहरू टेलिभिजनमा झुम्मिहाल्थे । क्रिकेटका कतिपय म्याच हेर्न आफूले सन्चो नभएको बहाना बनाएर विद्यालय नगएको घटना सुनाउँदै शरद भन्छन्- क्रिकेटका कतिपय कुरा मैले टेलिभिजन हेरेरै सिकें । त्यो पनि भारतीय खेलाडीहरूको खेल हेरेर, किनकि हामीकहाँ भारतीय क्रिकेटको प्रभाव बढी छ । मलाई सचिन तेन्दुलकरको ब्याटिङले खुबै आकर्षित गर्थ्यो, म पनि त्यस्तै हुन पाए हुन्थ्यो भन्ने कल्पना पनि गर्थें । मेरो यो इच्छालाई गुरु अरुण अर्यालले प्रारम्भिक चरणको प्रशिक्षण दिएर निखारे तर पछि मैले आफूलाई ब्याट्सम्यानमा मात्र सीमित गर्नु हुँदैन भन्ने सोचें । एउटा टिमलाई चाहिने सबै गुण खेलाडीमा हुनुपर्छ भनेर आफूलाई अलराउन्डरमा परिणत गरें, मलाई म नेपाली क्रिकेटमा एउटा राम्रो फास्ट पेस बलरका रूपमा स्थापित हुन्छु भन्ने आशा थियो ।


छोराले क्रिकेटमा जत्तिकै ध्यान पढाइमा पनि देओस् जसका कारण ऊ भविष्यमा कुनै पनि क्षेत्रमा उभिन सकोस् भन्ने आकांक्षा हिमालीको थियो । उनी अहिले छोराले पढ्दै क्रिकेट खेलेको देखेर खुसी छिन् । नेपाली क्रिकेटमा लागेर भविष्य सुनिश्चित हुन्छ भन्ने आधार अझै बनिसकेको छैन तर स्थिति विगतको भन्दा राम्रो हुँदै गएको छ । यदि राम्रो पढ्न सकियो भने अरू काम पनि गर्न सकिन्छ । क्रिकेटमा पाएको सफलताकै कारण शरदलाई हिमालयन ह्वाइट हाउस कलेजले छात्रवृत्तिसमेत दिएको छ । शरद भन्छन्- हामीले वरिष्ठ खेलाडीबाट खेलसँगै पढाइ पनि निरन्तरता दिनुपर्छ भन्ने कुरा सिक्यौं । अहिले पनि वरिष्ठ खेलाडीहरूसँग क्रिकेटको विषयमा छलफल भयो भने पढाइको विषयमा पनि सोधपुछ हुन्छ ।

शाकाहारी परिकार रुचाउने शरदको इच्छाअनुसार खाना बनाउन आमा हिमाली बाध्य हुन्छिन् । हाम्रो खानामा भातको प्रयोग कमै हुन्छ । शरदले के खान्छु भन्छ, म त्यही बनाइदिन्छु । खेलाडी भएका कारण शरदले शरीरलाई फाइदा गर्ने किसिमका खानेकुरा खानुपर्छ । फेरि क्रिकेट अरू खेलजस्तो पनि होइन, थोरैमा पनि लगातार ६ घन्टा खेल्नुपर्छ । त्यही भएर शरद हरियो सागपात, फलफूल तथा दूध/दही बढी रुचाउँछन् । मासु पनि खान्छन् तर त्यस्तो खाउँखाउँजस्तो गर्दैनन् । कहिलेकाहीं उसलाई केही खान मन लाग्यो भने आफै बनाउन पनि तम्सिन्छन् ।

छोराको क्रिकेटप्रतिको लगाव देखेर आमा हिमाली कहिलेकाहीं मैदानमै छोराको हौसला बढाउन पुग्छिन् । हिमाली भन्छिन्- क्रिकेट त म पनि बुझ्छु । शरदले चौका/छक्का हिर्कायो भने कराउँछु । शरदलाई पनि म क्रिकेट हेर्न आएको थाहा हुन्छ । शरदले हामीलाई देखोस् भनेर हात हल्लाउँछु । अहिले नेपाली क्रिकेट कहिलेकाहीं टेलिभिजनमा पनि आउने हुनाले घरमै बसेर पनि हेर्छु । शरद आफ्नो प्रतिद्वन्द्वी टिमलाई सधैं कमजोर सम्झन्छन् तर उनी प्रतिद्वन्द्वीलाई कमजोर मानेर लापरबाही भने गर्दैनन् । शरद भन्छन्- मैदानमा गएपछि जुनसुकै टिमलाई पनि हराउँछु भन्ने आत्मविश्वास ममा जाग्छ ।

टिम स्पिरिटको भावनामा खेल्ने हुनाले शरद आफ्नो फुर्सद पनि साथीभाइहरूसँगै बिताउन रुचाउँछन् । साथीभाइसँग नहुँदा उनी टेलिभिजनमा आउने कुनै पनि तहको क्रिकेट प्रतिस्पर्धा हेर्छन् । खेलाडी भएका कारण पनि होला, शरद स्पोर्ट्स वेयरमै रहन मन पराउँछन् । शरदलाई मनपर्ने ब्रान्ड रिबोक हो तर पनि कार्यक्रमअनुसार शरद आफ्नो ड्रेसअपमा परिवर्तन ल्याउँछन् ।

## ५ प्रश्न



*सुरेशकुमार दुलाल, चर्चित साइकलचालक । गत महिना रसुवामा सम्पन्न प्रथम लाङटाङ क्षेत्रीय साइकल रेसका विजेता तथा सिक्किममा सम्पन्न कञ्जनजंगा साइकल दौड प्रतियोगितामा उपविजयी ।*

**अविहित नै हुनुहुन्छ । एक्लै जीवन बिताउने हो कि क्या हो ?**

अहिले २८ वर्षको भएँ । बल्ल यस विषयमा सोच्दै छु । राम्री केटी पाए विवाह गरिहाल्ने हो ।

**यो उमेरसम्म प्रेममा त पर्नुभएनछ ?**

दुई-चार जनासँग प्रेम थियो, तर कसैसँग पनि दिगो सम्बन्ध रहेन । अबचाहिँ घरजम गर्ने खालकी राम्री युवतीको खोजीमा छु ।

**साइकल चलाएर पैसा त खुब कमाइयो नि ?**

ठीकै, समय-समयमा अलिकति पैसा पाइन्छ । रसुवामा २५ हजार पाइयो । सिक्किममा नजिते पनि २० हजार भा.रु. पाएँ । फाट्टफुट्ट हुने प्रतियोगिताले जीवनयापनमा सहयोग नै गरेको छ ।

**साइकल मात्र चलाएर जीविका चल्छ त ?**

त्यो त चल्दैन । अरू काम पनि गर्नुपर्छ, तर बिहान अफिस आउनुअघि साइकल चलाएर अभ्यास गर्दा प्रतियोगितामा राम्रो गरिँदो रहेछ । दुवैतिरको आम्दानीले राम्रै भैरहेको छ ।

**अबको लक्ष्य ?**

एकपटक एसियाडमा खेल्ने लक्ष्य छ । साइकिलिङ संघ तथा राष्ट्रिय खेलकुद परिषद्को भूमिका सकारात्मक भए त्यो उद्देश्य पनि पूरा हुन्छ ।

# आजदेखि राष्ट्रिय भारोत्तोलन

**साप्ताहिक समाचार**

काठमाडौं- नेपाल भारोत्तोलन संघले आज शुक्रबारदेखि तेस्रो महिला तथा १८ औं पुरुष राष्ट्रिय भारोत्तोलन प्रतियोगिता आयोजना गरिरहेको छ । झापा, मोरङ, सप्तरी, सिराहा, सुनसरी, धनुषा, पर्सा, चितवन, बाग्लुङ, रुपन्देही, काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर, दाङ, बाँके, कैलाली, कञ्चनपुर तथा कास्कीका खेलाडीहरूले सहभागिता रहेको यो प्रतियोगितामा नेपाल प्रहरी एवं सेनाका खेलाडीहरूले पनि प्रतिस्पर्धा गरिरहेका छन् ।

असार १० गतेसम्म चल्ने प्रतियोगितामा महिलातर्फ ७ तथा पुरुषतर्फ ८ स्पर्धा हुने कुरा भारोत्तोलन पूर्व प्रशिक्षक एवं राष्ट्रिय खेलकुद परिषद्का कार्यक्रम प्रमुख पार्थसारथी सेनगुप्ताले बताए ।

महिला तथा पुरुष गरी १ सय ३० जना खेलाडीहरूको सहभागिता रहेको यो प्रतियोगितामा महिला तथा पुरुष खेलाडीहरूलाई 'वेट लिफ्टर अफ दि इयर' एवं 'स्ट्रङ्गेष्ट म्यान/वुमेन अफ दि इयर' को उपाधि प्रदान गरिनेछ ।

आगामी ११ औं साग प्रतियोगिताका लागि खेलाडीहरूको प्रारम्भिक छनौट गर्नुका साथै राष्ट्रिय खेलकुद परिषद्ले घोषणा गरेको 'भिजन २०२०' को तयारीका लागि प्रतियोगिता आयोजना गर्न लागिएको सेनगुप्ताले बताए । यो प्रतियोगिताका क्रममा ओलम्पिक, साग तथा एसियाली प्रतियोगितामा सहभागिता गरेका खेलाडीहरूलाई सम्मान पनि गरिनेछ ।

